


• वर्ष १५ • अंक ९ • काठमाडौं, शुक्रबार, असार २६, २०६६ • **SAPTAHIK** • Nepali National Weekly • Friday, July 10 , 2009



# साथीको मन जित्न

• प्रदीप मेन्याङ्बो

पृष्ठ ६




+ २ शिक्षा विशेष सामाग्रीहरु

**दंग कलाकारहरु**

पृष्ठ १२

**फेडेररको ऐतिहासिक सफलता**

पृष्ठ ३०



मध्यपृष्ठमा **अनुष्का ढकाल**

## रंगमञ्च

### गुरुकुलमा इडिपस

करिब २ हजार ५ सय वर्ष पुरानो ग्रीक नाटक 'इडिपस'लाई आरोहण गुरुकुलले मञ्चन गरिरहेको छ। सोफोक्लिजले लेखेको यो नाटकको अनुवाद एवं निर्देशन सुनिल पोखरेलले गरेका हुन्। गत शनिबारदेखि नियमित प्रदर्शन थालिएको यो नाटकमा सौगात मल्ल, अरुण कार्की, विष्णुभक्त फुयाँल, राजकुमार पुडासैनी, रामहरि ढकाल आदि कलाकारले अभिनय गरेका छन्।

### एकांकी नाटक प्रतियोगिता

गत साता राजधानीमा सम्पन्न एकांकी नाटक प्रतियोगितामा लिटिल एन्जल्स स्कुलका विद्यार्थीहरूले मञ्चन गरेको 'समय चेतना' उत्कृष्ट घोषित भएको छ। शिक्षा मन्त्रालयले हरेक वर्ष आयोजना गर्दै आएको उपत्यकाव्यापी नाटक प्रतियोगितामा यसपटक ५० वटा विद्यालयले भाग लिएका थिए। बद्री पंगेनीद्वारा लिखित 'समय चेतना' विद्यार्थीहरूको एलएक थिएटर क्लबका निम्ति कृष्ण शाहको निर्देशनमा मञ्चन गरिएको थियो। बालअपहरण श्रृंखलाले उत्पन्न गरेको त्रास समेटिएको उक्त नाटकमा राजन थापा, विनिता खत्री, एलिना आचार्य, मनीष गौतम, दीक्षा सुब्बा, उरुषा श्रेष्ठ, सुशीलचन्द बोहोरा, नीतिशा कार्की, करण पन्त, आशुतोष भेटवाल, दिवस पौडेल आदिले अभिनय गरेका थिए। उपत्यकाका तीनवटै जिल्ला समेटेर आयोजित प्रतियोगितामा सहभागी करिब ५० विद्यालयका नाटकमध्ये अन्तिम चरणका लागि छवटा नाटक छनौट गरिएको थियो। प्रतिस्पर्धामा ईपीएस स्कुलको नाटक 'हल्ला' दोस्रो तथा भ्याली भ्यु स्कुलको नाटक 'बेली' ले तेस्रो स्थान हासिल गरे।

## ग्यालरी

### भित्ताभरि बंगलादेश

यसपालि नेपाल आर्ट काउन्सिलका भित्ताहरू बंगलादेशको प्रकृतिक सुन्दरताले रंगिए। ११ जना बंगाली फोटो पत्रकारको शिल्प त्यहाँ सजिएको थियो। गत शुक्रबारदेखि तीन दिनसम्म चलेको प्रदर्शनीमा एकेएम मोहसिन, नुरुद्दिन अहमद, साफिडसद्दन बिटु, खालिद हैदर, भनिसुर रहमान आदि फोटो पत्रकारले खिचेका तस्बिरहरू सजाइएको थियो। प्रदर्शनी राष्ट्रिय फोटो पत्रकार समूह तथा बंगलादेश फोटो पत्रकार संघको संयुक्त आयोजनामा भएको हो।

### बज्राचार्यका चित्रकला

कलाकार सरोज बज्राचार्यले तयार पारेका चित्रहरूको प्रदर्शनी 'इनसाइड इज आउटसाइड' गत शुक्रबार राजधानीमा प्रारम्भ भयो। दरबारमार्गस्थित आर्ट सप ग्यालरीमा चलिरहेको बज्राचार्यको चित्र प्रदर्शनी आगामी शुक्रबारसम्म जारी रहनेछ। प्रदर्शनीमा १५ वटा चित्र समावेश गरिएको कलाकार बज्राचार्यले बताएका छन्।

### जापानमा नेपाली चित्रकला

कलाकार सुषमा राजभण्डारीका चित्रहरू यतिबेला जापानमा प्रदर्शन भैरहेका छन्। असारको तेस्रो सातादेखि जापानको होकाइदो सहरमा उनका चित्र प्रदर्शन भैरहेका हुन्। यो उनको नवौं एकल चित्रकला प्रदर्शनी हो। प्रदर्शनीमा न्यू कन्सेप्ट अफ गडअन्तर्गत सिरिज अफ गणेश तथा आँखाहरूले ग्यालरी सजाइएको छ। प्रदर्शनी जापानका विशिष्ट व्यक्तिहरूले समेत अवलोकन गरेको बताइएको छ।

### अवधी चित्रकला

विगत केही वर्षदेखि मिथिलाकलाको क्षेत्रमा कार्यरत प्रतीक रायमाझी अहिले अवधी लोकचित्रकलाको अध्ययन, अनुसन्धान, विकास तथा विस्तार अभियानमा जुटेका छन्। अभियानअन्तर्गत कलाकार रायमाझीले अवधवासीलाई अवधी लोकचित्रकलासम्बन्धी प्रशिक्षण दिंदैछन्। आगामी साउनको पहिलो साता प्रारम्भ हुने प्रशिक्षण नवलपरासी, रूपन्देही, कपिलवस्तु र बाँकेमा केन्द्रित हुनेछ। अवधी कलालाई अवधवासीहरूले विवाह, पूजाजस्ता शुभकार्यमा उपयोग गर्दै आएका छन्। यसलाई क्यानभास, कपडा, काठ, माटो तथा धातुका भाँडामा उतार्न लगाइनेछ। अवधी कलाको अनुबन्धनका लागि केहीअघि कपिलवस्तुको तौलिहवा पुगेका कलाकार रायमाझीले अवधी लोकचित्रकलाको व्यावसायिक प्रशिक्षणका लागि लिइएको परीक्षामा ३७ जना उत्तीर्ण भएको बताएका छन्।

## पुस्तक

### सगरमाथाको नृत्यमग्न आत्मा


नेपाली कला साहित्य डटकम प्रतिष्ठान प्रकाशनद्वारा प्रकाशित सगरमाथाको नृत्यमग्न आत्मा सम्पादित कविताहरूको संग्रह हो। मोमिलाद्वारा सम्पादित यो कृतिमा गोपालप्रसाद रिमालदेखि श्रवण मुकारुङसम्मका १ सय ३५ वटा कविता संग्रह गरिएको छ। नेपालमा कविताको विकासक्रमलाई स्पष्टरूपमा अनुभव गर्न सकिने यो कृतिको मूल्य १ हजार २ सय रुपैयाँ छ भने यो पुस्तक ५ सय ४२ पृष्ठको छ।

### यसरी नै आरु फुल्छ

युवा कथाकार विवश बस्तीका १९ वटा कथाको संग्रह 'यसरी नै आरु फुल्छ' विवेक सिर्जनशलि प्रकाशनले प्रकाशित गरेको हो। गाउँले परिवेशमा लेखिएका यो संग्रहका कथाहरूले संक्रमणकालीन समाजको प्रतिनिधित्व गरेका छन्। ९६ पृष्ठको यो संग्रहको मूल्य ७० रुपैयाँ छ।

## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### यो साताको पञ्चाङ्ग

असार २७ गते : विश्व जनसंख्या दिवस, २९ गते भानुजयन्ती, साउन १ गते : कर्कट (साउन) संक्रान्ति, सूर्य दक्षिणायन हुने ।

### मेष

समय राम्रो छ। मान-सम्मान मिल्नेछ भने पराक्रम एवं बोलीको प्रभाव बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग पनि छ। अरूबाट सहयोग प्राप्त होला। धन आर्जन हुन सक्छ। व्यवसायमा सफलता प्राप्त हुनेछ। मंगलबार र बुधबार खर्च, विवाद एवं चिन्ताले सताउन सक्छ।

### मिथुन

सुरुमा स्वास्थ्य गडबड रहने तथा काममा अवरोध आउनाले मनोबल घट्ने देखिन्छ। कुरा काट्नेहरू सक्रिय हुनेछन्। खर्च बढ्न सक्छ। शनिबारदेखि भाग्यले साथ दिन थाल्नेछ। मान-सम्मान मिल्नुका साथै धन आर्जन गर्ने अवसर जुट्नेछ। झूटा आरोप लाग्न सक्ने भएकाले संयमित रहनुहोला।

### सिंह

परिश्रम गर्दा काममा सफलता मिल्ने तथा धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसाय सफल रहनेछ भने यात्रा पनि हुनसक्छ। पराक्रम बढ्नुका साथै भेटघाटमा रमाउने अवसर प्राप्त होला। मंगलबार र बुधबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ताले सताउने योग छ।

### तुला

गलत विचार बढ्नाले काममा अवरोध आउन सक्छ। मन चिन्तित रहला। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। सफलताका लागि संयमित रहनुहोला। परिश्रम गर्दा धन आर्जन गर्ने अवसर जुट्नेछ। यात्रा हुनसक्छ भने मान-सम्मान पनि पाइनेछ। सवारी चलाउँदा विचार पुर्‍याउनुहोला।

### धनु

बोल्दा होस पुर्‍याउनुपर्ने बेला छ। काममा सफलता पाउन केही प्रयास गर्नुपर्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग प्राप्त हुनेछ भने नयाँ मित्रको आगमनले मनोबल बढ्नेछ। शत्रु तथा रोगले सताउन सक्ने हुँदा खानपानमा ध्यान दिनुहोला।

### कुम्भ

खर्च अलि बढी नै होला। मन चञ्चल रहनसक्छ। भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। मान-सम्मान पनि पाउनुहोला। घरेलु समस्याले सताउन सक्छ। अध्ययनमा सफलता मिल्नुका साथै बोलीको प्रभाव बढ्नेछ। झूटा आरोप लाग्नसक्छ। अरूको विश्वास गरिहाल्नु उचित हुँदैन।

### वृष

काममा सफलता मिल्नेछ। भाग्यले साथ दिनुका साथै मान-सम्मान पनि पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। व्यवसायमा सफलता हात लाग्नेछ। आफन्तहरूको सहयोगका साथै अध्ययनमा सफलता मिल्नेछ।

### कर्कट

मन प्रसन्न रहनुका साथै काममा सफलता मिल्नेछ। यात्रा एवं धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम एवं धार्मिक कार्यमा रुचि बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। साताको अन्त्यतिर स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ।

### कन्या

घरेलु समस्याले सताउनुका साथै मन दुविधाग्रस्त रहन सक्छ। गलत विचार एवं शत्रु बढ्न सक्छन्। अरूको काम धेरै गर्नुपरे पनि जस पाइने सम्भावना कमै छ। स्वास्थ्य गडबड रहनेछ। चोट-पटक पनि लाग्न सक्छ। बुधबारदेखि प्रसन्नता बढ्नेछ भने काममा सफलता मिल्ने तथा यात्रा गर्ने अवसर जुट्नेछ।

### वृश्चिक

जोस एवं जाँगर बढ्नुका साथै काममा सफलता मिल्नेछ। नयाँ काम पाइने योग छ। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुहोला। व्यवसाय एवं अध्ययनमा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। शरीरमा चोटपटक लाग्न सक्छ। सवारी चढ्दा-चलाउँदा सजग रहनुहोला।

### मकर

मान-सम्मान एवं काममा सफलता मिल्ने छ। धन आर्जन गर्ने अवसर प्राप्त होला। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ। यात्रा रमाइलो होला। अध्ययनमा सफलता मिल्नेछ। शत्रु पराजित हुनेछन् भने ठूला व्यक्तिबाट प्रशंसा प्राप्त हुनेछ।

### मीन

समय राम्रो छ। धन-मान प्राप्त हुनेछ भने काममा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। जोस-जाँगर एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। ठूला व्यक्तिले भरोसा गर्नेछन्। सबैले तपाईंको लगनशीलता एवं इमानदारिताको प्रशंसा गर्नेछन्।



# विचार गर्नुहोस् □ ठगिनुहोला नि □



पनौती (काभ्रे)- सुन्दै आश्चर्यलाग्दो अनि अपत्यारिलो मोबाइल सेक्स, जसले अहिले धेरै युवालाई दुःख दिएको छ, सेक्सका अनेक रूपमध्ये विज्ञान प्रविधिले जन्माएको मोबाइल सेक्स सुन्दा अत्यन्त नौलो लाग्छ र त्यसमा परेपछि दुःख पनि भोग्नुपर्छ।

अहिले यसले बजार तातेको छ। युवाहरूलाई बढी मात्रामा यो समस्याले सताएको देखिन्छ। सुरुमा आ□नो मोबाइलमा युवतीको फोन आउँछ। फोनसँगै ती युवतीसँग गफ हुन्छ, धेरै बेर......।

सधैंजसो युवतीले मीठो स्वरमा कुरा गर्छिन्, जोकोही त्यसमा लट्ठ पर्छन्। युवाहरू युवतीको तस्बिर र ठेगाना माग्छन्, तर त्यो उपलब्ध हुँदैन। यसै क्रममा एक दिन युवतीले मोबाइलमा पैसा पठाइदिन आग्रह गर्छिन्, यताबाट पैसा पठाइन्छ, फेरि युवतीले एकदमै समस्या परेको छ भन्दै कुनै एउटा बैंकको एकाउन्ट नम्बर दिएर पैसा माग्छिन्, त्यतिबेला पनि पठाइन्छ। त्यसपछि पैसा प्राप्त भएको दिनदेखि फोन आउन छोड्छ। आफूले फोन गर्दा त्यो नम्बर सम्पर्कविहीन हुन्छ।

विदेशी मुलुकहरूबाट नेपाल भित्रिएको यो ठगी धन्दाबाट धेरै जना पीडित भैसकेको पीडित युवाहरूले जनाएका छन्। नेपालको पोखराबाट पश्चिम क्षेत्रमा फैलिएको यो धन्दा अहिले बिस्तारै पूर्व क्षेत्रतिर फैलिएको छ। नाम नबताउने सर्तमा यस्तै सेक्सबाट आफ्नो पैसा गुमाएका एक युवकले भने, 'फोन आउँछ, मीठो स्वरमा कुरा गर्छन्, धेरै दिनसम्म कुरा गरिसकेपछि उनीहरूले एउटा समस्या बताउँदै आफ्नो बैंक खाता नम्बर दिएर पैसा माग्छन्, आफूले पनि आफ्नो सम्बन्ध प्रगाढ भएको मानेर सहयोग गर्नुपर्छ भन्ने भावनाले पैसा पठाइन्छ, पैसा प्राप्त भैसकेपछि उनीहरू सम्पर्कविहिन हुन्छन्, मैले यसरी नै ५० हजार गुमाइसकेको छु।'

उनी मात्र होइन, अहिले यसरी मोबाइल सेक्समा परेर चिन्दै नचिनेको भरमा पैसा पठाउनाले धेरैले दुःख पाएका छन्। भर्खरै मात्र अस्ट्रेलियाबाट फर्किएका सिन्धुपाल्चोकका एक युवकले यस्तै मोबाइलको चक्करमा परेर अस्ट्रेलियामा दुःख गरी कमाएर ल्याएको पैसा गुमाए।

सुझाव : नचिनेकी युवतीको फोन आयो भने विचार पुऱ्याएर मात्र कुरा गर्नुहोला, नत्र तपाईं पनि फस्नुहुन्छ नि।

**मनोज बस्नेत**

**● सम्पादकीय ●**

# लज्जास्पद घटना

मुलुककै जेठो त्रिचन्द्र क्याम्पसमा गोली चलेको घटनाले अहिले नेपालको विद्यार्थी राजनीति तातेको छ। त्यहाँ एउटा सामान्य विषय, त्रिचन्द्र क्याम्पसको हातामा बन्न लागेको नयाँ भवनको ठेक्का कसले पाउने भन्ने विषयमा सरकारमा सहभागी दुई प्रमुख राजनैतिक दल नेपाली कांग्रेस र नेकपा एमालेका भातृसंगठनहरू नेविसंघ र अनेरास्ववियुबीच झडप भएको थियो। आगजनी र तोडफोडसमेत भएको उक्त झडपका क्रममा चलेको गोली लागेर एक जना विद्यार्थी घाइते हुनु र उनले गोली चलाउने व्यक्तिका बारेमा किटानी जाहेरी गर्नुले विवादलाई थप चर्काएको छ। त्रिचन्द्र घटनाका पक्ष–प्रतिपक्ष दुवै सरकारमा आफ्नो पहुँच भएको दाबी गर्छन् र त्यसैका आधारमा राजनैतिक लाभ उठाउने प्रयास गरिरहेका छन्। मूल प्रश्न कुन विद्यार्थीले कुन विद्यार्थीलाई गोली प्रहार गर्‍यो भन्ने होइन, शैक्षिक संस्थामा बन्दुकधारीको प्रवेश कसरी भयो र त्यसको प्रयोग कसरी गरियो भन्ने हो। यो प्रश्नको जवाफमै, मुलुकको शैक्षिक वातावरण खलबल्याएर राजनैतिक लाभ लिन खोज्ने जमातको स्वार्थ लुकेको छ। त्रिचन्द्र घटनालाई हल्का रूपमा लिइनु हुँदैन र दोषीमाथि तत्काल कारबाही गरिनुपर्छ। त्रिचन्द्र घटनालाई राजनीतिकरण गरेर दोषीलाई बचाउनेतर्फ कहीं कतैबाट कुनै पनि किसिमको प्रयास गरिन्छ भने त्यसले नजिरको स्वरूप प्राप्त गरेर अन्यत्र पनि त्रिचन्द्र घटना दोहोरिने सम्भावना रहनेछ।

कुनै पनि विवादलाई राजनैतिक चस्माले हेर्ने परिपाटीका कारण नेपालमा स–साना घटनाहरूले पनि उग्ररूप लिन थालेका छन् भन्ने कुराको पछिल्लो उदाहरण त्रिचन्द्र घटना नै हो। शैक्षिक संस्थाका भौतिक संरचनाहरू निर्माण तथा पुनर्निर्माण नितान्त प्रशासनिक कुरा हो। यस्ता कुरामा विद्यार्थी वा विद्यार्थी संगठनले चासो देखाउनु हुँदैन, तर त्रिचन्द्र कलेजमा यस्तै विषयमा अल्झिएका दुई विद्यार्थी संगठनको अनर्गल प्रलापले जुन घटना निम्त्यो, त्यो सम्बन्धित विद्यार्थी संगठनका लागि मात्र नभै मुलुककै लागि लज्जास्पद हुन पुगेको छ। विद्यार्थीको अधिकारका लागि दृढ प्रतिज्ञ रहेको दावी गर्ने त्यस्ता संगठनले कुनै खास ठेकेदारका लागि काम गर्ने र कमिसन लिने जस्तो तुच्छ काम अरू हुन सक्दैन। विद्यार्थीहरूलाई यस्ता तुच्छ र चरित्रविपरीतका काम गर्नबाट रोक्न सम्बन्धित राजनैतिक दलहरू पनि समयमै चनाखो हुनुपर्छ र अर्को त्रिचन्द्र घटना नदोहोरियोस् भन्नेतर्फ संवेदनशील हुनुपर्छ।

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक–पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

**● चिठीपत्र ●**

## माओवादीबाट अपेक्षा

एकीकृत नेकपा माओवादी सरकारबाट बाहिरिनु उसको दलगत हित र संगठन विस्तारका हिसाबले राम्रो छ। गठबन्धन सरकारको नेतृत्व गरेको तथा सहमति र सहकार्यको राजनीतिको नाममा जायज माग राख्न नपाइने, सधैं दबिएर निर्णय उल्ट्याउन वा बदर गर्न बाध्य हुने फेरि बाहिर त्यत्तिकै भ्रम फैलाउने प्रवृत्ति रहेको तत्कालीन अवस्थामा एकीकृत माओवादीले सरकार छाडेकोमा अचम्म मान्नुपर्ने कुरा केही छैन। बरु समयको सदुपयोग गर्न जान्ने हो भने यो उसका लागि जनाधार विस्तार गर्ने सुनौलो अवसर हो।


जननिर्वाचित सरकारको नेतृत्व परिवर्तन गरेर हरूवाहरूको समूहबाट नयाँ रूपको सरकार बनाउनेहरूप्रति भने अचम्म मान्नुपर्ने अवस्था छ। किनभने हारेका मानिसले जितेका छन्, परीक्षामा अनुत्तीर्ण भएकाहरू उत्तीर्ण भएका छन् जनता यसैमा अचम्म छन्। मेरा एक जना नातेदारले 'एसएलसीको रिजल्ट भयो, के अब अनुत्तीर्ण हुनेले पनि क्याम्पस पढ्न पाउँछन् त बाबु' ? भनेर सोध्नुभयो। म निरुत्तर भएँ। माओवादीको सरकार सञ्चालनको क्षमताप्रति जनतामा शंका छैन। बरु माओवादीले जनताको पक्षमा काम गर्न यथेष्ट समय नपाएको र जनताको आदेशलाई अरूले उल्लंघन गरेकोमा चिन्तित तुल्याएको छ। अहिलेका विकसित राजनैतिक परिघटनाहरूले माओवादीका विगतका कमजोरीलाई चोख्याइदिएको छ, अनि माओवादीप्रति नयाँ आशा र भरोसा बढाएको छ।

गठबन्धन सरकारमा बसेर कुनै जिम्मेवारी पूरा गर्न नसक्ने केवल यथास्थितिवादीहरूको पक्षमा हस्ताक्षर गर्ने र परिवर्तनगामी जनताका विरुद्धमा लाग्नेहरूसँग गठबन्धन गरेर जनतालाई धोका दिँदै सत्तामा बसिरहनु कुनै महानता ठहर्दैनथ्यो। माओवादीको यो कदम सत्तामा बसेर जनताको म्यान्डेट, राष्ट्रियता तथा नागरिक सर्वोच्चताजस्ता कुरालाई भुलेर कुर्सीमै विश्राम लिन चाहने, सरकारी भत्तामा रमेर यथास्थितिमा रुमलिन चाहने तत्त्वहरूलाई दरो झट्का भएको छ।

आदर्शवादी भाषण गरेर देशलाई खोक्रो पार्नेहरूलाई साथ दिनुभन्दा जनताको साथमा आउँदा नै राम्रो हुन्छ। यसले माओवादीको उचाइ बढाउने काम गरेको छ। माओवादी विभिन्न मुद्दामा झुक्यो र उसले गल्ती पनि गरेकै हो, तर अबका दिनहरूमा शान्तिपूर्ण तवरबाट आफ्ना माग राख्न बाटो खुलेको छ। बृहत् शान्ति सम्झौता, लोकतान्त्रिक पद्धति र नयाँ संविधान लेख्ने कुरालाई माओवादीले कहिल्यै भुल्न मिल्दैन। अब आउने दिनहरूमा निरंकुश र यथास्थितिवादीहरूबाट आक्रान्त गरिब जनतालाई विश्वास दिलाउन सके र संविधान निर्माण गर्न सहयोग गरेर देशलाई संक्रमणबाट मुक्त गर्न सके माओवादी जनतावादी हुनेछ अनि शान्तिवादी पनि।

अब माओवादीले जनताको हितमा आवाज उठाउँदै जानुपर्छ। जनतालाई प्रभाव पार्न सक्नुपर्छ। यो अवसर पनि हो। मौकामा चौका हान्न जान्यो भने अर्को निर्वाचनमा स्पष्ट बहुमत प्राप्त हुनेछ। त्यसैले त कमरेडहरू □ शान्तिलाई नभुलौं, जनसेनालाई शिविरबाहिर नल्याऔं, सेना समायोजनमा पहल गरौं, जसको नेतृत्व भए पनि राम्रा कामको कदर र नराम्रा काम कसैको डरमा नपरी बदर गरौं। भ्रष्टका विरुद्ध बोलौं, जनताका पक्षमा कुरा गरौं, यथास्तीतिवादीहरूलाई परास्त गरौं, जनताले तपाईंहरूलाई नै साथ दिनेछन्। धैर्य गरौं, सचेत रहौं, यही हो हिजो तपाईंहरूलाई मत दिने जनताको आदेश।

**–वासुदेव देवकोटा, गोरखा**



## मोबाइलको विकृति

करिब दुई वर्षयता नेपालमा मोबाइलको विकास अत्यन्तै तीव्र गतिमा भयो। सहरदेखि गाउँका हरेक कुनासम्म सञ्चारको विकास एवं विस्तार हुनु पक्कै पनि खुसीको खबर हो तर मोबाइलले विभिन्न नकारात्मक असर एवं विकृति सिर्जना गरेको छ। घरमा साँझ-बिहान छाक टार्न मुस्किल भए पनि खल्तीमा मोबाइल झुन्ड्याउनु अहिले फेसन नै भएको छ।

दिनभरिको कमाइबाट मोबाइलको रि-चार्जकार्ड लिएर अनावश्यक फोन गरी उडाएको हामी आफैले देखेका, सुनेका तथा भोगेका छौं। यसको नकारात्मक असर युवा वर्गमा बढी परेको छ। अर्को कुरा मोबाइलको मेमोरीकार्डमार्फत् संगीत क्षेत्र धराशयी बन्दै गएको छ। नयाँ गीतहरू बाजारमा आउनासाथ मेमोरी कार्डमा भरिहाल्छन् तर त्यो क्यासेट किन्ने कोही हुँदैनन्। जसले गर्दा क्यासेट बिक्रीमा निकै कमी आएको छ। जसले कलाकारहरूको रोजीरोटी खोसिएको छ।

कतिपय युवाका मोबाइलमा नकारात्मक सन्देश दिने खालका तस्बिर, नीला चलचित्र आदि हुन्छन्, जसले हत्या, हिंसा एवं बलात्कारलाई टेवा पुर्‍याइरहेको छ। त्यसैले यस्तो कार्यलाई निरुत्साहित गर्न आफैले एकपटक सोच्नुपर्ने बेला आएको छ।

**टीकाराम अर्याल, स्याङ्जा**

**● तीतो सत्य ●**

मुस्कान सापटी लिन, किन्न तथा चोर्न मिल्दैन तर दिन मिल्छ।

हेर्नुपर्छ देख्ने गरी, देख्नुपर्छ चिन्ने गरी, सुन्नुपर्छ बुझ्ने गरी।

मह जम्मा गर्नु छ भने मौरीको घार भत्काउनु हुँदैन।

**–कृष्ण थापामगर**

बाहिरी रूपमा असल-सोझो देखिने मानिस भित्री रूपमा पनि त्यस्तै हुन्छ भन्न सकिँदैन।

कसैले आफूप्रति नराम्रो व्यवहार गर्‍यो भन्दैमा त्यस्तै व्यवहार फर्काउने हो भने कुनै पनि सम्बन्ध सदाका लागि अन्त्य हुनसक्छ।

**कृष्णदेव श्रेष्ठ**

मानिसको मृत्यु एक पटक भए पनि ऊ पलपलमा मरिरहेको हुन्छ।

जति सज्जन मानिस भए पनि उसमा पनि केही न केही रिस अनि घमन्ड हुन्छ।

ईश्वरलाई हेर्न लालटिन बाल्नु पर्दैन।

सुनेको सबै कुरा सत्य हुँदैन, तर देखेको सबै कुरामा सत्य हुन्छ।

**टीकाराम अर्याल, गल्कोट**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*
*–सम्पादक*

**● सहर चर्चा ●**



## व्यावसायिक पत्रकार टेलिभिजनमा

दुई दशकदेखि व्यावसायिक पत्रकारितामा संलग्न कुन्दन अर्याल नेपाल टेलिभिजनको कार्यकारी अध्यक्ष भएका छन्। नेकपा (एमाले) निकट भए पनि विगतमा व्यावसायिक पत्रकारितामा उल्लेख्य भूमिका खेलेका कुन्दन अध्यक्षमा नियुक्त भएपछि उत्साहित छन्। कार्यकारी अध्यक्ष भएपछि एन टिभी कर्मचारी संघले उनको आगमनमा रोक लगाएको थिए। 'अहिले सबै कुरा मिलिसक्यो।' अर्यालले साप्ताहिकसँग भने, 'कर्मचारी साथीहरूले सरकार परिवर्तन हुनेबित्तिकै अध्यक्ष परिवर्तन हुने सरकारी नीतिको विरोध गरेका हुन्, मेरो होइन।' नेपाल टेलिभिजनको समाचारलाई व्यावसायिक बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने योजना बनाएका अर्यालले टेलिभिजनमा पार्टीको भजन गाउने परम्परागत प्रवृत्तिको अन्त्य गर्ने बताएका छन्। 'म नेपाल टेलिभिजनको स्वरूप परिवर्तन गर्न चाहन्छु।' अर्याल भन्छन्, 'कर्मचारीको स्तर उन्नतिलगायत व्यावसायिकतामा वृद्धि गर्न म नेपाल टेलिभिजनमा आएको हुँ।' कुन्दनको पालामा नेपाल टेलिभिजन व्यवसायिक एवं हेर्न लायक हुन्छ कि हुँदैन, हेर्न भने केही समय पर्खनैपर्छ।

## बुटवलका मोडल



**● मोडल वाच ●**

नेपालको मोडलिङमा बुटवलको खासै ठूलो योगदान नभए पनि त्यहाँबाट फाट्टफुट्ट मोडल जन्मिने क्रम रोकिएको छैन। बुटवलमा महिला मात्र होइन, पुरुषहरू पनि मोडलिङप्रति आकर्षित छन्। मोडलिङलाई करियर नै बनाउन सक्ने स्थिति नभए पनि बुटवलका तारानाथ भट्टराईले यसलाई सानैदेखिको रुचिका रूपमा ग्रहण गरेका छन्। ६ फिट १ इन्च अग्ला भट्टराई आकर्षक शारीरिक बनावटका कारण उत्साहित भएका हुन्। करिव आठ वर्षअघि इमेज च्यानलको मोडल प्रतियोगितामा विजयी भएपछि भट्टराईको मोडलिङ मोह अचानक बढ्यो। आधा दर्जनभन्दा बढी विज्ञापनमा मोडलिङ गरिसकेका भट्टराई बुटवलका स्थानीय विज्ञापनमा पहिलो छनौटमा पर्छन्। बागबजार प्लाजा, मेन्ज एक्सन, आईएलएफसीओ बैंकका भिजुअल विज्ञापनमा मोडलिङ गरिसकेका भट्टराई अब म्युजिक भिडियोमा अभिनय गर्न इच्छुक छन्। बुटवल बहुमुखी क्याम्पस तथा न्यू होराइजन कलेजमा प्राध्यापन समेत गरिरहेका भट्टराई फर्मल वेयरका पारखी हुन्। 'आफ्नो क्षेत्रमा चलचित्र निर्माण भए भने अभिनय गर्ने इच्छा छ, भट्टराई भन्छन्। पाल्पामा जन्मिएका भट्टराई आफ्नो शरीरलाई सुगठित बनाउन नियमित जिम धाउँछन्।

**● मुखाले ●**

पार्टीको आन्तरिक असहयोगका कारण मलाई काम गर्न अप्ठ्यारो भैरहेको छ।

**माधवकुमार नेपाल**

ढुक्क हुनुस्, अबको डेढ महिनामा मेरै नेतृत्वमा नयाँ सरकार बन्छ।

**पुष्पकमल दाहाल**

महाधिवेशनपछि सक्रिय राजनीति छाडिदिन्छु।

**गिरिजाप्रसाद कोइराला**

माओवादीकै कारण म आज सार्वभौम नागरिक भएको छु।

**नीर शाह**

यो सरकार अब धेरै दिन टिक्दैन। माधव नेपालले राजीनामा दिए हुन्छ।

**मोहन वैद्य**

भयको हतियारलाई वैधानिकता दिँदै जाँदा सिंगो नेपाली समाज आपराधिक मनोवृत्तितिर अगाडि बढेको छ।

**गगन थापा**

दलहरूको अहिलेकै जस्तो रवैया रहने हो भने गणतन्त्रको भविष्य छैन।

**दिवाकर पन्त, कानुनविज्ञ**

मैले नारायणहिटी छाडे पनि नेपाल शान्त र समृद्ध भएन, नेपालीहरू सुखी भएनन्। यसमा म उद्विग्न, चिन्तित र मर्माहत छु।

**पूर्वराजा ज्ञानेन्द्र**

नयाँ नेपालको नाम मात्र दिएर नयाँ नेपाल बन्दैन।

**दीपन अधिकारी, मास्टर किड**



# शैक्षिक सर्वोत्कृष्टताको निरन्तरता

# पिनाकल उच्च मावि

**पिनाकलले एसएलसीमा धेरै प्रतिशत ल्याएका विद्यार्थीलाई भर्ना गरेको आधार देखाएर विद्यार्थी भर्नाको विज्ञापन कहिल्यै गरेन। यसको सट्टा यहाँ अध्ययन गरेर सर्वोत्कृष्ट बन्न सफल विद्यार्थी कलेजको निरन्तर सफलताका आधार बने।**

गुणस्तरीय शिक्षाको परिणामका कारण छोटो समयमै पिनाकल उच्च मावि लगनखेलले राजधानीका उच्च माविमध्ये अग्रस्थानमा आफ्नो परिचय बनाएको छ। उच्च माध्यमिक शिक्षा परिषदद्वारा संचालित प्लस टु परीक्षामा लगातार उत्कृष्ट परिणाम ल्याउन सक्नु नै पिनाकलको मुख्य उपलब्धि हो।

उत्कृष्ट विद्यार्थीहरूको रोजाइ बनेको पिनाकलले छोटो समयमै आफूलाई स्तरीय कलेजहरूको सूचीमा उभ्याउन सफल भैसकेको छ। उत्कृष्ट शैक्षिक परिणाम पिनाकलको गौरब हो। उच्च शिक्षाको क्रममा यो कलेजमा भर्ना भएका प्रत्येक विद्यार्थीको लक्ष्यलाई साकार बनाउन कलेज सफल छ। प्लस टुको एकदशक यात्रामा प्रत्येक वर्ष यो उच्च माविले ९० प्रतिशतभन्दा बढी विद्यार्थीलाई सफलताको यात्रा तय गराएको छ।

'कलेजले विद्यार्थीको शैक्षिक विकास मात्र होइन' ११ औं ब्याच भर्ना लिने तरखरमा रहेको पिनाकल उच्च माविका प्रिन्सिपल ऋषि तिवारी भन्छन्-'सर्वाङ्गीण विकासमा ध्यान दिँदै आएकाले यहाँबाट प्लस टु उत्तीर्ण गरेकाहरूले शैक्षिक क्षेत्रका अतिरिक्त अन्य क्षेत्रमा पनि अब्बल प्रतिभा प्रदर्शन गर्दै आएका छन्।'

पिनाकलले एसएलसीमा धेरै प्रतिशत ल्याएका विद्यार्थीलाई भर्ना गरेको आधार देखाएर विद्यार्थी भर्नाको विज्ञापन कहिल्यै गरेन। यसको सट्टा यहाँ अध्ययन गरेर सर्वोत्कृष्ट बन्न सफल विद्यार्थी कलेजको निरन्तर सफलताका आधार बने। यो कलेजबाट अध्ययन पूरा गरेर राष्ट्रव्यापी पहिचान बनाएका विद्यार्थी नै कलेजका आन्तरिक क्षमता हुन्, जसले कलेजको निरन्तर यात्राका निम्ति प्रचारकको भूमिका पनि निर्वाह गरेका छन्। करिब १ हजार ५ सय विद्यार्थीले उच्च शिक्षा हासिल गरिरहेको यो कलेजमा प्लस टुको आगामी सत्रमा ६ सय विद्यार्थी भर्ना लिइनेछ।

पिनाकल एजुकेसन फाउण्डेसनअन्तर्गत विद्यालय तहमा पिनाकल एसोसिएट्स स्कुल, उच्च माविमा पिनाकल एकेडेमी, त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा पिनाकल कलेज र सीटीईभीटीको सम्बन्धनमा पिनाकल टेक्निकल कलेज संचालन गरेको यो शिक्षालयले भविष्यमा आफूलाई विश्वविद्यालयमा रूपान्तरण गर्ने लक्ष्य राखेको छ। पिनाकल एजुकेसन फाउण्डेसनका अनुसार पिनाकल कलेजले त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा बीबीएस, बीएस्सी माइक्रोबायोलोजी र बीएस्सी फिजिक्समा अध्यापन गराउँदै आएको छ भने सीटीईभीटीको सम्बन्धनमा पिनाकल टेक्निकल कलेजले ३ वर्षे डिप्लोमा इन फार्मेसी अध्यापन गराउँछ। पिनाकल कलेज ललितपुरको सुगमस्थल लगनखेलमा छ।

अहिलेसम्म करिब ५ हजार विद्यार्थीले प्लस टु उत्तीर्ण गरिसकेका यो कलेजका पूर्व विद्यार्थीहरूले पिनाकल एल्मुनाई एसोसिएसन नामक संस्था गठन गरेका छन्। एसोसिएसनले पिनाकल सेभिङ एण्ड क्रेडिट को-अपरेटिभ संचालनमा ल्याएको छ।

उच्च भौतिक पूर्वाधार, सुविधा सम्पन्न प्रयोगशाला, पुस्तकालय र सहरका सबै मुख्य स्थानबाट यातायातको व्यवस्था गरिएको यो कलेजले अनुशासित शैक्षिक वातावरणमा अध्यापन गराउँदै आएको छ। कलेजले दलित, जनजाति, दुर्गम, द्वन्दपीडित विद्यार्थीहरूका लागि पनि छात्रवृत्ति उपलब्ध छ। कलेजले युनिट टेस्टमा उत्कृष्ट हुने विद्यार्थीलाई महिनाभरिको शुल्क मिनाहा गरेको छ। यसले गर्दा विद्यार्थीको आन्तरिक प्रतिस्पर्धा बढ्न गइ बोर्ड परीक्षामा उत्कृष्ट नतिजा आउन सम्भव भएको हो।

प्राध्यापन पेसामा लामो समयदेखि संलग्न प्राध्यापकहरूले यो कलेजको व्यवस्थापन समेत हेर्ने गरेका छन्। कलेजमा प्राध्यापन गर्ने शिक्षकहरू आफै पाठ्यपुस्तक लेखक भएकाले प्राज्ञिक क्षेत्रमा कलेजको छुट्टै पहिचान छ। 'अनुशाशित वातावरणमा उत्कृष्टता' नारा तय गरेको कलेजले शैक्षिक स्तरीयता कायम राख्न आन्तरिक परीक्षामा विशेष जोड दिएको छ। प्रमाणपत्र बोक्ने शिक्षा मात्र होइन अनुशासित, सभ्य र शिक्षित व्यक्तित्व निर्माण गर्नुपर्छ भन्ने कलेजको ठम्याइ छ।

योग्य शिक्षक, उत्कृष्ट व्यवस्थापनका बीचमा पिनाकलको अबको परिचय भरपर्दो शैक्षिक प्रतिष्ठानका रूपमा अघि आइसकेको छ। पिनाकलमा विज्ञान, व्यवस्थापन र मानविकी तीनवटै संकायमा प्लस टु अध्यापन गराइन्छ।

नियमित अध्ययन-अध्यापनका अतिरिक्त क्रियाकलापका क्षेत्रमा पनि कलेजका विद्यार्थीले आफ्नो विशिष्ट प्रतिभा प्रस्तुत गरेका छन्। अन्तर्राष्ट्रिय फुटबलमा इतिहास रचेका जुमानु राई, भोला सिलवालजस्ता खेलाडी पिनाकलका उत्पादन हुन्। यसैगरी राष्ट्रिय फुटबल टिममा सहभागी भएका लोकबन्धु गुरूङ, युगलकिशोर राई, सन्तोष गुरूङलगायत फुटबलर हाल स्नातक तहमा अध्ययनरत छन्।

यस्तै मनोरञ्जन तथा संचारको क्षेत्रमा पनि पिनाकलका उत्पादन अब्बल साबित भएका छन्। कान्तिपुर टेलिभिजनमा कार्यरत नवराज आचार्य, चलचित्र सहायक निर्देशक सुदन केसी, एभिन्युज टेलिभिजनकी समाचार वाचिका गीता न्यौपाने, अमेरिका अनलाइन टिभी डिसी नेपाल डट कममा कार्यरत रीमा विक, पूर्व मिस ललितपुर तथा मोडल अनु श्रेष्ठलगायत अन्य थुप्रै प्रतिभाशाली विद्यार्थी यो कलेजका प्रतिभा हुन्।



प्रिन्सिपल : ऋषि तिवारी

## सबैका लागि शिक्षा नै हाम्रो उद्देश्य हो

**प्लस टु कलेजहरूको सूचीमा पिनाकलको उपस्थिति कहाँ छ ?**

स्तरीय अध्यापन र व्यवस्थापनका कारण पिनाकल एकेडेमी उत्कृष्ट कलेजहरूको सूचीमा अग्रपंक्तिमा छ। यो सफलता प्राप्त गर्नमा प्राध्यापन, व्यवस्थापन समूह र विद्यार्थी तथा अभिभावक सबैको योगदान छ। पिनाकलले भरपर्दो शैक्षिक प्रतिष्ठानका रूपमा परिचय बनाएको छ।

**कुन वर्गलाई लक्षित गरेर कलेज स्थापना गर्नुभएको हो ?**

-सबैका लागि शिक्षा भन्ने नीतिअनुसार जेहेन्दार, दलित-जनजाती तथा लगनशील विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै उच्च शिक्षा प्रदान गर्ने बाटोमा कलेज निर्देशित छ। विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा दिई अन्तर्राष्ट्रिय स्तरमा समेत उनीहरू प्रतिस्पर्धी बन्न सकुन् भन्दै अनुशाशित, शिक्षित, सामाजिक नागरिक उत्पादन गर्नु नै यो कलेजको प्रमुख उद्देश्य हो। यसप्रकारका नागरिक २१ औं शताब्दीको आवश्यकता हो।

**कलेजको मुख्य विशेषता ?**

हामी इनपुटमा भन्दा आउटकममा विश्वास गर्छौं। त्यसैले विद्यार्थीलाई उत्कृष्ट बनाएर उनीहरुको लक्ष्यमा पुऱ्याउन सक्नु हाम्रो सफलता हो। विगतमा विद्यार्थीले हासिल गरेको उपलब्धिले यसलाइ पुष्टि गरेको छ। उपयुक्त शैक्षिक वातावरण दिएर विद्यार्थीहरूको उच्चतम शैक्षिक उपलब्धि प्राप्त गर्नको लागि हाम्रा योजना निर्माण हुन्छन्। हाम्रो पहिलो प्राथमिकता भनेको राम्रो शैक्षिक वातावरण कसरी दिने भन्ने मात्र हुन्छ। आजको आवश्यकता भनेको औसत शुल्कमा विद्यार्थीलाई पर्याप्त सुविधा प्रदान गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्नु हो।

**अन्य कुनै सुविधा छन् ?**

हो, विद्यार्थीले अहिले क्यारियर निर्माण गर्ने बेला हो। त्यसैले उनीहरूको रूचिअनुसारको क्यारियर परामर्श सेवासमेत उपलब्ध गराइएको छ।

**अन्त्यमा पिनाकलको भनाइ ?**

-सर्वप्रथम एसएलसी उत्तीर्ण सबै विद्यार्थीमा मेरो हार्दिक शुभकामना तथा बधाइ छ। एसएलसी उत्तीर्ण गरेर उच्च शिक्षाका लागि कलेज छनौट गर्ने योजनामा रहेका विद्यार्थीहरूका निम्ति पिनाकलको ढोका खुल्ला छ।

## लगातार सर्वोत्कृष्ट

उच्च माध्यमिक शिक्षा परिषद्ले संचालन गर्ने एचएसइबी बोर्ड परीक्षामा पिनाकल एकेडेमीका विद्यार्थी लगातार सर्वोत्कृष्ट हुँदै आएका छन्। प्रिन्सिपल ऋषि तिवारी भन्छन्-'प्रत्येक विद्यार्थीको क्षमता हेरेर उसलाई कसरी सफल बनाउन सकिन्छ भन्ने उद्देश्यअनुरूप अध्यापन प्रक्रिया संचालन गरेकाले आज पिनाकलमा अध्ययन गरेका विद्यार्थी हरेक क्षेत्रमा सफल भएका हुन्।'

उच्च माध्यमिक शिक्षा परिषद्द्वारा संचालित वर्ष ०६४ को कक्षा ११ र वर्ष ६५ को १२ को परीक्षामा पिनाकलबाट सर्वोत्कृष्ट छात्र केशवराज पोखरेलले ८७ दशमलव ७ प्रतिशत अंक ल्याएका थिए। त्यतिमात्र होइन, इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकले स्नातक तहको BE Engineering को लागि लिएको प्रवेश परीक्षामा मुलुकभरका करिब १० हजार विद्यार्थीलाई उछिन्दै नेपाल टप भए। हाल इलेक्ट्रोनिक्स इन्जिनियरिङ गरिरहेका केशव आफ्नो सफलताको श्रेय पिनाकल कलेजलाई दिन्छन्। भन्छन्-'प्लस टु विज्ञान अध्ययन गर्ने विद्यार्थीका लागि पिनाकल नम्बर वान छनौट हो। मैले पिनाकल रोजेर सही निर्णय गरेको रहेछु।'

त्यसैगरी सुनीता घिमिरेले उच्च माध्यमिक शिक्षा परिषद् बोर्ड (२०६१ २०६२) को परीक्षामा सर्वोत्कृष्ट भएर ऐश्वर्या विद्यापदक हासिल गरेकि थिइन्। सुनीताले प्लस टु मा ८८.२० प्रतिशत अंक ल्याएकी थिइन्। उनी हाल नेपालगञ्ज मेडिकल कलेजमा पूर्ण छात्रवृत्तिमा एमबीबीएस अध्ययनरत छिन्। सुनीता भन्छिन्-'उच्च शिक्षाका क्रममा कस्तो कलेज छनौट गर्ने द्विविधाका बीचमा पिनाकल रोजेकी थिएँ, पिनाकलको उत्कृष्ट शिक्षण विधिले मलाई ऐश्वर्या विद्यापदकको हकदार बनायो।'



सर्वोत्कृष्ट छात्र केशवराज पोखरेल

परिषद्कै परीक्षामा सर्वोत्कृष्ट बन्न सफल अर्का विद्यार्थी विश्वम्भर थापा यतिखेर मणिपाल कलेज, पोखरामा पूर्ण छात्रवृत्तिमा एमबीबीएस अध्ययनरत छन्। शिक्षा मन्त्रालयको छात्रवृत्ति सुविधामा पर्न सफल सुरज श्रेष्ठ, निर्मल श्रेष्ठ तथा जापान एम्बेसीको छात्रवृत्तिमा जापानमा बीई अध्ययनरत प्रनिता चित्रकार तथा कलेजबाट प्लस टु उत्तीर्ण गरेका सयौं विद्यार्थीले एमबीबीएस/बीडीएस, इन्जिनियरिङ, हेल्थ साइन्स, चार्टर एकाउन्टेन्ट (सीए) मा आफ्नो क्यारियर विकास गर्दै लगेका छन्। विद्यार्थीहरुको यो सफलताले देखाउँछ, पिनाकल शैक्षिक क्षेत्रमा अब्बल प्रतिभा जन्माउने कलेज हो। उच्च अंक ल्याएका विद्यार्थी मात्र लिएर सफल हुनेभन्दा पनि विद्यार्थीमा भएको प्रतिभा निखारेर उनीहरुलाइ उत्कृष्ट बनाउने पिनाकलको लक्ष्यलाइ माथीका उदाहरणले प्रष्ट पार्छ।

ADVT



# साथीको मन जित्न

धरान- श्रीमान्ले परिवार नियोजनको साधन प्रयोग गर्न नमानेपछि ममता तामाङ (नाम परिवर्तन) ले एक वर्षमा दुईपटक क्युरेट गरिन्। सुरक्षित गर्भपतन गरेको दुई महिना पनि नबित्दै फेरि तेस्रो पटक गर्भपतन गर्न नेपाल परिवार नियोजन संघमा परामर्शका लागि आएका बेला उनी भन्दै थिइन्, 'श्रीमान्ले गर्भनिरोधक साधन प्रयोग गर्न माने त रहरले कुनै महिला गर्भपतन गर्न आउँदिनन्। कन्डम त हेर्न पनि मन पराउँदैनन्।'

उनले श्रीमान्लाई सुरक्षित सम्पर्कका लागि कैयौं पटक आग्रह नगरेकी होइनन्। जति पटक भने पनि नमानेपछि हार खाएर असुरक्षित सम्पर्क गर्दा गर्भ रहेको उनले बताइन्। परिवार नियोजनको साधन बिना श्रीमान्लाई आनन्द हुन्छ भने किन 'टेन्सन' दिनु भनेर उनले पतिकै खुसी र आनन्दका लागि एकै वर्षमा तीन पटक गर्भपतन गर्नुपर्ने बाध्यतासँगै पीडा भोग्नुपरेको बताइन्।

संघका स्वास्थ्यकर्मीहरूद्वारा गर्भपतनको फाइदा-बेफाइदाका बारेमा जानकारी पाएपछि उनी दोधारमा परिन्। स्वास्थ्यकर्मीले धेरै पटक गर्भपतन गर्दा स्वास्थ्य कमजोर बन्नुका साथै अनेक समस्या उत्पन्ने हुन सक्ने कुरा बताएपछि दोधारमा परेकी हुन्। २७ वर्षीया ममता भन्छिन्, 'एक वर्षमै दुईपटक गर्भपतन गराएकै कारण मानसिक र शारीरिक रूपमा कमजोर महसुस भएको छ। गर्भपतन गर्ने कि नगर्ने दोधारमा छु। डाक्टरले जे भन्छन् त्यसै गर्नुपर्‍यो अब।'

दुई सन्तानकी गृहिणी आमा तामाङले प्रमाणपत्र तहसम्म अध्ययन गरेकी छिन् तैपनि श्रीमान्को हठलाई अस्वीकार गर्न नसक्दा तेस्रो पटक गर्भपतन गर्ने अवस्थामा पुगेकी छिन्। पछिल्लो पटक पनि श्रीमान्लाई खुसी पार्न असुरक्षित यौनसम्पर्क गरेको र गर्भ रहेपछि पतन गर्न आएको उनले बताइन्।

परिवार नियोजनका साधन प्रयोग गर्दा यौनसम्पर्कको आनन्द नहुने मानसिक धारणा विकसित भएका कारण पनि कतिपय पुरुषले असुरक्षित सम्पर्क गर्ने गरेकाले त्यसको परिणाम महिलाहरूले भोग्नुपरेको छ।

आफ्ना श्रीमान्लाई खुसी पार्न परिवार नियोजनका साधन प्रयोग नगरी असुरक्षित सम्पर्क गर्ने र परिणाम स्वरूप पटक-पटक गर्भपतन गर्न बाध्य महिलाहरू कम छैनन्। आफ्नो यौन साथी हेपाटाइटिस वा एचआइभी एड्स संक्रमित भए पनि होस-हवास गुमाएर सम्पर्क गर्ने कतिपयका लागि गर्भ रहन्छ भनेर सुरक्षित उपाय अपनाउनु निकै परको विषय बनेको छ।

स्वास्थ्यकर्मीले सुरक्षित गर्भपतन नियोजनको साधन नभई अन्तिम उपाय मात्र भएको जानकारी दिंदादिंदै पनि असुरक्षित सम्पर्क गरेर बसेको गर्भपतन गर्न विभिन्न नर्सिङहोम, स्वास्थ्य केन्द्र तथा परिवार नियोजन संघमा धाउने जोडीको संख्या निरन्तर बढ्दो छ। पछिल्लो समयमा धरान, विराटनगर, इटहरी, दमक, विर्तामोड जस्ता विस्तारित हुँदै गएका सहरी क्षेत्रमा खुलेका क्याबिन रेस्टुराँ र लुकीछिपी सञ्चालित वेश्यावृत्तिका कारण पनि गर्भपतन गर्ने महिलाहरूको संख्या ह्वात्तै बढेको छ।

पकेट खर्चका लागि शरीर बेच्ने किशोरीदेखि मोजमस्ती गर्दै आफ्ना प्रेमीलाई खुसी र आनन्दित तुल्याउन असुरक्षित सम्पर्क गर्ने अविवाहित युवतीहरूमध्ये धेरैजसो सुरक्षित गर्भपतन गर्न परिवार नियोजन संघको केन्द्रमा धाउने गरेका छन्। गाउँले हुन् वा सहरीया, विपन्न हुन् वा सम्पन्न सबै वर्गका वयष्क महिलाहरूमा श्रीमान्को जिद्धीका कारण रहेको गर्भलाई पतन गराउने चलन बढेको छ। नेपाल परिवार नियोजन संघ सुनसरीको तथ्याङ्कलाई आधार मान्ने हो भने पछिल्लो समयमा नियोजनका साधन प्रयोग कम गर्ने दम्पती र अविवाहित जोडीहरूले सबैभन्दा बढी गर्भपतन गराउँदै आएका छन्। तीमध्ये धेरैले दोहोर्‍याएर गर्भपतन गराएका छन्। श्रीमान्को जबर्जस्तीकै कारण दोहोर्‍याएर गर्भपतन गर्नेहरूको संख्या २० प्रतिशत भएको सुनसरी शाखामा कार्यरत डा. पीपलराज शाक्य बताउँछन्। अविवाहित युवतीहरू भने कमै मात्रामा दोहोर्‍याएर गर्भपतन गर्न आउने उनको भनाइ छ।

परिवार नियोजन संघमा गर्भपतन गर्न अभिभावक वा पतिको अनुमति लिइरहनुपर्दैन। गर्भपतन महिलाको मौलिक र व्यक्तिगत अधिकारसँग जोडिएको छ तर त्यसो भन्दैमा आफ्नै शरीरलाई हानी पुर्‍याउने गरी बारम्बार गर्भपतन गर्नु कुनै हालतमा स्वीकारयोग्य नहुने चिकित्सकहरू बताउँछन्।

स्थानीय प्लस टु कलेजमा अध्ययनरत १७ वर्षीया रमना (नाम परिवर्तन) ले पनि सुरक्षित गर्भपतन गरेको दुई पटक भयो। उनलाई स्वास्थ्यकर्मीले अन्तिम पटक सम्झाएका छन्, फेरि असुरक्षित गर्भपतन गरे भविष्यमा बाँझोपन हुन सक्ने भनेर परामर्श दिएका छन्। आफ्नो प्रेमीलाई खुसी बनाउन र बैंसको उत्तेजनामा रमाइलो गर्दा उनले पीडा भोग्नुपरेको छ। नयाँ पुस्ताका लागि अविवाहित अवस्थामै यौनसम्पर्क गर्नु कुनै महत्त्वपूर्ण विषय नभए पनि असुरक्षित गर्भपतनका बारेमा भने सोंच्नुपर्ने भएको छ।

सरकारले कुनै मान्यता नै नदिएका क्लिनिक र गर्भपतनसम्बन्धी तालिम वा प्रशिक्षण नै नलिएका स्वास्थ्यकर्मीबाट गर्भपतन गराउँदा महिलाले उत्तिकै जोखिम उठाउनु परेको छ। अधिकांश अविवाहित महिला लाज-डरका कारण गर्भपतन गराउन अवैध क्लिनिकमै जाने गरेका छन्। एक अनुमान अनुसार सुरक्षित गर्भपतनका लागि सरकारबाट वैधानिक मान्यता नपाएका क्लिनिक, नर्सिङ्होम र गाउँघरमा घरेलु विधि अपनाएर असुरक्षित गर्भपतन गराउनेहरूको संख्या पनि उच्च छ।

सरकारले गर्भपतनलाई कानुनी मान्यता दिएपछि वयष्क महिलाहरू सुरक्षित गर्भपतनतर्फ आकर्षित भएको नेपाल परिवार नियोजन संघ सुनसरीले जनाएको छ तर बारम्बार गर्भपतन पाठेघरका लागि हितकर हुँदैन भन्ने ज्ञान भने कमै दम्पतीलाई छ। डा. पीपलराज शाक्य भन्छन्, 'गर्भपतन नियोजनको साधन होइन। यो त अन्तिम अवस्थामा अपनाइने उपाय मात्र हो तर कतिपय दम्पतीले यौनसम्पर्कको बेला लापरबाही अपनाएर गर्भपतनसम्म पुग्छन्। शाक्यका अनुसार पटक-पटक गर्भपतन गर्दा महिलाको यौनाङ्गमा संक्रमण, बाँझोपन एवं मानसिक तनाव पनि हुन्छ।

बढी गर्भपतन गराउँदा महिलाहरूमा मानसिक तथा शारीरिक समस्या देखापर्ने, पटक-पटक गर्भपतन गराए पाठेघरको क्यान्सर, रक्तश्राव, बाँझोपनजस्ता समस्या आउन सक्छन्। यस्ता जोखिम जति महिलाले उठाउनुपरेकाले जनचेतनाको आवश्यकता छ। परिवार नियोजनका रूपमा प्रयोग गर्न थालिएकाले गर्भपतनको संख्या बढेको नेपाल परिवार नियोजन संघ सुनसरी शाखा प्रबन्धक कुमार बस्नेतको धारणा छ।

बस्नेतका अनुसार संघमा वितेका चार महिनामा गर्भपतन गराउने वयष्क महिलाहरूको संख्या गत वर्षको यसै अवधिको तुलनामा उच्च छ। संघमा २०६४ माघदेखि २०६५ माघसम्म १ हजार ९ सय ५० जनाले सुरक्षित गर्भपतन गराएको बस्नेतले बताए तर २०६५ माघदेखि २०६६ वैशाखसम्म चार महिनाको अवधिमै १ हजार ४१ जनाले गर्भपतन गराइ सकेका छन्। बस्नेतका अनुसार गर्भपतन गराउने महिलाको संख्या यसरी नै बढ्ने हो भने ०६६ माघसम्ममा यो संख्या ४ हजारभन्दा बढी हुनेछ जुन गत वर्षको भन्दा दोब्बर हो। प्राप्त जानकारी अनुसार गर्भपतन गराउनेमध्ये ६० प्रतिशत विवाहित छन् भने बाँकी अविवाहित छन्। अविवाहितमध्ये होटल तथा रेस्टुराँमा काम गर्ने युवती, विद्यार्थी र अन्य रहेको संघले जनाएको छ।

पर्याप्त जनचेतना, विद्यालयमा यौनशिक्षा, परिवार नियोजनसम्बन्धी जानकारी तत्काल उपलब्ध गराउन सके यो संख्या कम हुने प्रबन्धक बस्नेतको धारणा छ। पछिल्लो चार महिनामा संघको धरान शाखाबाट २ सय ४२ र इटहरी शाखाबाट ८ सय ४९ जनाले गर्भपतन गराएका छन्। समाज, परिवार र विद्यालयमा यौन शिक्षाको अभाव भएकाले गर्भपतन गराउनेहरूको संख्या बढेको प्रबन्धक बस्नेतले बताए।

प्राईभेट TEST/SLC 2066
Computer Courses
English Language
TIME INSTITUTE
Technical Information for Multiple Education
Bagbazar Kathmandu, Nepal
Tel: 01-4239156 (Right Side to P.K. Campus)
मा धमाधम कक्षा संञ्चालन भइराखेको छ, चाँडै सम्पर्क गर्नुहोला।

तु-आवश्यकता

निर्यात उद्योगकोलागि काँटी, क्रुसले बुन्न जान्ने तथा JUKI मेशीनले ऊनी ज्याकेट, टोपी सिलाउन जान्ने ब्यक्तिहरुको आवश्यकता
रेणु श्रेष्ठ.:
4260073,4269701
फोन:१०-५शनिबार बन्द

# कस्तो कलेज रोज्ने ?



सागर शर्मा

अघिल्लो वर्षको नतिजाभन्दा अहिलेको एसएलसी नतिजामा पाँच प्रतिशत वृद्धि भएको छ। विगतका दिनहरूभन्दा अहिलेको परीक्षा केही सहज भएको पक्कै हो। एकातर्फ परीक्षाप्रणाली केही सहज भएको छ भने अर्कातर्फ कक्षा १० बाट मात्र प्रश्न सोध्ने गरिएको छ। फलस्वरूप विद्यार्थीहरूले कक्षा ९ मा पढेका कुरालाई स्मरण गरिरहनुपर्ने बाध्यता छैन र दुई वर्षको पाठ्यक्रम एकैपटकको परीक्षामा प्रस्तुत गर्नुपर्ने पनि छैन। प्रयोगात्मक परीक्षाको अंकभारमा वृद्धि हुनु पनि यो उत्तीर्ण प्रतिशत वृद्धि हुनुको एउटा कारक तत्त्व हो।

सहरका विद्यार्थीहरू त यही पढ्ने नै भए, गाउँतिरबाट पनि उपत्यकामा पढ्न आउनेहरूको अब लर्को नै चल्ने छ। त्यसो त केही विद्यार्थी 'ब्रिजकोर्स' गर्न पहिले नै आएर यहाँका कलेजहरूका बारेमा आवश्यक जानकारी लिइसकेका छन्। 'ब्रिजकोर्स इन्स्टिच्युट'बाट गरिने कलेज भ्रमण व्यवस्थाबाट पनि विद्यार्थीहरूले फाइदा नै लिए होलान्। फरक-फरक कलेजमा गएर त्यहाँको शैक्षिक स्तर र प्राप्त गर्न सकिने सुविधाका बारेमा ज्ञान लिएर आफूलाई उपयुक्त हुने कलेजको खोजी गर्न विद्यार्थीहरू सक्षम नै छन्। यद्यपि अहिले त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्र तह खारेज भएपछि विद्यार्थीहरूको ओइरो लाग्नेमा ढुक्क भएका, उपत्यकामा 'प्लस टु'हरूले देखाउने प्रलोभन र सुविधाहरूका बारेमा भने सजग नै हुनुपर्छ।

भविष्यको बाटो निर्धारण गर्न आफूलाई उपयुक्त हुने विषय छनौट गर्नुपर्ने कुरा एकातिर छ भने आफ्नो लक्ष्य प्राप्तिका लागि उपयुक्त हुने खालको कलेज छनौट गर्नुपर्ने कुरा अर्कातर्फ छ। छात्रवृत्तिमा लोभिनुभन्दा पनि अध्ययन-अध्यापनको गुणस्तरका सम्बन्धमा पर्याप्त जानकारी लिएर कलेज छनौट गर्नु उपयुक्त हुन्छ। प्रायः कलेजले विद्यार्थी संख्या बढाउन आकर्षक छात्रवृत्तिको व्यवस्था गरेका हुन्छन्, जसमा विद्यार्थीहरू सजिलै लोभिन सक्छन्। छात्रवृत्ति आफ्नो कुन गुणका आधारमा दिइएको हो भन्ने विषयमा राम्रोसँग विचार पुऱ्याउनुपर्छ। त्रिभुवन विश्वविद्यालयबाट प्रवीणता प्रमाणपत्र तह खारेज भएपछि प्लस टुमा करिब ५० हजार विद्यार्थी बढ्नेछन्। उता उच्च माध्यमिक शिक्षा परिषद्ले यत्रो विधि विद्यार्थीलाई थाम्न नसक्ने कुरा पनि बताउँदै आएको छ। त्यसैले विद्यार्थीहरूले बेलैमा राम्रोसँग विचार गरेर उपयुक्त हुने खालको कलेज छनौट गरी 'सिलेबस'का बारेमा पनि केही बुझ्नु राम्रो हुन्छ। कलेज छनौटमा आफ्ना दाइ, दिदी, अभिभावक तथा अन्य 'सिनियर' विद्यार्थीहरूको सहयोग लिन सकिन्छ, तर कसैको दबाबमा पर्ने भन्दा पनि अन्तिम निर्णय आफैंले लिनुपर्ने हुन्छ।

वर्तमानमा नाम चलेका कलेजहरूमा भर्ना एवं मासिक शुल्क औसत नेपालीले तिर्न नसक्ने स्थिति छ। अझ दुर्गम क्षेत्रमा सरकारी विद्यालयमा पढेका र शिक्षा शुल्क एकदमै न्यून तिरेका विद्यार्थीहरूका लागि नाम चलेका कलेजमा पढ्ने कुरा 'आकाशको फल, आँखा तरी मर' भनेजस्तै हुन सक्छ। आफ्नो आर्थिक स्तरअनुरूपको कलेज छनौट गर्नुपर्ने बाध्यता अधिकांश विद्यार्थीमा छ। सस्तो शुल्कमा त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तहमा पढ्ने सपना देखेका विद्यार्थीले प्राइभेट प्लस टुमा पढ्दा आर्थिक समस्यासँग पनि जुध्नुपर्ने हुनसक्छ। विभिन्न कलेजहरूमा दुर्गम, पिछडिएका, विपन्न आदि विद्यार्थीलाई कोटा छुट्याइएको हुँदा त्यसका बारेमा बेलैमा जानकारी लिइ आफ्नो सिट सुरक्षित गर्नुपर्ने हुन्छ। अर्कातर्फ त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तह खारेजीपछिको अवस्थाका सम्बन्धमा बुझी सरकारी पक्षबाट पनि पर्याप्त छात्रवृत्तिको व्यवस्था गरिनुपर्छ। उच्च माध्यमिक शिक्षा परिषद्द्वारा खुलेको छात्रवृत्ति बैंक पनि विद्यार्थीका निम्ति उपयोगी सावित हुन सक्छ।

आजका दिनसम्ममा कोही विद्यार्थी ब्रिजकोर्स पढ्नमा व्यस्त भए, कोही कम्प्युटर ज्ञान एवं भाषा ज्ञान लिनमा भने कोही व्यावहारिक तालिम लिन त कोही आफ्नै घरायसी काममा समेत व्यस्त भए होलान्। अब भने आफ्नो व्यस्ततालाई कलेज रोजाइमा केन्द्रित गर्नुपर्नेछ, किनभने आफूलाई उपयुक्त हुने कलेजबाट नै आफ्नो निर्धारित लक्ष्य चुम्न सकिन्छ। एउटै कलेजबाट निर्णय लिनेभन्दा पनि १० वटा कलेजका बारेमा कम्तीमा ५ फरक-फरक पक्षबाट जानकारी लिन सके मात्र उपयुक्त कलेज छनौट हुनसक्छ। चिल्ला र ठूला 'प्रोस्पेक्टस'बाट आकर्षित हुनुभन्दा पनि शुल्क, भौतिक अवस्था, उपलब्ध सुविधाहरू, शिक्षाविधि एवं उक्त कलेजमा पढेपछि आफू कस्तो भइनेछ भनेर पहिले नै विचार गर्ने अनि उपयुक्त लागे बल्ल भर्ना हुनु उपयुक्त हुन्छ।

एसएलसीमा जतिसुकै अंक आए पनि अबको समयले आफ्नो भविष्यको बाटो निर्धारण गर्नेछ। भविष्यलाई उज्यालो बनाउने कि अन्धकारमय भनेर सोच्ने समय यही हो। एउटा कुरा केचाहिं पक्का हो भने, जस्तोसुकै महँगो, सुविधायुक्त कलेजमा भर्ना भए पनि त्यहाँ आफ्नो लगनशीलताबिना लक्ष्य प्राप्त गर्न गाह्रै पर्छ अनि सस्तो, कम सुविधा भएको कलेजमा भर्ना भए पनि आफूले राम्रोसँग अध्ययन गरी प्रगति गर्दै जाने हो भने अवश्य नै भविष्य उज्ज्वल हुनेछ।






# रोजगारमुखी शिक्षातर्फ

**शिव मुखिया**

काठमाडौं– 'पारिवारिक स्थिति त्यति राम्रो थिएन । दुःखजिलो गरेर बीएसम्म अध्ययन गरें । अध्ययनपछि प्रमाणपत्र बोकेर कामको खोजीमा भौतारिएँ । जति प्रयास गर्दा पनि काम नभेटेपछि आजित भएर रोजगारीका लागि बिदेसिने निर्णय गरें । गाउँकै साहुसँग ऋण लिएर काठमाडौं आएँ, विदेश जानलाई । पढेलेखेको मानिसले विदेशमा राम्रै काम पाउँछ भनेको सुनेको थिएँ तर मैले लेबरभन्दा माथिल्लो तहको भिसा पाउन सकिनँ । अन्ततः मलेसियाको एक कन्ट्रक्सन कम्पनीमा मासिक ४ सय पारिश्रमिकमा सम्झौता गर्नुपर्‍यो ।' गोंगबु नयाँ बसपार्कस्थित एक गेस्ट हाउसमा भेटिएका राम गुरुङ यस्तै गुनासो पोख्दै थिए । झापाका गुरुङ तीनवर्षे मलेसिया बसाइपछि हाले नेपाल फर्किएका हुन् । 'शैक्षिक प्रमाणपत्रले मात्र केही हुँदो रहेनछ, खासमा त आफूमा सीप एवं दक्षता हुनुपर्छ,' रोजगारीका लागि लामो समय भौंतारिएका गुरुङले विदेशको रोजगारीपछि यही पाठ सिके । राम एउटा प्रतिनिधि पात्र मात्र हुन्, उनको जस्तो समस्या अधिकांश नेपाली युवायुवतीले भोगिरहेका छन् । यतिबेला थुप्रै युवायुवतीको हातमा शैक्षिक योग्यताको प्रमाणपत्र त छ, तर सीप र दक्षता छैन । पढेर पनि रोजगारविहीन हुनुको मुख्य कारक यही नै हो भन्न गाह्रो छैन ।

अदक्ष जनशक्ति तथा बढ्दो बेरोजगारीका कारण नेपाली युवावर्गले निम्न आयको तर जोखिमपूर्ण काममा चित्त बुझाउनु परिरहेको छ । सीप एवं दक्षताको अभावमै अधिकांश युवा रोजगारीका लागि बिदेसिने गरेका छन् र 'थ्री डी' अर्थात डर्टी, डेन्जरस् र डिफिकल्टी काम गरिरहेका छन् । स्वदेशमै पनि उनीहरूको अवस्था योभन्दा माथि उठेको छैन । नेपाली स्कुल, कलेजलाई 'बेरोजगार उत्पादन गर्ने कारखाना' भनेर टिप्पणी गर्ने युवाहरूले आफू स्वयंलाई सीप आर्जनको बाटोमा लगाएका छैनन् ।

यसै क्रममा सीपको अभावमा बढ्दो बेरोजगारी घटाउने उद्देश्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) ले विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । कृषि, इन्जिनियरिङ, जनस्वास्थ्य आदि विधामा प्राविधिक एवं व्यावसायिक तालिम दिँदै आएको सिटिइभिटीले बर्सेनि हजारौं दक्ष जनशक्ति उत्पादन गर्दै आएको छ । सिटिइभिटीको मातहतमा मुलुकभर सयौं संख्यामा प्राविधिक एवं व्यावसायिक तालिम केन्द्र एवं शिक्षालय सञ्चालनमा छन्, तर तालिमपछि कतिले रोजगारी पाए वा स्वरोजगारको बाटो अपनाए जस्ता विषयमा अनुगमन नहुँदा उसले प्रदान गर्दै आएको तालिमको प्रभावकारिता मूल्यांकन गर्न गाह्रो छ । विगतमा दिइएको तालिम कति प्रभावकारी भयो भन्ने सम्बन्धमा सिटिइभिटीले आफ्नै प्रयासमा एउटा अनुसन्धान गरेको थियो । उसको तथ्यांकमा विश्वास गर्ने हो भने तालिमपछि समग्रमा ६० प्रतिशतभन्दा बढीले रोजगार पाएको वा स्वरोजगारी अपनाएको पाइन्छ । सिटिइभिटीले सन् १९९४ मा इलेक्ट्रिकल, मेकानिकलमा तालिमपछि रोजगारीको स्थिति कस्तो छ भनेर अध्ययन गरेको थियो । अध्ययनले ८० प्रतिशतले रोजगारी पाएको देखायो । यसैगरी विभिन्न समयमा भिन्न-भिन्न विषयमा दिइएको तालिमपछिको स्थिति अध्ययन गर्दै आएको सिटिइभिटीले पछिल्लो समय सन् २००८ मा कन्ट्रक्सन, कृषि आदिमा अनुगमन गरेको थियो । पछिल्लो तथ्यांकले तालिमपछि ६० प्रतिशतले रोजगारी पाएको देखाएको छ । 'विगतमा जनशक्तिको माग बढी र आपूर्ति कम थियो तर अहिले त्यसको ठीक उल्टो भएको छ,' सिटिइभिटी अनुसन्धान तथा सूचना विभाग प्रमुख राजेन्द्र कार्की भन्छन् । तालिमपछि रोजगारी पाउनु वा नपाउनु तालिमको प्रभावकारितामा मात्र होइन, देशको स्थिति, आर्थिक अवस्थाजस्ता कुराले महत्त्व राख्ने उनको भनाइ छ ।

सिटिइभिटीले निम्न, मध्यम तथा उच्च स्तरको जनशक्ति उत्पादनका लागि रोजगारमुखी कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । त्यस्तै हातमा सीप भएकाहरूको सीप परीक्षण गरी सोहीअनुसारको प्रमाणपत्र दिने काम पनि भैरहेको छ । जसले थुप्रै युवायुवतीका लागि रोजगारीको बाटो मात्र खोलेको छैन, आत्मानिर्भरसमेत बनाइदिएको छ ।

कुनै पनि नेपाली नागरिकले बेरोजगार बस्न नपरोस् भन्ने लक्ष्य लिएको सिटिइभिटी मातहातमा १५ वटा प्राविधिक शिक्षालय र २ वटा सामुदायिक तालिम केन्द्र सञ्चालनमा छन् । यसैगरी ७ वटा बढु प्राविधिक शिक्षालय र २ सयभन्दा बढी निजी प्राविधिक संस्था मुलुकभर सञ्चालन गरिएको छ । सिटिइभिटीले ३ वर्षे डिप्लोमा कार्यक्रम पनि सञ्चालन गरिरहेको छ । परिषद्ले डिप्लोमा तहको कार्यक्रम सञ्चालनका निम्ति सहजकर्ताको भूमिका खेल्छ तथा यो कार्यक्रमको गुणस्तर बढाउन प्राविधिक सहयोग गर्छ । यी प्राविधिक संस्थाहरूले तीन प्रकारको तालिम प्रदान गर्छन् । छोटो अवधिको तालिम, प्राविधिक एसएलसी (टी एसएलसी) र डिप्लोमा कार्यक्रम ।

सिटिइभिटीले प्रदान गर्दै आएको तालिममा निरक्षरदेखि उच्च शिक्षा अध्ययन गरेका सम्मलाई लक्षित गरिएको छ । प्राविधिक छोटो एवं लामो अवधिका व्यावसायिक तालिममा निरक्षरदेखि उच्च अध्ययन गरेका सम्मलाई, एसएलसी अनुत्तीर्णका लागि प्राविधिक एसएलसी स्तरको टी एसएलसी कार्यक्रम र एसएलसी उत्तीर्णका लागि डिप्लोमा तहका कार्यक्रम छन् । अधिराज्यभर छरिएर रहेका परिषद्का आफ्नै शिक्षालय तथा सम्बन्धनप्राप्त कलेजहरूमा एसएलसी अनुत्तीर्ण अथवा टेस्ट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीबाट भर्ना आवदेन लिइन्छ, जसमा अनमी, अहेवजस्ता स्वस्थ्यसम्बन्धी विषयहरू तथा सब-ओभरसियर, आर्किटेक्चरजस्ता निर्माणसम्बन्धी विषयका साथै अन्य केही विषयमा प्रवेश परीक्षा उत्तीर्ण विद्यार्थीका लागि निश्चित संख्या छुट्याई अध्ययपन गराइन्छ । उक्त प्राविधिक तालिम पूरा गर्न एसएलसी अनुत्तीर्णलाई दुई वर्ष लाग्छ भने उत्तीर्णका लागि १५ महिना छुट्याइएको हुन्छ, तर भर्नाका लागि छनौट हुन अंग्रेजी, विज्ञान, गणितजस्ता विषयमा केन्द्रित रहेर प्रवेश परीक्षा दिनुपर्छ ।

यसका साथै एसएलसी उत्तीर्णका लागि अधिकांश प्राविधिक कलेजमा कृषि, स्वास्थ्य तथा निर्माणसम्बन्धी विषयहरू पनि अध्यापन गराइन्छ । केही प्राविधिक क्याम्पसले एसएलसीपछि तीनवर्षे डिप्लोमा स्तरमा मेकानिकल, नर्सिङ, हेल्थ असिस्टेन्ट आदि विषयमा पनि अध्यापन गराउँछन्, जुन डिप्लोमा स्तर प्रवीणता प्रमाणपत्र उत्तीर्ण गरेसरह हुन्छ । यसका लागि पनि सिटिइभिटीले प्रत्येक वर्ष आवेदन माग गर्छ । डिप्लोमा स्तरका विषयहरूमा आवेदन दिन एसएलसी वा सो सरहको परीक्षामा अंग्रेजी, विज्ञान तथा गणित विषय लिई कम्तीमा ५० प्रतिशत अंक प्राप्त गरेकै हुनुपर्छ भने कृषिका लागि ४५ प्रतिशत अंक प्राप्त गरेकै हुनुपर्छ । डिप्लोमा भन्दा तल्लो तहको तालिमका लागि छुट्टा-छुट्टै विषयमा अलग-अलग प्रावधान छ । आवेदन दिएका विद्यार्थीहरूले अंग्रेजी, गणित तथा विज्ञान विषयको वस्तुगत परीक्षा दिनुपर्छ ।

**मान्यता**

सिटिइभिटीले हालसम्म टी एसएलसी र तीनवर्षे डिप्लो तहका विविध कोर्स सञ्चालन गर्दै आएको छ । टी एसएलसी उत्तीर्ण गरेका विद्यार्थीहरूले सरकारी सेवामा राजपत्र अनंकित द्वितीय श्रेणी, प्राविधिक सेवाका (खरिदारसरह) को मान्यता पाउँछन् । तीनवर्षे डिप्लोमाको विविध कोर्सलाई त्रिभुवन विश्वविद्यालयलयले प्रवीणता प्रमाणपत्रतहको समकक्षता प्रदान गरेको छ । यो कोर्स उत्तीर्ण विद्यार्थीहरू सरकारी सेवामा राजपत्र अनंकित प्रथम श्रेणी प्राविधिक (नायब सुब्बा वा सो सरह) का लागि योग्य मानिन्छन् ।

**सञ्चालित कोर्सहरू**

सिटिइभिटीले तीन प्रकारका शैक्षिक कार्यक्रमलाई अघि बढाएको छ । सिटिइभिटीका आफ्नै आंगिक, सिटिइभिटीको सहजीकरणमा समुदाय र सरकारको सहकार्यमा एनेक्स कार्यक्रम र सिटिइभिटीको सम्बन्धन लिएर निजी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरू छन् । सिटिइभिटीले सम्बन्धन दिएका कलेजमध्ये स्टाफ नर्स, एचए, फार्मेसी, डेन्टल, कम्प्युटर इलेक्ट्रोनिक, सर्भेइङ, सिभिल, मेकानिकल इन्जिनियरिङ, फुड टेक्नोलोजी, मेकानिकल आदि पर्छन् । यस्तै टी एसएलसीका १ सय ३ वटा संस्थालाई सीएमए, जेटिए, इलेक्ट्रिकल, मेकानिकल, अनमी, ल्याब, सामूहिक ओरल, हाइजेनिस्ट, सोसल मोबिलाइजर, अफिस जिएमएम, जुनियर कम्प्युटर टेक्निसियनजस्ता विषयमा सम्बन्धन दिएको छ, जसमध्ये ११ वटा काठमाडौंमा सञ्चालित छन् जहाँ अध्ययनका लागि एसएलसीमा ५५ प्रतिशतभन्दा माथि अंक ल्याई असारको प्रवेश परीक्षामा सामेल हुनुपर्छ । यसबाहेक छोटो अवधिको प्राविधिक तथा व्यावसायिक तालिमका लागि ३८ वटा संस्थालाई सम्बन्धन दिइएको छ, जसमध्ये १७ वटा कलेज काठमाडौंमा छन् । सिटिइभिटीले तयार पारेको पाठ्यक्रममा रहेर यो शैक्षिक संस्थाले अध्ययपन गराउँछ ।

**टी एसएलसी :** यो तहअन्तर्गत कृषिमा भेटेनरी जेटीए, साधारण कृषि जेटीए र इन्जिनियरिङतर्फ सब ओभरसियर, जुनियर कम्प्युटर टेक्निसियन, इलेक्ट्रिकल आदि विषय पढ्न पाइन्छ । यसैगरी जनस्वास्थ्यतर्फ सीएमए, अनमी, डेन्टल हाइजेनिस्ट, ल्याब असिस्टेन्ट र विकास तथा व्यावस्थापनतर्फ सोसियल मोबिलाइजर, कार्यालय व्यावस्थापनजस्ता विषय अध्ययन गर्न सकिन्छ ।

**डिप्लोमा :** यो तहअन्तर्गत कृषितर्फ आईएस्सी एजी, डिप्लोमा इन फुड, डेरी टेक्नोलोजी र इन्जिनियरिङतर्फ डिप्लोमा इन सिभिल इन्जिनियरिङ, डिप्लोमा इन सर्भे इन्जिनियरिङ, डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ आदि विषय पढ्न पाइन्छ । यसैगरी जनस्वस्थ्यअन्तर्गत जनरल मेडिसिन (प्रमाणपत्र तह), नर्सिङ (प्रमाणपत्र तह), डिप्लोमा इन फार्मेसी, डिप्लोमा इन रेडियोग्राफी, डिप्लोमा इन डेन्टल साइन्सजस्ता विषय पढ्न पाइन्छ ।

**सीप परीक्षण**

साधारण लेखपढ गर्न सक्नेको सीपका आधारमा सिटिइभिटीले सीप परीक्षण तथा प्रमाणीकरण गरिदिन्छ । विभिन्न व्यावसाय, पेसा तथा तहको सीप प्रमाणित गर्दै सीपको वर्गीकरण गर्ने तथा सीपको स्तर तर्जुमा गरी प्रमाणपत्र उपलब्ध गराउँदै आएको छ । अनौपचारिक रूपले हासिल गरेको सीप परीक्षण गर्न इच्छुक व्यक्तिहरू यसबाट लाभान्वित हुन सक्छन् ।

२०४० सालमा राष्ट्रिय सीप परीक्षणमार्फत दिइने योग्यताको प्रमाणपत्रको पनि तह निर्धारण गरिएको हुन्छ । मुखियासरहका लागि लेभल वान, खरदारका लागि लेभल टु, प्राविधिक नासुका लागि लेभल थ्रि तथा प्राविधिक अधिकृतका लागि लेभल फोर प्रमाणपत्र प्रदान गरिन्छ ।

**एनएक्स कार्यक्रम**

लक्षित समूहको घरदैलोमा प्राविधिक शिक्षा एवं व्यावसायिक तालिमको पहुँच पुर्‍याउने हेतुले सिटिइभिटीअन्तर्गत एनएक्स कार्यक्रम सञ्चालित छ । सिटिइभिटी मातहतको सीमित संख्याका विद्यालयले लक्षित समूहको ठूलो हिस्सालाई समेट्न नसक्ने निजी क्षेत्रका शिक्षालयहरूको महँगो शुल्कका कारण पिछडिएका वर्गहरू सीप विकासको अवसरबाट वञ्चित हुनुपर्ने अवस्थालाई मध्यनजर गर्दै यो कार्यक्रम सञ्चलनमा ल्याइएको हो ।

विभिन्न भेगका सामुदायिक विद्यालयहरूमा यो कार्यक्रम सञ्चालित छ । यी विद्यालयहरूले सिटिइभिटीको सम्बन्धन लिएर आफ्नो पाठ्कमबाहेक छुट्टै प्राविधिक एवं व्यावसायिक शिक्षा सञ्चालन गरेका छन् । यसरी एनएक्स कार्यक्रम सञ्चालन गर्ने १५ विद्यालयलाई नेपाल सरकारको आर्थिक सहयोग प्राप्त हुन्छ भने ४ विद्यालयले आफ्नै स्रोतमा यो कार्यक्रम सञ्चालन गरेका छन् ।


कुक, केयर गिभर र होटल तालिम
कुक, केयर गिभर, हिब्रु भषा, बेकरी, वेटर, रुममेड, सेल्स ब्वाइ/गर्ल्स
अमेरिका, जापान, अष्ट्रेलिया जानेहरुको लागि विशेष तालिमको व्यवस्था
५ तारे होटलमा ट्रेनिङ्को व्यवस्था
SLC दिएका विद्यार्थीहरुलाई विशेष छुट
KIHM
कुपण्डोल, धापाथली पुलनजिक, ललितपुर
Tel: 5523648, 2111340, 2111404

poland
Internship Program
Training + Job
Salary : 80000 +OT
Facilities:Lodging + Fooding
No qualification | No age bar
NO VISA NO CHARGE
Standard World Consultancy
Gyaneshwor, Ktm 1-2134449

धेरै सस्तो ट्रेनिङ्ग
Computer: Basic course 399/-, Graphic :-1499/-, Tally, Fact:- 999/-, Web page:- 4000/-
Language: English :-500/-, Japanes:-1200/-, र special class को पनि गराईन्छ।
सम्पर्क राख्नुहोस
पत्रपत्रिकामा विज्ञापन राख्नु परेमा जुनसुकै पदको कर्मचारी चाहिएमा
100% Job Guarantee Training
Accountant, Receptionist, waiter
माइतिघर:- 4256332/2052543
Namo:Buddha Media & consultancy

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इत्यादि)
Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल, Ktm
Ph:- 4363215, 2315801




# कस्तो छ प्लस टुको पाठ्यक्रम ?



**विदुर खतिवडा**

काठमाडौं– उच्च माध्यमिक शिक्षा परिषद्ले यो वर्षदेखि कक्षा १२ को पाठ्यक्रममा केही नयाँ विषयमा अध्यापन प्रारम्भ तथा केही पुराना पाठ्यक्रममा परिवर्तन गर्ने निर्णय गरेको छ। परिषद्ले गत वर्ष नै सार्वजनिक सूचना जारी गरेर सोही वर्षको कक्षा ११ र यो वर्षको कक्षा १२ मा लागू हुने गरी नयाँ तथा परिमार्जित पाठ्यक्रम लागू हुने जानकारी गराएको थियो।

परिषद्का अनुसार कक्षा १२ मा जेन्डर स्टडिज, फुड एन्ड न्युट्रिसन, रुरल डेभलपमेन्ट, एलिमेन्ट अफ फिनान्स, को-ओपरेटिभ म्यानेजमेन्ट, जनरल ल, लाइब्रेरी एन्ड इन्फरमेसन साइन्स, केमेस्ट्री एजुकेसन, इन्भाइरोमेन्ट एजुकेसन, जनरल कन्सेप्ट अफ एजुकेसन, इन्ट्रोडक्सन टु एजुकेसनल साइकोलोजीको नयाँ पाठ्यक्रममा अध्ययन सुविधा मिलाइएको छ। यसैगरी गत वर्ष कक्षा ११ मा इन्ट्रोडक्सन टु एजुकेसन, इन्स्ट्रक्सनल पेडाजोजी, रुरल डेभलपमेन्ट, एलिमेन्ट अफ फिनान्स, को-अपरेटिभ म्यानेजमेन्ट, जनरल ल, लाइब्रेरी एन्ड इन्फरमेसन साइन्स, फिजिक्स एजुकेसन, बायोलोजी एजुकेसन, इन्भाइरोमेन्ट एजुकेसन गरेर १० वटा विषयका नयाँ पाठ्यक्रममा अध्ययन गर्न पाउने जानकारी परिषद्ले दिएको थियो। यसैगरी गत वर्षबाट कक्षा ११ र यो वर्षबाट १२ मा लागू हुने गरी फिजिक्स, बायोलोजी र सोसियोलोजीको पाठ्यक्रम परिमार्जन गरिएको छ। यस्तै कक्षा १२ को कन्टेमपोररी सोसाइटी, चाइल्ड डेभलपमेन्ट एन्ड लर्निङको पाठ्यक्रम पनि परिमार्जन गरिएको छ।

समयसापेक्ष पाठ्यक्रममा विद्यार्थीलाई शिक्षित बनाउने उद्देश्यअनुरूप परिषद्ले नयाँ पाठ्यक्रम विकास तथा पुरानो पाठ्यक्रममा परिमार्जन गर्दै लगेको बताएको छ। 'प्लस टु पाठ्यक्रमका कारण पनि लोकप्रिय भएको हो,' शिक्षाविद विद्यानाथ कोइराला भन्छन्- 'प्रवीणता प्रमाणपत्र तहको वर्षौं पुरानो पाठ्यक्रमको तुलनामा प्लस टुको विविधतापूर्ण आधुनिक पाठ्यक्रम धेरै राम्रो मानिन्छ।' यद्यपि त्रिभुवन विश्वविद्यालयले यो वर्षदेखि प्रवीणता प्रमाणपत्र तह खारेज गरेको छ। ३० वर्षे प्रवीणता प्रमाणपत्र तहको पाठ्यक्रम हालसम्म परिमार्जन नहुनुले पनि यो प्रणाली विसर्जन उन्मुख रहेको अर्का शिक्षाविद् तीर्थ खनियाँ बताउँछन्।

शिक्षाविद कोइरालाका अनुसार प्लस टु धेरै विषयका पाठ्यक्रमसँगै अध्यापन शैलीमा पनि समयसापेक्ष देखिएको छ। त्यसबाहेक अहिले आएर थप विषयका पाठ्यक्रम र पाठ्यक्रम परिमार्जनजस्ता कुरामा पनि परिषद्ले आफूलाई अपडेट गरेको कोइरालाको भनाइ थियो। प्रमाणपत्र तहको साँघुरो पाठ्यक्रमको तुलनामा आफ्ना कार्यक्रममा विविधता भएको परिषद् पनि जिकिर गर्छ। परिषद् पाठ्यक्रम शाखा प्रमुख रामचन्द्र पाण्डेका अनुसार यो वर्ष कक्षा १२ मा पाठ्यक्रम थप तथा केही पुराना पाठ्यक्रममा परिमार्जनबाहेक पाठ्यक्रममा नयाँ परिवर्तन गरिएको छैन्, तर आगामी वर्षहरूमा अन्य थुप्रै विषय थप तथा परिमार्जन हुनेछन्।

एसएलसी उत्तीर्ण ७० प्रतिशतभन्दा बढी विद्यार्थी प्लस टु मा भर्ना हुने गरेका छन्। प्लस टुबाहेक ए लेभल, एसएलसीपछि सोझै प्राविधिक शिक्षा र वैदेशिक अध्ययनमा जाने विद्यार्थीहरू करिब ३० प्रतिशत हुने शिक्षाविद्हरू बताउँछन्। उच्च माध्यमिक शिक्षा परिषद्का प्रवक्ता नारायण कोइराला भन्छन्- 'पाठ्यक्रम उत्कृष्ट हुनु नै प्लस टु लोकप्रिय हुने मुख्य आधार हो।' कोइरालाका अनुसार अन्तर्राष्ट्रिय मापदण्डको प्लस टुको पाठ्यक्रम प्रत्येक वर्ष केही न केही परिवर्तन हुनुले पनि परिषद् पाठ्यक्रमप्रति सचेत रहेको स्पष्ट हुन्छ।

प्लस टु लोकप्रिय हुनुमा यसको चुस्त शैक्षिक कार्यक्रमले भूमिका खेलेको प्रवक्ता कोइराला बताउँछन्। 'व्यावहारिक शिक्षा पद्धतिमा जानुपर्छ भन्ने मान्यताअनुरूप हामीले शैक्षिक कार्यक्रम विकास गरेका छौं,' प्रवक्ता कोइराला भन्छन्- 'विद्यार्थीले रोजेको विषयमा विशिष्टता हासिल गर्न सहज होस् भनेर तलदेखि नै रोजाइकै विषयमा जान प्लस टुले बाटो बनाउने काम गरेको छ।'

प्लस टु तहमा होटल म्यानेजमेन्ट, आमसञ्चार तथा पत्रकारिता, पर्यटन, समाजशास्त्र, दर्शनशास्त्र, सहकारी व्यवस्थापन, सामान्य कानुन, ग्रामीण विकास, पुस्तकालय तथा सूचना विज्ञान अन्य भाषागतजस्ता व्यावहारिक तथा सैद्धान्तिक विषय समेटिएका छन्।

विद्यार्थीले प्लस टुमा विज्ञान, व्यवस्थापन, मानविकी तथा शिक्षाशास्त्र संकायअन्तर्गत रहेर यी विषय अध्ययन गर्ने अवसर पाउँछन्। परिषद्का प्रवक्ता कोइरालाका अनुसार आधुनिक शिक्षातर्फ उन्मुख विषयमा आधारित पाठ्यक्रम विकासमा परिषद्ले जोड दिँदै आएकाले विद्यार्थीले चारवटा संकायअन्तर्गत आफ्नो लक्ष्य निर्धारण गरेर उच्च शिक्षा हासिल गर्न सक्छन्।

प्लस टुको शैक्षिक पाठ्यक्रम स्तरीय भए पनि विश्वविद्यालय तहअन्तर्गत स्नातक तहदेखिको पाठ्यक्रम स्तरीय हुन नसकेको शिक्षाविद्हरू बताउँछन्। प्लस टु गरेका विद्यार्थीको शैक्षिक वातावरण सुहाउँदो शिक्षा विश्वविद्यालयमा नहुनुले उनीहरू त्यहाँ पुग्दा 'बालुवामा पानी हालेजस्तो हुने' टिप्पणी शिक्षाविद्हरू गर्छन्। 'माथिको शैक्षिक प्रणालीमा सुधार नगरेसम्म प्लस टु शिक्षा जति नै राम्रो भए पनि समग्र शैक्षिक उपलब्धि प्राप्त हुन सक्दैन,' पिनाकल कलेजका प्रिन्सिपल ऋषि तिवारी भन्छन्- 'त्यसैले अब विश्वविद्यालयले पनि समय अनुसार शैक्षिक पाठ्यक्रममा परिवर्तन ल्याउन सक्नुपर्छ।'

प्लस टु शैक्षिक पाठ्यक्रममा खोट लगाउने स्थान पनि पर्याप्त भएको एकथरी विज्ञ बताउँछन्। प्लस टुमा व्यावसायिकता एवं क्षणिक आकर्षण आकर्षणका विषयलाई मध्यनजर गरेर राम्रा र पढ्नैपर्ने विषयलाई समायोजन नगरी व्यावसायिक तालिमका भरमा पूरा गर्न सकिने पाठ्यक्रममा जोड दिइएको विज्ञहरू बताउँछन्। प्लस टु उच्च शिक्षाको आधार भएकाले बहुआयामिक विषयको पाठ्यक्रममा जोड दिइनुपर्ने उनीहरूको तर्क छ।

प्लस टु पाठ्यक्रम एकल पथ उन्मुख पाठ्यक्रम हो। जसमा विद्यार्थीले ऐच्छिक विषय राखेर अध्ययन गर्न पाउँछन्। उच्च शिक्षाका क्रममा कुनै पनि संकायमा जानेभन्दा पनि प्लस टुको शिक्षालाई माध्यमिक स्तरको शिक्षा मानेर विद्यार्थीको रोजाइअनुरूपका विषयमा अध्ययन गर्न पाउने सुविधा एकलपथ हो, तर अहिलेको अवस्थामा परिषद्को प्लस टुलाई एकलपथ मान्न सकिँदैन। किनकि प्लस टुमा एसएलसी उत्तीर्ण विद्यार्थीले विश्वविद्यालयमा जस्तै विज्ञान, व्यवस्थापन, मानविकी र शिक्षा शास्त्र संकायअन्तर्गत कुनमा अध्ययन गर्ने हो त्यही संकाय रोज्नुपर्छ। शिक्षाविद् तीर्थ खनियाँका अनुसार परिषद्ले नयाँ विषयको पाठ्यक्रममा ध्यान दिए पनि संरचनागत पुरानो ढर्रालाई अझै छोड्न सकेको छैन्। प्लस टुलाई माध्यमिक स्तरकै शिक्षा मान्ने हो भने यसमा विशिष्टीकरणका लागि छुट्टाछुट्टै संकायको आवश्यकता नै छैन। त्यसकारण एकलपथ उन्मुख पाठ्यक्रम लागू गर्नेतर्फ परिषद् व्यावहारिक हुन सकेको छैन।

पछिल्ला दिनहरूमा १ देखि ८ कक्षासम्मलाई प्राथमिक र ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक स्तर मानेर शैक्षिक कार्यक्रम अघि बढाउने नीति सरकारले लिएको छ। जसअनुसार कक्षा ९ देखि १२ सम्मको शैक्षिक कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी परिषद्को काँधमा आइपर्न सक्छ। त्यसो भए परिषद्ले कक्षा ९, १०, ११ र १२ को शैक्षिक पाठ्यक्रम नयाँ ढंगले निर्माण गर्नुपर्छ।

परिषद्को अहिलेको पाठ्यक्रम परिषद्अन्तर्गतकै आफ्नै पाठ्यक्रम विकास समितिले तयार गरेको हो। त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरू सम्मिलित विषय समितिले पाठ्यक्रम विकास समितिअन्तर्गत रहेर यी पाठ्यक्रम निर्माण गरेका हुन्। अर्को मुख्य कुरा, परिषद् मात्र यस्तो तह हो, जहाँ पाठ्यक्रम विकासका लागि पाठ्यक्रम विकास केन्द्र छैन। माध्यमिक र विश्वविद्यालय तहमा पाठ्यक्रम विकास केन्द्र भए पनि प्लस टुमा यसको आवश्यकता महसुस गरिएको छैन, तर शिक्षाविदहरू अब परिषद्भित्र पनि पाठ्यक्रम विकास केन्द्र आवश्यक भैसकेको उल्लेख गर्छन्।

### कक्षा ११ का लागि स्वीकृत विषयका पाठ्यक्रम

अनिवार्य अंग्रेजी, अनिवार्य नेपाली, ऐच्छिक अंग्रेजी, ऐच्छिक नेपाली, भौतिक शास्त्र, रसायन शास्त्र, जीव विज्ञान, गणित, भूगोल, बुम, लेखा, अर्थशास्त्र, ओएमएसपी, कम्प्युटर साइन्स, एजुकेसन पेडाजोजी, शिक्षा शिक्षण विधि, टिचिङ म्याथ, टिचिङ नेपाली, टिचिङ इङ्लिस, स्वास्थ्य र शारीरिक शिक्षा, जनसंख्या शास्त्र, मैथिली, नृत्य, मनोविज्ञान, संगीत, इतिहास, राजनीति शास्त्र, हिन्दी, आमसञ्चार तथा पत्रकारिता, गृह विज्ञान, संस्कृति, नेवारी, होटल म्यानेजमेन्ट, समाजशास्त्र, ट्राभल एन्ड टुरिज्म, दर्शनशास्त्र, कृषि, भाषा (फ्रेन्च, जापानी, उर्दू, जर्मन), भाषा विज्ञान (अंग्रेजी, नेपाली) इन्ट्रोडक्सन टु एजुकेसन, इन्स्ट्रक्सनल पेडाजोजी, रुरल डेभलपमेन्ट, इलेमेन्ट अफ फिनान्स, को-अपरेटिभ म्यानेजमेन्ट, जनरल ल, लाइब्रेरी एन्ड इन्फरमेसन साइन्स, फिजिक्स, बायोलोजी, इन्भाइरोमेन्ट।

### कक्षा १२ का लागि स्वीकृत विषयका पाठ्यक्रम

अनिवार्य अंग्रेजी, अनिवार्य नेपाली, ऐच्छिक अंग्रेजी, ऐच्छिक नेपाली, भौतिक शास्त्र, रसायन शास्त्र, जीव विज्ञान, गणित, भूगोल, बुम, लेखा, अर्थशास्त्र, ओएमएसपी, कम्प्युटर साइन्स, एजुकेसन पेडाजोजी, शिक्षा शिक्षण विधि, टिचिङ म्याथ, टिचिङ नेपाली, टिचिङ इङ्लिस, स्वास्थ्य र शारीरिक शिक्षा, जनसंख्या शास्त्र, मैथिली, नृत्य, मनोविज्ञान, संगीत, इतिहास, राजनीति शास्त्र, हिन्दी, आमसञ्चार तथा पत्रकारिता, गृह विज्ञान, संस्कृति, नेवारी, होटल म्यानेजमेन्ट, समाजशास्त्र, ट्राभल एन्ड टुरिज्म, दर्शनशास्त्र, कृषि, भाषा (फ्रेन्च, जापानी, उर्दू, जर्मन), भाषा विज्ञान (अंग्रेजी, नेपाली), रुरल डेभलपमेन्ट, एलिमेन्ट अफ फिनान्स, को-ओपरेटिभ म्यानेजमेन्ट, जनरल ल, लाइब्रेरी एन्ड इन्फरमेसन साइन्स, इन्भाइरोमेन्ट।

### कक्षा १२ मा मात्र अध्ययन गर्नुपर्ने विषयहरू

बालविकास तथा सिकाइ (एजुकेसन पेडाडोजीको सट्टा), टिचिङ साइन्स, टिचिङ सोसियल स्टडिज, बिजनेस म्याथम्याटिक्स, मार्केटिङ, शिक्षा प्रविधिको परिचय, प्राथमिक शिक्षा, वातावरणीय शिक्षा, इन्स्ट्रक्सनल इभालुएसन, प्राक्टिकम, इन्स्ट्रक्सनल अर्गनाइजेसन, कन्टेम्पररी साइन्स, जनरल म्याथम्याटिक्स, जनरल साइन्स, ग्रामीण अर्थशास्त्र तथा स्पेसल निड एजुकेसन, जेन्डर स्टडिज, फुड एन्ड न्युट्रिसन, केमेस्ट्री, जनरल कन्सेप्ट अफ एजुकेसन, इन्ट्रोडक्सन टु एजुकेसनल साइकोलोजी।

### समकक्षता प्रदान

उच्च माध्यमिक शिक्षा परिषद्ले सिटिइभिटीअन्तर्गत तीनवर्षे पाठ्यक्रममा अध्ययन गरेका हेल्थ साइन्सका विद्यार्थीलाई ६ सय पूर्णाङ्क बराबरको परीक्षा दिएपछि समकक्षता प्रदान गर्ने बताएको छ। पाठ्यक्रम शाखा प्रमुख रामचन्द्र पाण्डेका अनुसार अंग्रेजी, नेपाली, फिजिक्स, केमेस्ट्री र बायोलोजीमा ६ सय पूर्णांकको परीक्षा उत्तीर्ण गरे विद्यार्थीले प्लस टु साइन्स अध्ययन गरे बराबर मानिनेछ।

## न्ह्यूको पच्चीस वर्ष



**साप्ताहिक समाचार**

काठमाडौं- संगीतकार न्ह्यु बज्राचार्य संगीतकार भएको रजत अर्थात् २५ वर्ष पुगेको छ। केही चलचित्रमा संगीत भरेका न्ह्यू त्यसपछि सुगम संगीततर्फ लागे। यसबीच उनी एक पटक पनि एकल कार्यक्रमका लागि तयार भएनन्। आनी छोइङको 'फूलको आँखामा फूलै संसार' होस वा निमा रुम्बाको 'एकफेर बोलिदिए हुन्थ्यो' अथवा धेरै गायक-गायिकको स्वर भरिएको 'शान्ति लुकाऊँ कहाँ' वा गायक रामकृष्ण ढकालको परिचय बनेको 'ओराली लागेको हरिणको चाल भो' आदि गीतका सर्जक बज्राचार्य भोलि शनिबार साँझ जीवनकै पहिलो एकल कार्यक्रममा आफ्ना गीतहरूका साथ नेपाल एकेडेमीको हलमा उपस्थित हुँदैछन्।

स्याक म्युजिकले आयोजना गर्ने 'एकैछिन' शीर्षकको सांगीतिक कार्यक्रममा विदेशमा भएका कारण गायक रामकृष्ण ढकालको उपस्थिति नहुने भए पनि निमा रुम्बा, आनी छोइङ डोल्मा, सत्यराज आचार्य, स्वरूपराज आचार्य, सिने गुरुङ आदि कलाकारले उनका गीत प्रस्तुत गर्नेछन् भने बज्राचार्य स्वयंले पनि केही गीत सुनाउनेछन्। आयोजकहरूका अनुसार कार्यक्रमबाट उठेको रकम गरिब बालबालिकाहरूको शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा कार्यरत संस्था सेवा समाजको कोषमा जानेछ।

## प्रचण्ड, रामचन्द्र, झलनाथ, शेरबहादुर र गगनसँग दीपक-दीपा, जितु, सिताराम, शिवहरि र केदारको फुटबल भिडन्त

**साप्ताहिक समाचार**

काठमाडौं– शीर्षक पढ्दै रोचक लाग्ने फुटबल भोलि शनिबार दिनको दुई बजेदेखि उपत्यकाको दशरथ रंगशालामा खेलिँदैछ। नेपाल कम्युनिस्ट पाटी माओवादीका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका संसदीय दलका नेता रामचन्द्र पौडेल, नेपाल कम्युनिस्ट पार्टी एमालेका अध्यक्ष झलनाथ खनाल, नेपाली कांग्रेसका नेता तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, नेपाली कांग्रेसका युवा नेता गगन थापालगायत नवीन्द्रराज जोशी, गायत्री साह, वर्षमान पुन 'अनन्त', चन्द्रबहादुर 'सागर', रवीन्द्र अधिकारीसहित ११ जना सभासद टेलिभिजनका हास्यश्रृंखला 'तीतो सत्य', 'जीरे खुर्सानी' र 'मेरी बास्सै'का प्रमुख कलाकारहरूसँग मैत्रीपूर्ण खेल खेल्दैछन्। भलिबल खेलाडी दिनेश बानियाँको उपचारार्थ सहयोग रकम जुटाउन यो प्रतियोगिता हुन लागेको आयोजक टेलिभिजन कलाकर्मी मञ्चले जनाएको छ।

## फिल्मी खबर

### मेरो प्यारो माइतीघर

उदय सुब्बाको निर्देशनमा चलचित्र 'मेरो प्यारो माइतीघर'को छायांकन भैरहेको छ । राजेश हमाल, दिलीप रायमाझी, झरना थापा, अरुणिमा लम्साल आदि कलाकारको मुख्य भूमिका रहने यो चलचित्रमा चेतन सापकोटाको संगीत सुन्न पाइनेछ । चलचित्रको छायांकन यही सातासम्ममा सकिने बताइएको छ ।

### जिपी बदमास मखु

चिराग फिल्म प्रोडक्सनको ब्यानरमा नेपालभाषाको चलचित्र 'जिपी बदमास मखु' को निर्माण सम्पन्न भएको छ । यो चलचित्रको संवाद तथा निर्देशन सुरेन्द्र तुलाधरको छ । यो चलचित्र समाजका भद्र ठूलाबडाहरूले निर्दोष युवाहरूमाथि झूटा आरोप लगाएर कसरी अन्याय-अत्याचार गर्छन् तथा आफूलाई निर्दोष साबित गर्न युवाहरूले कतिसम्म दुःख झेल्दै समस्यामाथि जाइलाग्छन् भन्ने कथामा आधारित छ । चलचित्रमा द्वन्द्व, कमेडी तथा गीत-संगीतलाई पनि समेटिएको छ ।



### कालापानी

नेपालको विशेषतः उत्तर-पश्चिम भेगमा भैरहेको सीमा अतिक्रमणको विषयमा बन्न लागेको ऐतिहासिक चलचित्र 'कालापानी' को छायांकन आरम्भ भएको छ । निखिल उप्रेती, दिलीप रायमाझी, सञ्चिता लुइँटेल, मिथिला शर्मा, ऋचा घिमिरे, मुकुन्द थापा, विरुभाइ बज्राचार्य, ममता दास, विरु नेपाल आदि कलाकारले अभिनय गर्ने चलचित्र 'कालापानी' लाई युवा निर्देशक उद्धव अविदितले निर्देशन गर्दैछन् । सिलुट इन्टरटेन्मेन्ट प्रा.लि.का लागि गुणराज राजभण्डारी निर्माता रहेको 'कालापानी' मा द्वन्द्व राम-जनक, सङ्गीत सुरेश अधिकारी तथा नृत्य कविराजको रहनेछ ।

### फर्ज आउने

निर्देशक मदन घिमिरेको चलचित्र 'फर्ज' आजैबाट सार्वजनिक हुने भएको छ । नायक शिव गिरीको निर्माण एवं उनकै केन्द्रीय भूमिका रहेको यो चलचित्रमा रमित ढुंगाना, ऋचा घिमिरे, युना उप्रेती, अर्जुन कार्की आदि कलाकारको मुख्य भूमिका छ । फर्जमा दीपक बान्तवाको छायांकन, बनिष शाह र विपिन मल्लको सम्पादन तथा हिमाल केसीको द्वन्द्व निर्देशन हेर्न पाइनेछ ।

**म साधारण लेखपढ गर्न जान्ने अविवाहित युवती हुँ । आफ्ना निम्ति एउटा बेग्लै संसार खोज्ने चाहना हरेक मानिसमा हुन्छ । म पनि सप्तरंगी सपना बुन्दै सुन्दर भविष्यको दैलो पोत्न तयार थिएँ । विडम्बना मानिसलाई समयको ज्वारभाटाले दास बनाउँदो रहेछ । जसको बहावसँगै मेरो जीवनमा त्यस्तो मोड आयो, जसले मेरो दैनिकीलाई पुरै परिवर्तन गरिदियो । अचानक एक व्यक्तिसँग मेरो प्रेम झांगिँदै गयो । हाम्रो सम्बन्ध यहाँसम्म आइपुगेछ कि म उसको उपस्थितिबिनाको संसारको कल्पना पनि गर्न सक्दिनँ । उसको घरमा श्रीमतीसहित तीन छोरी र दुई छोरा छन् । हाल ऊ मलेसियामा कार्यरत छ । हाम्रो फोनमा कुराकानी भैरहन्छ । ऊ मलेसिया उडेको मात्र १३ महिना भयो, तर यो मेरा निम्ति राम–सीताको १४ वर्षको वनवासभन्दा पनि कठोर भएको छ । उसले मलाई छिट्टै विवाह गर्न दबाब दिइरहेको छ । म उसलाई स्वीकार गर्न तयार छु । ऊसँग मैले विवाह गरें भने मेरो पारिवारिक इतिहास नै लज्जित हुनेछ र निश्चित रूपमा मेरो अनुहार पनि सुकिलो हुनेछैन । म मेरो अभिभावक र समाजको काँधमा प्रहार गर्न किमार्थ तयार छैन । मैले जीवनमा हारको पीडा खेपेकी छैन । दुर्भाग्यवश अन्धो प्रेमका कारण जीवनमा पहिलो पटक हारेको आभास भैरहेको छ । म जीवनका विविध रंगमा घोत्लिन्छु अनि मानसिक चिन्ताले चिमोटिरहन्छ । यो अँध्यारो यात्राबाट पार पाउन मैले के गर्नुपर्ला ?**

**एस.एल.**

तपाईंको समस्याभन्दा तपाईंको पत्र जटिल लाग्यो, कुनै साहित्यिक कथा पढेजस्तो । एकातिर तपाईं आफूलाई साधारण लेखपढ गर्न जान्ने बताउनुहुन्छ, अर्कातिर साहित्यकारले प्रयोग गर्ने भाषामा पत्र लेख्नुहुन्छ । जहाँसम्म तपाईंको समस्या छ, यहाँ त समस्या तपाईंलाई भन्दा पनि तपाईंका प्रेमिकी श्रीमतीलाई परिरहेको छ । किनभने उनका पाँच सन्तान छन् । उनीहरूलाई हुर्काउने अभिभारा उनले बोकेकी छिन् । श्रीमान् विदेशमा भएकी महिलाले यसै पनि बढी जिम्मेवारी बहन गर्नुपर्ने हुन्छ । सम्भवतः श्रीमान्ले विदेशबाट कमाएर पठाउने पैसाले नै उनको घर चलेको हुनुपर्छ । तपाईंले जसलाई आफ्नो प्रेमी भनिरहनुभएको छ, ऊ सबैभन्दा पहिले कसैको जीवनसाथी हो भन्ने कुराको ख्याल तपाईंले राख्नुभएको रहेनछ । वास्तवमै तपाईंले अन्धो प्रेम गरिरहनुभएको छ । आँखा खोल्नुहोस् र यथार्थको धरातलमा आउनुहोस् । तपाईं अविवाहित हुनुहुन्छ, राम्री पनि हुनुहुन्छ होला । तपाईंले चाहेजस्तो अविवाहित युवक पाउन सक्नुहुन्छ । किन अरूको घर बर्बाद पार्न खोज्दै हुनुहुन्छ ? कसैकी पहिलो श्रीमती हुन नखोजेर किन दोस्री त्यो पनि सौता बन्न खोज्नुहुन्छ ? नारी नै नारीका शत्रु हुन्छन् भन्ने उक्तिलाई साकार हुन नदिनुहोस् । मैले दिएको सल्लाह मान्नुहुन्छ भने ऊसँगको सम्बन्धलाई आजैका मितिबाट टुंग्याउनुहोस् । अनि बल्ल तपाईंले यो मानसिक द्वन्द्व अनि तनावबाट मुक्ति पाउनुहुनेछ ।



## लभगुरु

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



# सचित्र



**हट पोज :** किरण पुडासाईको एडिक्सन एल्बमका लागि हट पोज दिँदै पुष्पराज पुरुष तथा पुजा प्रधान ।



**हामीसँगै :** नायिका ऋचा घिमिरे अमेरिकी राष्ट्रपति बाराक ओबामासँग .... होइन, उनको डमीसँग ।



**नायिकाको मेकअप :** कुमारीपाटीस्थित आफ्नो नयाँ पार्लरमा नायिका निरुता सिंहको मेकअप गर्दै ब्युटिसियन सान्द्रा पुन ।



हङकङमा आफ्नै सम्मानमा आयोजित रात्रिभोजमा नाच्दै नायक राजेश हमाल ।



रामराजा दाहालद्वारा निर्देशित चलचित्र 'कसम हजुरको' को छायांकनका क्रममा रमाइलो गर्दै नायिका रेखा थापा, नायक राजबल्लभ कोइराला र जीवन लुइँटेल ।

**तस्बिर : शिव शर्मा**

# दंग छन् कलाकार

**कृष्ण भट्टराई**

काठमाडौं– केही वर्षअघिसम्म एसएलसीलाई 'फलामे ढोका' भनिन्थ्यो तर राम्रो पढ्ने विद्यार्थीलाई एसएलसी कहिल्यै फलामे ढोका भएन । यस वर्षको एसएलसीको नतिजा हेर्ने हो भने त यसलाई फलामे ढोका भन्नै मिल्दैन । किनभने यसपटक इतिहासमै पहिलो पटक सबैभन्दा बढी विद्यार्थी उत्तीर्ण भएका छन् । एसएलसीको नजिताले सर्वसाधारण अभिभावकलाई त खुसी दिएकै छ, केही नेपाली कलाकारहरू समेत आफ्ना सन्तानको सफलतामा दंग परेका छन् ।

नेपाल टेलिभिजनका प्रायः सबै हास्य श्रृंखलामा नियमित देखिने कलाकार सुरवीर पण्डित अहिले असाध्यै खुसी छन् । विभिन्न भावभंगीमाद्वारा दर्शकलाई हँसाउने तथा भावुक चरित्रमा देखा पर्दै दर्शकलाई रुवाउने सुरवीरकी छोरी राधा पण्डितले यसै वर्ष एसएलसी उत्तीर्ण गरिन् । 'आधा नम्बरले विशिष्ठ श्रेणीमा परिनन्, सुरवीरले छोरीको परिणाम सुनाउँदै भने– '७९ दशमलव पाँच प्रतिशत अंक ल्याइछन् तर पनि म असाध्यै खुसी छु ।' अब छोरीलाई के पढाउने भन्ने विषयमा उनले निर्णय गरिसकेका छैनन् । बूढानीलकण्ठस्थित आश्रम स्कूलबाट एसएलसी उत्तीर्ण गरेकी राधालाई उनकै रुचिको विषयमा उच्च शिक्षा दिने सुरवीरको योजना छ ।

टेलिभिजनकर्मी तथा कलाकार दिनेश डिसीलाई पनि आफ्नी छोरी सबा डिसीको एसएलसी नतिजाले उत्साहित बनाएको छ । उनी दंग हुनु स्वाभाविकै हो । चाँदबाग स्कूलबाट एसएलसी दिएकी सबा ८३ दशमलव ५ प्रतिशत अंक हासिल गर्दै विशिष्ठ श्रेणीमा उत्तीर्ण भएकी छिन् । 'उनी स्कूलमा पनि क्याप्टेन थिइन्, पढाइसँगै अतिरिक्त क्रियाकलापमा पनि अगाडि नै छिन्, दिनेश भन्छन्– 'छोरीले अब कमर्स पढ्छु भनेकी छन् ।' डिसीले आफ्नी छोरीलाई ओरियन्ट कलेजको व्यवस्थापन संकायमा भर्ना समेत गरिसकेका छन् ।



इभेन्ट म्यानेजर हेमा मानन्धरको पछिल्ला दुई साता राजधानीका कलेज चहार्दै बितेको छ । उनकी छोरी जेनिशाले सिद्धार्थ वनस्थलीबाट विशिष्ट श्रेणीमा एसएलसी उत्तिर्ण गरेपछि उच्च शिक्षाका लागि कुन कलेजमा भर्ना गर्ने भन्ने कुराले उनलाई पिरोलेको छ । 'ठ्याक्कै ८० प्रतिशत अंक ल्याइछन्,' हेमाले छोरीको प्रशंसा गर्दै भनिन् । जेनिशाले विज्ञानमा बढी रुचि देखाएकीले चाँडै नै उनी राजधानीको कुनै कलेजमा विज्ञान संकायमा भर्ना हुँदैछिन् ।

चलचित्र निर्देशक तथा हास्यकलाकार सुभाष गजुरेललाई पनि छोरा सुजसले जीवनकै सबैभन्दा ठूलो खुसी दिएका छन् । 'छोराले राम्रो परिणाम ल्याउँदा कुनचाहिँ आमा-बाबुलाई खुसी नलाग्ला, गजुरेलका अनुसार उनका छोराले होली भिजन स्कुलबाट एसएलसी दिएका थिए । उनले ८४ प्रतिशत अंक ल्याएका छन् । 'छोरा विशिष्ठ श्रेणीमा उत्तीर्ण भएपछि मेरो पनि दायित्व बढेको छ, गुजरेल भन्छन् – 'अब राम्रो कलेजमा राखेर पढाउने योजना छ ।'

तेस्रो चलचित्र महोत्सवको आयोजनमा व्यस्त चलचित्रकर्मी मनोज केसीलाई पनि उनका छोरा सगुनले प्रथम श्रेणीमा एसएलसी उत्तीर्ण गरेर जीवनभरिकै ठूलो खुसी दिएका छन् । महोत्सव आयोजनास्थल गोपिकृष्ण हलमा भेटिएका केसीले छोराको सफलतामा खुसी मनाउँदै भने– 'अब व्यवस्थापन संकायमा पढ्छु भन्दैछ । राम्रो कलेजको खोजीमा छु ।'

चलचित्र छायाँकार जावेद साह पनि आफ्नो छोरा टुफेलको सफलताप्रति सन्तुष्ट छन् । जारी चलचित्र महोत्सवमा निर्णायकको रूपमा व्यस्त साहले आफ्नो छोरा विशिष्ठ श्रेणीमा उत्तीर्ण भएको




बनाउँदै भने, ठ्याक्कै परिणामचाहिँ याद भएन । आफू विगत दुई सातादेखि महोत्सवमा प्रदर्शन भैरहेका चलचित्रको मूल्यांकनमै व्यस्त रहेकाले लब्धांकपत्र हेर्न नभ्याएको उनले बताए ।

चलचित्रकर्मी रामकाजी घिमिरेकी छोरी समिता घिमिरे पनि यसै पटक एसएलसी उत्तीर्ण भइन् । 'राम्रो परिणाम ल्याएकोमा खुसी छु, घिमिरे भन्छन्– 'छोराछोरीले एसएलसी उत्तीर्ण गरेको खबरले नै रमाइलो लाग्दो रहेछ ।' टेलिभिजनकर्मी प्रकाश सुवेदीका छोरा पियुस सुवेदीले पनि यसै वर्ष विशिष्ठ श्रेणीमा एसएलसी उत्तीर्ण गरे । सुवेदीका अनुसार उनका छोराले गोदावरीस्थित सेन्ट जेभियर्स स्कुलबाट ८४ दशमलव ९ प्रतिशत अंक ल्याएका छन् । 'उच्च शिक्षा पनि सेन्ट जेभियर्सबाटै गर्छ, प्रकाशले छोराको परिणामप्रति आफू अत्यन्त खुसी भएको बताए । नेपाली चलचित्रका पुराना मेकअप आर्टिस्ट साम्भा डि पाटिलका छोराले पनि यसै वर्ष एसएलसी उत्तीर्ण गरेका छन् ।



# एक्सपोज गरिएला नि



गत साता वीरगन्जको गर्मी ४० डिग्रीभन्दा माथि थियो। कलिउडकी कोमल नायिका गरिमा पन्त त्यो उखरमाउलो गर्मीमा एउटा भोजपुरी चलचित्र 'साथी रे'को छायांकनमा व्यस्त थिइन्। यसै पनि अनुमान लगाउन सकिन्छ कि घामको तातो राप, तातो हावा र रिफ्लेक्टरको तातो, तातैतातोले गरिमाजस्ती ठन्डी नायिकालाई पनि तातो बनायो होला। डर त के भयो भने तातोको प्रभावमा परेर उनी पनि अरू नायिकाहरूसरह 'हट' पो हुने हुन् कि ? यसै पनि गर्मीमा कम र पातलो कपडा लगाइन्छ। गरिमाले पनि गर्मीको प्रभावमा परेर कम कपडा लगाइन् भने ? उनलाई मोबाइलमा सोधियो- 'के गर्दै हुनुहुन्छ ?' जवाफ आयो- 'सटका लागि तयार हुँदैछु।' पक्कै पनि कपडा फेर्दै थिइन् भन्ने अनुमान गर्न गाह्रो परेन। यदि मेकअप गरिरहेकी भए। मेकअपम्यानले मेकअप गरिरहन्थ्यो, उनी मोबाइलमा कुरा गरिरहन्थिन्। जबकि उनले भनिन्- 'म तयार हुँदैछु, काठमाडौं फर्किएपछि फोन गर्छु नि।' त्यसपछि सोध्न कर लाग्यो- 'गर्मीमा एक्सपोज हुने ड्रेस लगाइएको होला ?' उनी मज्जाले हाँसिन् र भनिन्- 'छैन, छैन, पीर नगर्नुभए हुन्छ। गाउँकी केटीको भूमिकामा छु। त्यस्तो ड्रेस चाहेर पनि लाउन सक्दिनँ। अनि म एक्सपोज गर्ने नायिका होइन नि।' उनको यो कुरापछि हामी ढुक्क भयौं, कमसेकम एउटी नायिकाले त एक्सपोज गर्दिन भनिन्।

# सुष्मा अब नायिका



दीपकराज गिरीको टेलिश्रृंखलाका 'तीतो सत्य'का दर्शकका लागि सुष्मा कार्की नयाँ अनुहार होइन। तीतो सत्यका थुप्रै श्रृंखलामा अभिनय गरेर उनले दर्शकमाझ आफूलाई परिचित त गराएकै छिन् नै, यसबाहेक उनी अभिनय कलाका पनि निपुण छिन्। यद्यपि करिब दुई महिना भयो, दर्शकले उनलाई तीतो सत्यमा देखेका छैनन्। 'अब मलाई दर्शकले टेलिश्रृंखलामा देख्न पाउनु हुन्न,' साप्ताहिकसँगको एक भेटमा मोडलिङबाट अभिनय क्षेत्रमा आएकी सुष्माले भनिन्- 'अब म चलचित्रमा मात्र अभिनय गर्छु।' नभन्दै उनलाई संगीतकार सुरेश अधिकारीले आफ्नो नयाँ चलचित्र 'तिमी मेरो म तिम्रो' मा मुख्य नायिकाका रूपमा लिएका छन्। भर्खरै छायांकन प्रारम्भ भएको यो चलचित्रमा नायिकाका रूपमा छनौट भएपछि कार्कीले सानो पर्दालाई बाई-बाई गरेकी हुन्। 'सानो पर्दाबाट टाढा भए पनि म चलचित्रका गीतहरूमार्फत सानो पर्दाका दर्शकमाझ भने पुगिरहन्छु,' सुष्मा टेलिभिजनका दर्शकको मन राख्ने कुरा गरिन्।

# निर्देशनमै फर्किए सुरज



चलचित्र 'अंशबन्डा' व्यावसायिक रूपमा असफल भएपछि चलचित्रका निर्देशक सुरज सुब्बा चलचित्र लेखकका रूपमा मात्र सीमित भए। उक्त चलचित्रको असफलतापछि सुरजले अर्को चलचित्र 'छिमेकी' को निर्देशन गर्ने आँट देखाएनन्। निर्देशनको रहर पूरा भएको भन्दै उनले त्यसपछि सम्पूर्ण ऊर्जा चलचित्र लेखनमै खर्च गरे, तर पछिल्लो समयमा चलचित्रको निर्माण संख्या बढ्न थालेपछि सुरजले पुनः मूल धारमै फर्किने निर्णय गरेका छन्। पछिल्लो जानकारीअनुसार उनी अहिले आफ्नै लगानीमा निर्माण हुने चलचित्र 'द लिच' को निर्देशन गर्दैछन्। आफूले निर्देशन गर्ने यो चलचित्र परम्परागत नेपाली चलचित्रभन्दा पृथक् हुने उनको दावी छ। 'द लिच' विशेष गरी नागरिक अधिकारको वकालत गर्ने प्रतिनिधि चलचित्र हुने कुरा सुब्बाले बताए। नेपालका आदिवासी-जनजातिको स्थिति तथा राज्यले उनीहरूका लागि के गर्नुपर्छ भन्ने कुरा यो चलचित्रमा समेट्ने निर्देशक सुब्बाको योजना छ।




## ● चलचित्र ●

# धुम




बलिउडमा यो शीर्षकको चलचित्रले व्यवसायिक सफलता पाएपछि निर्माता जयकिशन बस्नेतले पनि 'धुम' शीर्षकमा नेपाली चलचित्र निर्माण गरेका छन्। उनको दाबी छ– यो चलचित्रको शीर्षक मात्र बलिउडको 'धुम'सँग मिल्छ, कथा र प्रस्तुति पूरै बेग्लै छ। चलचित्रमा चार जना नायक छन् विराज भट्ट, रमित ढुंगाना, अर्जुन कार्की तथा प्रस्तुतकर्ता जयकिशन स्वयं। यसै साता प्रदर्शनमा आउन लागेको यो चलचित्रमा अर्जुन र जयकिशन असल साथीको भूमिकामा छन् भने विराज र रमितको भूमिकाका बारेमा केही बताइएको छैन। चलचित्रमा अर्का दुई नायक सुरज आरडी र राजेश ढुंगाना पनि छन्। पर्दामा नायक नायिकाहरूको भीड जम्मा गर्नु निर्देशक सोभित बस्नेतको विशेषता नै हो। आफ्ना सहोदर भाइले निर्माण गरेको चलचित्रमा नायक-नायिका तथा कलाकारहरूको भीड नभए त अचम्मै हुन्थ्यो। त्यसैले यो चलचित्रमा रेजिना उप्रेती, सञ्जिता गुरुङ, जेनी कुँवर, नरेश पौडेलका साथै महत्त्वपूर्ण भूमिकामा निर्देशक बस्नेतले आफै अभिनय गरेका छन्। यो चलचित्रलाई हास्यप्रधान एक्सन चलचित्र भनिएको छ। शंकर, सूर्य र विकास चलचित्रका द्वन्द्व निर्देशक हुन्। यो चलचित्रमा मनोज राजभण्डारीको संगीत सुन्न पाइन्छ।

# देख भाइ देख



अभिनेत्री मनीषा कोइरालाका भाइ सिद्धार्थ कोइरालाद्वारा अभिनीत बलिउड चलचित्र 'देख भाइ देख' को सार्वजनिक प्रदर्शन आज शुक्रबार प्रारम्भ हुँदैछ। ए सर्च फिल्म्सको ब्यानरमा निर्माण गरिएको यो चलचित्रमा सिद्धार्थका अतिरिक्त ग्रेसी सिंह, रघुवीर यादव, विजय राज, असरानी, वीरेन्द्र सक्सेना, अरुण बख्सी आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। कमेडी तथा क्राइम चलचित्रमा वर्गीकरण गरिएको यो चलचित्रको निर्देशन राहत काज्मीले गरेका हुन्। नायाब तथा शाहदाब भारतीयद्वारा संगीतबद्ध यो चलचित्रका गीत उदितनारायण झा, राहत फतेह अलि खान, श्रेया घोषाल, कविता कृष्णमूर्ति, ऋचा शर्मा, शान आदिले गाएका छन्।

चलचित्रमा भारतको पश्चिमी उत्तर प्रदेशमा बसोबास गर्ने चार व्यक्तिको कथा समेटिएको छ। यी चारै जना पात्रको आ-आफ्नै समस्या तथा महत्त्वाकांक्षा छन्। समस्याबाट छुट्कारा पाउन तथा महात्वाकांक्षा पूरा गर्न उनीहरूसँग एउटै मात्र उपाय हुन्छ, त्यो हो अपराध। बबली (ग्रेसी सिंह) को विवाह एउटा धनाढ्य परिवारमा भएको थियो, तर पछि सम्बन्ध-विच्छेद भयो। श्रीमान्सँग पारपाचुके गरेपछि उनी आफ्नो घर फर्कन्छिन्। आफ्नो पुरानो अतीतलाई बिर्सेर उनी नयाँ शैलीबाट जीवन प्रारम्भ गर्न चाहन्छिन्, तर उनलाई अहिले पैसाको आवश्यकता छ। बबलीको बाल्यकालका साथी श्याम (सिद्धार्थ कोइराला) एउटा सरकारी जागिर पाउने क्रममा छन्। त्यसका लागि मन्त्रीलाई घूस दिनैपर्ने हुन्छ तर उनीसँग पनि पैसा छैन। कतैबाट पैसाको व्यवस्था नभएपछि उनले चोरेरै भए पनि पैसा कमाउने उपाय निकाल्छन्। यसका लागि बबलीले श्यामलाई साथ दिन्छिन्। यो योजनामा उनीहरूसँगै यादव (रघुवीर यादव) नाम गरेका नेता पनि सहभागी हुन्छन्। यादवलाई चुनाव लड्न पार्टी टिकटको आवश्यकता छ र त्यसका लागि पार्टीको खातामा पैसा जम्मा गर्नुपर्नेछ। तीनै जनालाई पैसाको अत्यन्त आवश्यकता छ र चोर्नु त्यसको समाधान हो। तीनै जनासँग चोरीको कुनै अनुभव छैन। उनीहरूले एउटा पेसेवर चोर चरण (विजय राज) लाई यो काम सुम्पिन्छन्। त्यसपछि प्रारम्भ हुन्छ हास्यास्पद घटनाको सिलसिला। चलचित्रको अन्त्य निकै रोमाञ्चक ढंगले हुन्छ। आज शुक्रबार 'मर्निङ वाक', 'संकट सिटी' तथा 'सर्ट कट' जस्ता हिन्दी चलचित्र पनि सार्वजनिक हुँदैछन्।




आज शुक्रबार सार्वजनिक प्रदर्शन प्रारम्भ हुने चलचित्र 'ब्रुनो' एक जना समलिंगी पुरुष (गे)को कथामा आधारित छ। हास्यप्रधान यो चलचित्रमा साचा बारोन कोहेन, गुस्ताफ ह्यामर्सटन, जोस मेयेर्स, रोबर्ट हुर्टा, गिल्बर्ट रोसेल्स आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। लारी चाल्सद्वारा निर्देशित यो चलचित्रको निर्माण आन्ट हिन्सले गरेकी हुन्। युनिसर्भल पिक्चर्सले विश्वव्यापी प्रदर्शन गर्न लागेको यो चलचित्रको छायाकन पनि युनिभर्सल स्टुडियोमै गरिएको हो।

चलचित्रमा नायक साचा कोहेनले ब्रुनोको भूमिका निर्वाह गरेका छन्। उनी व्यावसायिक फेसन शोका इभेन्ट म्यानेजर हुन्। उनी एउटा समलिंगी अर्थात् गे पनि हुन्। उच्च स्तरीय लेट नाइट फेसन सो आयोजना गर्नु उनको पेसा हो। उनले जर्मनीबाहेक जर्मन भाषा प्रयोग गरिने विश्वका सबै देशमा लेट नाइट फेसन सो गरिसकेका छन्। त्यस्ता फेसन शोहरू आयोजना गरेर उनी एक प्रकारले सेलिब्रेटी नै बनिसकेका छन्। उनको एक मात्र लक्ष्य हो, हिट्लरपछिको सबैभन्दा लोकप्रिय सेलिब्रेटी बन्नु। उनको उद्देश्य, विश्वभरिका मानिसहरूबाट माया पाउनु हो। उनी आफ्नो लक्ष्यमा सफल होलान् त ? यसको जवाफ पाउन चलचित्र नै हेर्नुपर्नेछ।

## ● सानो पर्दा ●

### सुनिताको अभिनय


दीपकराज गिरीद्वारा निर्देशित टेलिश्रृंखला 'तीतो सत्य' मार्फत एउटी कलाकार लोकप्रिय हुँदै गएकी छिन्। केही साताअघिदेखि तीतो सत्यमा अभिनय गर्न थालेकी सुनिता गन्धर्वले दर्शकको मन जितेकी हुन्। ग्ल्यामरस पहिरन तथा हाउभाउमा प्रस्तुत भएकी सुनिताले यो श्रृंखलामा हजुरबुबाको उमेरका व्यक्तिकी श्रीमतीको भूमिका निर्वाह गरेकी छिन्। दीपकराज तथा निर्मल शर्माले उनलाई आफूप्रति आकर्षित गर्न गरेका क्रियाकलापका कारण यो श्रृंखलाका पछिल्ला भाग चर्चामा छन्। भर्खरै छायांकन सम्पन्न भएको सोभित बस्नेतको चलचित्र 'चिनो' मा समेत अभिनय गरेकी सुनितालाई 'तीतो सत्य' मा लामो समयसम्म देख्न पाइने सम्भावना छ।

### नयाँ कथामा जीरे खुर्सानी

शिवहरि पौडेल तथा जितु नेपालद्वारा निर्देशन गरिएको हास्यश्रृंखला 'जीरे खुर्सानी' ले आफ्नो कथा परिवर्तन गरेको छ। यसअघि राजनैतिक विषयमा केन्द्रित रहँदै आएको जीरे खुर्सानीको कथा अहिले आएर घर-जग्गा कारोबारतर्फ मोडिएको छ। श्रृंखलाका प्रायः सबै पात्रलाई घर-जग्गा दलालका रूपमा चित्रण गरिएको छ। श्रृंखलामा शिवहरि पौडेल, जितु नेपाल, किरण केसी, राजाराम पौडेल, गोपाल नेपाल फिस्टे आदि कलाकारले मुख्य भूमिका निर्वाह गरिरहेका छन्।

### पुरन जोशीको पुनरागमन

पुराना चलचित्रकर्मी पुरन जोशी पुनः अभिनय क्षेत्रमा फर्किएका छन्। यसपटक उनी निर्देशकका रूपमा दर्शकमाझ आएका हुन्। नेपाल टेलिभिजनबाट प्रसारण प्रारम्भ भएको टेलिश्रृंखला 'जन्तर' को निर्देशन पुरन जोशीले गरेका हुन्। जनस्वास्थसम्बन्धी जनचेतना जगाउने उद्देश्यले निर्माण गरिएको छ भाग लामो यो टेलिश्रृंखलामा सुरेन्द्र नकर्मीको कथा तथा पटकथा छ। यो श्रृंखला प्रत्येक बुधबार राति ७:२५ बजे प्रसारण भैरहेको छ।



### जादुगरकै भूमिकामा महादेव

हास्यकलाकार तथा जादुगर महादेव त्रिपाठी सानो पर्दामा देखिन थालेका छन्। नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको हास्य श्रृंखला 'मेरी बास्सै' मा महादेवले अभिनय गर्न थालेका हुन्। सीताराम कट्टेल तथा केदार घिमिरेद्वारा निर्देशित यो श्रृंखलामा महादेव जादुगरकै भूमिकामा छन्। यो श्रृंखला प्रत्येक शनिबार राति नौ बजे प्रसारण हुन्छ।

### सानोबाट ठूलो पर्दामा

केही वर्षअघि नेपाल टेलिभिजनबाट प्रसारित '५२ घुस्सा ५३ ठक्कर' शीर्षकको हास्य टेलिश्रृंखला दर्शकमाझ लोकप्रिय थियो। उक्त श्रृंखलामा 'कुखुरे' को भूमिका निर्वाह गरेर चर्चामा आएका कलाकार राजु गिरीलाई उनले बोल्ने थेगोका कारण दर्शकले नजिकबाट चिन्ने अवसर पाए। आफूलाई चिनाउने उक्त थेगो जोगाइराख्न अहिले उनी 'कुखुरी काँ' शीर्षकको चलचित्रकै निर्माणमा जुटेका छन्। आगामी साउनको पहिलो साता छायांकन प्रारम्भ हुने 'कुखुरी काँ' पूर्ण रूपमा हास्य तथा सामाजिक कथामा आधारित हुने कलाकार गिरीले बताएका छन्। जीवन टन्डनको निर्देशनमा निर्माण हुने यो चलचित्रमा कलाकार गिरीसहित सोनु थारु, चन्दा कार्की, सँरवीर पण्डित, श्याम महर्जन आदि कलाकारले अभिनय गर्नेछन्।

कान्तिपुर पब्लिकेसन्सको एउटा उत्कृष्ट प्रकाशन
नेपाली नारीको अभिन्न संगी
प्रत्येक महिना हरेक घरमा


# तपाईंलाई कुन खेल खेल्न मन लाग्छ र किन ?

केवल एक प्रश्न



ओहो..., कस्तो रमाइलो प्रश्न (लामो हाँसो)। मलाई खेलहरूमध्ये पौडी खेल्न मन लाग्छ। पौडी खेल्दा गर्मीमा शीतल त हुन्छ नै त्यसबाहेक यसले पूरै शरीरको एक्सरसाइज पनि हुने भएकाले स्वास्थका लागि पनि फाइदाजनक छ।

**– हेमा मानन्धर (इभेन्ट म्यानेजर)**

अँ..., खेलहरू त धेरै मनपर्छ तर आफैले खेल्न चाहिँ बास्केटबल र फुटबल। बास्केटबल खेल्दा उफ्री-उफ्री हान्न पाइने हुनाले रमाइलोका लागि पनि खेल्छु। फुटबलचाहिँ बढी दौडन पाइने हुनाले मन परेको हो।

**– दुर्गा खरेल (गायिका)**

मलाई ज्यादै खेल्न मन लाग्ने खेल ब्याडमिन्टन हो। म स्कूलमै छँदा पनि प्रायः ब्याटमिन्टन नै खेल्थें। अहिले पनि कुनै खेल खेल्न मन लाग्यो भने ब्याडमिन्टन नै रोज्छु। ब्याडमिन्टनले पूरै शरीरको व्यायाम हुने मात्र होइन भित्रैबाट स्फुर्ती बढ्ने भएकाले पनि मलाई यो खेल मन परेको हो।

**– रन्जु लामिछाने (नायिका)**

राम्रो प्रश्न सोध्नुभएकोमा धन्यवाद □ कुनै बेला म सितेरियो कराँते खेलको विद्यार्थी थिएँ, त्यसैले पनि मलाई यही खेल मनपर्छ। मेरो विचारमा आत्मसुरक्षाका लागि सबै महिलाले यो खेल सिक्नैपर्छ। यसबाहेक फिजिकल्ली फिट रहन पनि कराँते खेलले मद्दत पुऱ्याउँछ। टेलिभिजन क्षेत्रमा प्रवेश गर्नुअघि मैले ब्राउन बेल्ट पनि पाइसकेकी थिएँ। अहिले पनि कसैले कराँते खेलेको देखें भने आफू खेलाडी भएको दिनको सम्झना आउँछ।

**– संगीता श्रेष्ठ (भिडियो जक्की)**

एरोबिक्स □ मलाई सबैभन्दा मनपर्ने र खेलिरहुँ जस्तो लाग्ने खेल नै एरोबिक्स हो। नृत्यको सौखिन भएकाले पनि होला मलाई एरोबिक्स मनपर्छ। मनोरञ्जन अनि पूरै शरीरको व्यायाम पनि हुने भएकाले अहिले पनि म नियमित रूपले एरोबिक्स गर्छु।

**– चाँदनी लामिछाने (मोडल/मिस राजधानी-२००९)**





वर्षा सुरु भैसकेको छ। यतिबेला पुरानो बानेश्वरको गुरुकुलमा नाट्यकर्मीहरु 'इडिपस रेक्स' को मञ्चनमा व्यस्त छन्। नाटक मञ्चन हुन थाले यता यसले रंगकर्मी सुनिल पोखरेललाई थप व्यस्त बनाएको छ। 'रमेश बुढाथोकीको संगतले यता लागे,' साप्ताहिकसँगको भेटमा उनले सुनाए- 'विराटनगरमा उनी र म क्लास फ्रेन्ड भएकाले यस्तो संयोग जुरेको हो।' अहिले नेपाली रंगमञ्चले व्यावसायिक धार पक्रिसकेको छ। युवायुवतीमा रंगकर्मी बन्ने क्रेज पनि उस्तै छ। यसको पछाडि रंगमञ्चमै लामो समय खर्चिएका रंगकर्मी पोखरेलको योगदान कम छैन।

## जम्का भेट

**नेपाली रंगमञ्चको पछिल्लो स्थिति कस्तो छ ?**

दर्शकमा चासो बढेको छ। नाटकले स्वाभाविक रूपमा लोकप्रियता पनि पाइरहेको छ। युवापुस्तामा रंगकर्मी बन्ने मोह मौलाउँदै गएको छ। हामीले मञ्चन गरेका केही नाटक दर्शकले यति रुचाए कि ती नाटक १ सय दिनभन्दा बढी मञ्चन गर्नुपऱ्यो।

**कुन-कुन नाटकले बढी लोकप्रियता हासिल गऱ्यो ?**

यो कथा, पुतलीको घर, कर्णाली दखिन बग्दो छ आदि।

**कस्ता दर्शक नाटक हेर्न आउँछन् ?**

विद्यार्थी, युवायुवतीलगायत सबै वर्गका दर्शक आउँछन्। युरेपेली मुलुकमा कमै मात्र युवायुवतीले नाटक हेर्छन्। यस्तो अवस्थामा नेपाली रंगमञ्चले चाहिँ युवायुवतीहरूलाई समेत आकर्षित गर्नु सकारात्मक कुरा हो।

**युवापुस्तामा नाटकमा अभिनय गर्ने रुचि पनि त बढेको होला नि ?**

छ, त्यसैले हामी दुई वर्षभित्रमा चारवर्षे स्नातक एकेडेमिक कोर्स सञ्चालन गर्ने तयारीमा छौं।

**नेपाली रंगमञ्चको भविष्य कस्तो देख्नुभएको छ ?**

भविष्य राम्रो देखेर नै म यो क्षेत्रमा आएको हुँ।

**–शिव मुखिया**






## ● अफबिट ●



हेलो... हेलो... सुनिएन.... नेटवर्किङ प्रोब्लम क्या ... ☐ अहिलेका सर्वाधिक सफल युवा गायक रामकृष्ण ढकाल र निमा रुम्बा एक समारोहमा।

### गायिकाको तयारी

गायिका सबिना कार्कीले आफ्नो दोस्रो गीति-संग्रहको नाम 'सर्वदा' राखेकी छिन्। सचिन सिंह, राजु सिंह, शक्ति वल्लभ, आनन्द कार्की, सत्य-स्वरूप आचार्य आदिले आफ्ना लागि गीतहरू संगीतबद्ध गरिदिएको गायिका कार्कीले बताएकी छिन्। संग्रह आगामी दसैंसम्ममा श्रोतामाझ पुगिसक्नेछ।

### गीतकार प्रधान सेनापति

प्रधान सेपापति रुक्मांगत कटुवाल गीतकार बनेका छन्। उनले रचना गरेका गीतहरूको दुईवटा नयाँ संग्रह गत साता एउटै समारोहमा विमोचित भए। राष्ट्रकवि माधवप्रसाद घिमिरेद्वारा विमोचित संग्रहहरू 'आर कटुवालका गीतहरू पहिलो र दोस्रो भाग' शीर्षकका छन्। विमोचित पहिलो संग्रहमा प्रेम तथा दोस्रोमा राष्ट्रियतासम्बन्धी गीत समावेश छन्। संग्रहमा तारादेवी, मीरा राणा, कुन्ति मोक्तान, नलिना चित्रकार, प्राश्ना शाक्य, दीपक खरेल, प्रकाश श्रेष्ठ, रविन शर्मा, यम बराल, कर्णदास, दीपक लिम्बू आदिको स्वर तथा शुभबहादुर, शम्भुजित बास्कोटा आदिको संगीत सुन्न पाइन्छ।

### भिडियोमा नयाँ प्रयोग

गीतिसंग्रह 'चिनो' को एउटा गीतको म्युजिक भिडियोमा निर्देशक राजु याकचाले नौलो प्रयोग गरेका छन्। 'दूधै दूधले नुहाउनु अब...' गीतको भिडियोमा निर्देशक याकचाले रंगमञ्चलाई प्रस्तुत गरेका छन्। गुरुकुलको रंगमञ्चमा छायांकन गरिएको यो भिडियोमा त्यहींका नाट्यकर्मीले अभिनय गरेका छन्। राजु नेपालले रचना गरेको उक्त गीत रामभक्त जोजिजू तथा इतु जोजिजूको स्वरमा रेकर्ड भएको छ। यसबीच 'चिनो' थप दुई गीतका म्युजिक भिडियो पनि सार्वजनिक भएका छन्। गायक जोजिजूका अनुसार 'जहाँ भामर छ....' गीतको म्युजिक भिडियोको निर्देशन संगीता श्रेष्ठले गरेकी हुन् भने 'ओली जून हामीसँगै' गीतको भिडियो दीपकश्रीको निर्देशनमा तयार भएको छ।

### देवकोटाको भावभंगीमा

महाकवि लक्ष्मीप्रसाद देवकोटाका कवितालाई एक दर्जनभन्दा बढी संगीतकर्मीले गीतका रूपमा प्रस्तुत गरेका छन्। गत शनिबार प्रज्ञा प्रतिष्ठानमा आयोजित 'देवकोटाका भावभंगीमाहरू' शीर्षकको कार्यक्रममा उनका रचनालाई गीत-संगीतमार्फत प्रस्तुत गरिएको थियो। महाकवि लक्ष्मीप्रसाद देवकोटा अध्ययन-अनुसन्धान केन्द्रद्वारा आयोजित सांगीतिक कार्यक्रम भूपेन्द्र रायमाझीको संगीत संयोजनमा 'जय जय जननी' शीर्षकको सामूहिक गायनबाट प्रारम्भ भएको थियो। लक्ष्मी गीतिसंग्रहबाट भूपेन्द्र रायमाझीको संगीत संयोजनमा गायक प्रेमध्वज प्रधान, योगेश वैद्य, रामा मण्डल, प्रदीप निरौला तथा गायिका रीमा गुरुङ, प्राश्ना शाक्य, मनीषा पोखरेल र झुमा निरौलाको सामूहिक शैली गीतले कार्यक्रमलाई रोमाञ्चक बनाएको थियो। कार्यक्रममा कुन्ती मोक्तान, शिवानी-शीतल मोक्तान, जगदीश समाल, शिशिर योगी, प्रवेशमान शाक्य, नरेन्द्र प्यासी, संगीता प्रधान राना, सुरज थापा, माण्डवी त्रिपाठी, सुदेश शर्मा, प्रदीप निरौला, मदन गोपाल, विभु कोइराला, राई नवीन, सञ्जय तुम्रक, गायक प्रकाश तिम्सिना आदिले देवकोटाका कवितालाई गीतमार्फत प्रस्तुत गरेका थिए।

### शान्तिका लागि संगीत

संगीतमार्फत् शान्तिको कामना गर्दै गत शुक्रबार पाटन म्युजियममा एउटा सांगीतिक कार्यक्रम सम्पन्न भएको छ। 'काठमाडौं म्युजिक फर पिस कन्सर्ट' शीर्षकको उक्त कार्यक्रमको आयोजना काठमाडौं ज्याज कन्जर्भेक्टरीले गरेको हो। कार्यक्रममा स्थापित सांगीतिक समूहहरूले गीत-संगीत प्रस्तुत गरेका थिए।

## ● म्युजिक अपडेट ●

### छिन्नलता गीत पुरस्कार

गत शुक्रबार राजधानीमा छिन्नलता गीत पुरस्कार वितरण समारोह सम्पन्न भयो। समारोहमा पहिलो पटक महिला गीतकार उन्नती बोहरा 'शिला' लाई नगद २० हजारसहित सम्मानपत्र प्रदान गरिएको थियो। संस्कृति मन्त्री डा. मीनेन्द्र रिजालले संगीततर्फ संगीतकार शिलाबहादुर मोक्तान तथा गायनतर्फ गायक रामकृष्ण ढकाललाई पनि छिन्नलता गीत पुरस्कार प्रदान गरे। उक्त अवसरमा नवप्रतिभा डम्बर नेपालीलाई १० हजार नगदसहित सम्मानपत्र प्रदान गरिएको थियो।

### समाजलाई अन्तर्राष्ट्रिय मान्यता

संगीत रोयल्टी संकलक समाज नेपाललाई बौद्धिक सम्पत्ति संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय संस्था इन्टरनेसनल कन्फेडरेसन अफ अथर एन्ड कम्पोर्स सोसाइटीले सदस्यता प्रदान गरेको छ। समाजका अध्यक्ष तथा स्रष्टा यादव खरेलले एक विज्ञप्ति जारी गर्दै नेपालले उक्त सोसाइटीको सदस्यता पाएकोमा खुसी व्यक्त गरेका छन्।

### सजलको नमन

सुगम संगीतको प्रशिक्षण लिइरहेका युवा गायक सजल न्यौपानेले आफ्नो नयाँ गीतिसंग्रहको शीर्षक 'नमन' राखेका छन्। यो संग्रह शान्तना रेकर्ड्सले बजारमा ल्याउने भएको छ।

### अनुप्रस्थको भिडियो

गत वर्ष सम्पन्न सांगीतिक समूहबीचको प्रतिस्पर्धा 'ब्यान्ड च्यालेन्ज' को विजेता अनुप्रस्थले आफ्नो नयाँ म्युजिक भिडियो यसै साता सार्वजनिक गरेको छ। 'नयाँ दिन...' गीतको म्युजिक भिडियोमा अनुप्रस्थको पहिलो ब्यान्ड च्यालेन्जको प्रारम्भदेखि अन्त्यसम्मको यात्रालाई समेटिएको छ।

### गीतमार्फत समाजसेवा

चाँडै बजारमा आउन लागेको एउटा गीतिसंग्रहको सम्पूर्ण आम्दानी बौद्धिक अपांहरूलाई प्रदान गरिने भएको छ। मुकुन्द दाहाल तथा सरला घिमिरेले तयार पारेको गीतसंग्रह 'सत्य' को आम्दानी समाजसेवामा खर्च गर्न लागिएको हो। 'सबैका लागि समाज' नाराका साथ बजारमा आउने उक्त संग्रहमा रमेश अधिकारीको शब्द तथा अर्जुन नेपालीको संगीत सुन्न पाइन्छ। संग्रहका गीतमा आनि छोइङ डोल्मा, राजेश पायल राई, जगदीश समाल, सत्य–स्वरूपराज आचार्य, दीपक लिम्बू, रामकृष्ण ढकाल तथा प्रमोद घिमिरेको स्वर समेटिएको छ।

### भिडियो निर्देशनमा सुरेन्द्र

चलचित्र निर्देशक सुरेन्द्र शाह म्युजिक भिडियोको समेत निर्देशन गर्न थालेका छन्। थुप्रै चलचित्रमा द्वन्द्व निर्देशकका रूपमा काम गरिसकेका सुरेन्द्रले पहिलो पटक गायक राजेशपायल राईको एउटा भिडियो निर्देशन गरेका छन्। 'किन छाड्यौ बीच बाटैमा..' गीतको भिडियोमा सुरेन्द्रले नायिका सिर्जना बस्नेत तथा गायक राईलाई मोडल बनाएका छन्। यो गीत गायक राईको नयाँ गीतिसंग्रह 'दर्शन नमस्ते' मा समावेश छ।


## साप्ताहिक लाइभ

### रक द रेन्स


आज शुक्रबार साँझ राजधानीको कान्तिपथस्थित क्लब १९०५ मा 'रक द रेन्स' शीर्षकको लाइभ कन्सर्ट हुँदैछ। सँयँ २४ क्यारेटको सहभागितामा डिएमआईले आयोजना गर्न लागेको यो कन्सर्टमा जिग्मी एण्ड द स्ट्रिङ, साउण्ड माइण्ड तथा आशिष एण्ड नेक्भमले गीत-संगीत प्रस्तुत गर्दैछन्। यसअघि गत बुधवार लाजिम्पाटस्थित भुमी द रेष्ट्रो लञ्जमा आयोजित रक द रेन्स शीर्षककै कन्सर्टमा सांगीतिक समूह आशिष एण्ड नेक्भमले दर्शकलाई मनोरञ्जन प्रदान गरेका थिए।

### बिबिक्यू अब्सेसन

लाजिम्पाट, काठमाडौंस्थित र्‍याडिसन होटलको स्प्लास बार एण्ड ग्रिलमा आज शुक्रबारदेखि 'बिबिक्यू अब्सेसन' शीर्षकको फुड फेष्टिबल हुँदैछ। आगामी साउन १६ गतेसम्म जारी रहने यो फेष्टिबलमा भेज तथा नन भेज बार्बेक्यूको स्वाद चाख्न सकिनेछ।



• पहिलो विश्व •







## विमानमा निर्वस्त्र जानकारी


एयर न्युजिल्यान्डले आफ्नो आन्तरिक हवाई सेवामा यात्रुहरूलाई उडान सुरक्षाका विषयमा जानकारी दिन पाइलट, एयर होस्टेज तथा स्ट्वार्टहरूलाई भिडियोमार्फत निर्वस्त्र प्रस्तुत गरेको छ। विमान कर्मचारीहरूले नांगो शरीरमा रंग पोतेर यात्रुहरूलाई तीन मिनेटको सुरक्षा जानकारी दिन थालेका छन्। यो कार्यले यात्रुहरूको ध्यान बढी आकृष्ट भएको विमान कम्पनीले जनाएको छ।





## अफिसमा निर्वस्त्र काम

विभिन्न कार्यालयले आफ्ना कर्मचारीहरूका लागि आ-आफ्नै किसिमको ड्रेसकोड बनाएका हुन्छन्। कतिपयले बाहिरि व्यक्तिलाई आकर्षित गर्न त कतिपयले आफ्ना कर्मचारीहरूलाई सजिलो होस् भनेर, तर बेलायतको न्यूक्यासलस्थित एक विज्ञापन एजेन्सीका कर्मचारीहरू काम गर्न सजिलो होस् भनेर निर्वस्त्र रहन्छन्। चार पुरुष र दुई महिला कर्मचारी रहेको यो अफिसका म्यानेजर स्याम ज्याकसन भन्छन्- 'निर्वस्त्र भएर काम गर्दा हामी एक-अर्कासँग केही पनि लुकाउँदैनौं जसले विश्वासिलो वातावरण तयार गर्छ।' यदि कुनै कर्मचारीले लुगा लगाएर अफिस आए अरूलाई तनाव हुने कुरा पनि ती कर्मचारीले महसुस गर्न थालेका छन्। मनोचिकित्सक डेभिड टेलरको यो अवधारणा प्रयोग गरेपछि अफिसले गर्ने नाफा पनि बढेको छ। कर्मचारीहरूलाई पहिले निर्वस्त्र काम गर्न अप्ठ्यारो भएको थियो, तर कम्पनीले केही निर्वस्त्र मोडललाई ल्याएर उनीहरूको आत्मबल बढाउने काम गर्‍यो। निर्वस्त्र रूपमा काम गरेर कम्पनीको प्रगति भएपछि भर्जिन-१ टेलिभिजनले उनीहरूकै विषयमा 'नेकेड अफिस' डकुमेन्ट्री निर्माण गर्ने भएको छ।



## घाटा होइन नाफा कम

विश्वव्यापी रूपमा देखिएको आर्थिक मन्दीको असर केही देशको यौन व्यवसायमा पनि पर्‍यो। विश्वकै सर्वाधिक पुरानो यो व्यवसाय अमेरिकाको नेभाडा राज्यमा विगत केही वर्षदेखि फस्टाउँदो क्रममा थियो। विश्वव्यापी आर्थिक मन्दीको असर परे पनि यो वर्ष यौन व्यवसायबाट मात्र सरकारले ५ करोड डलर राजस्व आम्दानी गर्‍यो। नेभाडा वेश्यालय संघका अध्यक्षका अनुसार अन्य पेसाबाट हुने राजस्व संकलनमा ६० देखि ७० प्रतिशत राजश्व घटे पनि वेश्यावृत्तिमा भने केवल २० प्रतिशत मात्र ह्रास आयो। अमेरिकाको सर्वाधिक ठूलो वेश्यालय रहेको यो स्थानका यौनकर्मीहरू विश्वव्यापि आर्थिक मन्दी आएपछि आम्दानी कम हुने भयले अन्यत्र गए भने कतिपय यौनकर्मीले आफ्नो सेवा-शुल्कमा व्यापक कटौती गरे। केही वर्षअघिसम्म त्यहाँका यौनकर्मीले आफूले दिने सेवाबापत ७५ देखि २ सय ५० अमेरिकी डलर लिने गरेका थिए।

### अन्त्यमा...




स्वीडेनले १४ वर्ष उमेर पुगेका विद्यार्थीहरूका लागि यौनशिक्षा अनिवार्य गरेपछि त्यहाँ अध्ययनरत विभिन्न देशका विद्यार्थीका अविभावकहरूवाट मिश्रित प्रतिक्रिया आउन थालेको छ। विद्यालयस्तरमा कन्डम प्रयोग गर्ने तरिका, यौन आसन, समलिङ्गी सम्बन्ध, सुरक्षित यौनसम्पर्कजस्ता विषयमा अध्यापन गराइन्छ भने विद्यार्थीहरूलाई निःशुल्क रूपमा कन्डमसमेत वितरण गरिन्छ। खास गरी हालका वर्षमा स्वीडेन बसाइँ सरेका मध्यपूर्वका व्यक्तिहरूलाई यौनशिक्षाको अनिवार्यताले अप्ठेरोमा पारेको छ। उनीहरूले छोरा-छोरीले विद्यालयबाट कन्डम बोकेर घर ल्याउनु आफूहरूलाई ठीक नलागेको बताएका छन्। स्वीडेन सरकारले भने कुनै जाति-धर्मका लागि नभएर सबै वर्गलाई होस् भनेर यौनशिक्षा लागू गरेको बताएको छ।

# पोखरा झुम्यो फेसन सोमा



पोखरा- गएको साता लगातार दुई दिन स्थानीय फेसनपारखीहरूले फेसन सोको मज्जा लिन पाए। लामो अन्तरालपछि भएको भव्य फेसन सोकै कारण दर्शकहरू पनि पोखरा सभागृहको प्रेक्षालयमा अटाई-नअटाई भेला भएका थिए।

पिङ्क अरबिट इभेन्ट म्यानेजमेन्ट प्रा.लि.ले पहिलो पटक पोखरामा ब्युटी क्राफ्ट एन्ड फ्लावर एक्सपोर्ट ट्रेड फेयर-२००९ शीर्षकमा लगातार चार दिनसम्म विविध कार्यक्रम गऱ्यो।

जसअन्तर्गत पहिलो दिनको फेसन सो आईईसी स्कुल अफ आर्ट एन्ड फेसन पोखराद्वारा प्रस्तुत गरिएको थियो। ६ सिक्वेन्समा विभाजित फेसन बज शीर्षकको उक्त सोको पहिलो सिक्वेन्समा डिजाइनरहरूले तयार पारेका बिल्कुलै नयाँ पहिरन प्रस्तुत भए। मोडलहरूले प्लास्टिक, कागज आदिबाट तयार पारिएका डिजाइनर कन्टेस्ट ड्रेस राउन्डमा लोडसेडिङ, पानी बचाउजस्ता चेतनामूलक लोगो लगाएर क्याटवाक गरेका थिए।

दोस्रो सिक्वेन्सअन्तर्गत वन पिस ड्रेसमा प्रस्तुत भएका मोडलहरू निकै सेक्सी देखिएका थिए। श्रृजु उदास र सुजन शिल्पकारको कोरियोग्राफी रहेको फेसन सोको तेस्रो सिक्वेन्समा मोडलहरू टु पिस पहिरनमा देखिए।

फेसन सोको चौथो, पाँचौं र छैटौं सिक्वेन्समा मोडलहरूले कुर्तालगायत फरक-फरक परिहनमा क्याटवाक गरे। उक्त फेसन सोका ड्रेस डिजाइन लली तिलिजा, रोजिना गुरुङ, अमृत गुरुङ, लक्ष्मी गुरुङ, सोभा गुरुङ, नसिब अधिकारी, विष्णु गुरुङ, रचना भण्डारी, रिया शर्मा तथा सोनिज गुरुङ थिए। कार्यक्रमलाई मनोरञ्जक बनाउन गायक सोभित बस्यालको गीत एवं नृत्य पनि प्रस्तुत गरिएको थियो।

दोस्रो दिनको फेसन सोमा पनि दर्शकहरूको उपस्थिति अझ बाक्लो थियो। कुसुम फेसन सो नामकरण गरिएको सोमा अघिल्लो दिनकै मोडलहरूको सहभागिता थियो। तीनवटा सिक्वेन्समा विभाजन गरिएको फेसन सोमा साडी, कुर्ता-सलवार र टप्स प्रस्तुत गरिएको थियो। यो सोको चाँजोपाँजो कुसुम फेसन हाउसले मिलाएको थियो। फेसन सोसँगै स्थानीय ब्यान्डहरूले लाइभ प्रस्तुति पनि दिएका थिए।

# धरानमा छानिए बीस आइडल

धरान- दोस्रो पूर्वाञ्चल आइडलको कोसी अञ्चलस्तरीय गायन प्रतियोगिताको छनौट धरानबाट सुरु भएको छ। शनिबार धरानको सदनहलमा सम्पन्न छनौट प्रतियोगिताबाट २० जना छनौट भएका छन्।। सरगम संगीतालय धरानद्वारा आयोजित गायन प्रतियोगितामा धरानमा कोसी अञ्चलका सुनसरी, मोरङ, तेह्रथुम, धनकुटा र संखुवासभाबाट एक सय तेह्र जना सहभागी थिए। दोस्रो पूर्वाञ्चल आइडलको सगरमाथा अञ्चल स्तरीय गायन प्रतियोगिताको छनौट यही असार २७ गते हुनेछ भने मेची अञ्चलस्तरीय गायन प्रतियोगिताको छनौट साउन ३ गते हुनेछ। सगरमाथामा खोटाङ र उदयपुर जिल्लाका मात्र सहभागी छन्। मेचीबाट ताप्लेजुङ, पाँचथर, इलाम, झापाका सहभागी छन्। सगरमाथा अञ्चलबाट सेमी फाइनलका लागि तीन जना मात्र सहभागी दिइने र मेची अञ्चलबाट सात जनालाई प्रतियोगिताका लागि प्रवेश दिइने पूर्वाञ्चल आइडलका संयोजक यदु राईले बताए। पूर्वाञ्चल आइडलको विभिन्न अञ्चलमा छनौट भैसकेपछि साउन २४ गते धरान ८ स्थित सभाहलमा विभिन्न अञ्चलहरूबाट छानिएका ३० जना सहभागीबाट पूर्वाञ्चल आइडलको टप टेन छनौट हुनेछ। फाइनल भने भदौ २७ गते हुनेछ। टप टेनमा छनौट भएका सहभागीहरूको एल्बम निकाल्नेछ भने पूर्वाञ्चल आइडल बनेका भाग्यमानी पहिलो सहभागी प्रतियोगीलाई नगद १५ हजार, एकल सोलो एल्बमका साथै एउटा म्युजिक भिडियो निर्माण गरिनेछ। दोस्रो आइडलले नगद १० हजार र तेस्रो आइडलले ५ हजार पाउनेछन्।


पासहुनेनैगरी पढ्न आउनुहोस्।
SLC पूरक परीक्षा-२०६५
Private-Regular-Exempted
बेलैमा शैक्षिक परामर्शकासाथ अभिभावक-विद्यार्थी-अनुभवी शिक्षकहरुको प्रयासबाट कुनैपनि १/२ विषय पासहुनेनैगरी Capsule कक्षामा पढ्न आउनुहोस्।
कक्षा सञ्चालन समय: बिहान ६:००-१०:०० दिउसो १०:००-२:०० बेलुका २:००-६:००
माध्यम: अंग्रेजी/नेपाली
प्राइभेट एकेडेमी, पुतलीसडक, काठमाडौं ✆ 01-4422105

आवश्यकता
NGO तथा INGO Project कोलागि कर्मचारीहरुको आवश्यकता। पार्टटाइम, फुलटाईम जबको व्यवस्था।
मासिक आम्दानी : 9500(fixed)
सख्या : ११ महिला/७ पुरुष
योग्यता: साधरण लेखपढ, SLC + Basic Computer जानेका
सम्पर्क: २०६४०५९, ९८०३७८१६४२, ९८४१९८८१७४ चाबहिल
शनिबार अफिस खुल्ला रहनेछ।

उद्घोषण
6 Years Excellence
with the difference
RJ/VJ/MC/News Reader/Fm Technician
100%On-The-Job Training(Internship)
Training center with own fm station and digital practical studio
Last date:Shrawan-15-066
Job Opportunity For the Best 15 Trainees in Our Fm
Since 2060
Trainers: Kusum (Rajdhani), Naresh (Image), Siromani (cfm), Dayaram (Filmy FM), Mahima (IMAGE), Raj (STARFM), Sanjay (IMAGE), Rupesh(KTV), Paras (FILMY FM), Dinesh(Filmy fm), Binod (abhiyan), Smita(Filmy fm)
Axis Media Ent. (Pvt.) LTD.
Bagbazar,Opp.Miteri Hospital
Ph:-2331656
For details and Media job www.axismedia.com.np

ADMISSION OPEN
Viswa Niketan Higher Secondary School
Announces Admission Open for
Grade XI in
Science, Management, Humanities and Education
Morning & Day Shift
Scholarships Available
Subjects Offered: Hotel Management, Travel & Tourism, Computer Science, Mass Communication & Sociology etc.
All concerned parents, guardians and students are invited to visit us from 7 am to 4:30 pm
Entrance Examination: 2 Shrawan 2066 at 8 a.m.
An Institution where real learning takes place
Viswa Niketan Higher Secondary School
Tripureswor, Kathmandu Ph: 4248838, 4266306

Janapriya Multiple Campus (JMC) calls for admission in Class - 11
JMC, selected as a leading national level campus in Nepal, by the University Grant commission (UGC) under 'World Bank-Washington D.C. Grant program supporting to Second Higher Education Project (SHEP) for maintaining Standardized Quality Education, welcomes SLC Graduates for admission on the following streams in Day and Morning Shifts.
HSEB Programs
Science, Management, Education, Humanities & Social Sciences
TU affiliated Bachelor Programs
BBA, BBS, BA, B.Ed, B. Sc. (Anticipating)
TU affiliated Master's Program
MBS (Anticipating)
For further detail please visit:
Pokhara - 8, Simalchaur, Kaski
Ph: 061-531822, 522287,535287



# दुलही श्रृंगारमा फेरि पनि पुरुष नै उत्कृष्ट

भनिन्छ, सुन्दरता हेर्ने व्यक्तिको आँखामा निर्भर हुन्छ। यद्यपि आवरणीय सुन्दरताको महत्त्व र महिमा सदैव रहँदै आएको कुरालाई पनि नकार्न सकिंदैन। नारी सुन्दरतामा श्रृंगारले अहम भूमिका खेल्छ र त्यसमा पनि दुलही श्रृंगारले अझ बढी महत्त्व राख्छ। सौन्दर्य व्यवसायीहरूले श्रृंगार, कला-सीप र दक्षतालाई प्रतिस्पर्धाको मञ्चमा मूल्यांकन गर्ने हेतुले गत वर्ष प्रारम्भ भएको ल्याक्मे ब्राइडल मेकअप प्रतियोगिताको दोस्रो संस्करण गत शुक्रबार राजधानीस्थित सोल्टी होटलमा सम्पन्न भयो। साँझ ६:३० बजेसम्ममा होटल सोल्टीको मेघा मल्हार प्रेक्षालय निमन्त्रित विशिष्ट पाहुनाहरूले भरिसकिएको थियो। स्टेजपछाडि २० जना युवती दुलहीको भेषमा तयार थिए। प्रतिस्पर्धी २० जना ब्युटिसियन आ-आफ्ना मोडललाई फाइनल टच दिन व्यस्त देखिन्थे।

'विवाह स्वर्गमा तय हुन्छ तर दुलहीलाई सुन्दर बनाउने कार्य ल्याक्मेले गर्छ' भन्ने उद्घोषणसँगै पृष्ठभूमिमा सुमधुर संगीत बज्न थाल्यो भने बिस्तारै मधुरो प्रकाश उज्यालिँदै गएपछि हिमालय थिमअन्तर्गतको वेशभूषा र श्रृंगारमा सजिएका पाँच जना दुलही देखा परे। क्रमैसँग आर्यन, नेवार तथा मधेस थिममा दुलही बनेका मोडलहरू पाँच-पाँच जनाको समूहमा मञ्चमा उत्रिए। इम्ब्रोइडरी गरिएको सिफनको रातो साडी र छड्के तिलहरीमा सजिएका आर्यन दुलही हुन् वा शरीरमा लुँ स्वाँ राखेर रातो दुपट्टा साडीमा सजिएका नेवार दुलही, घाँघरमा चोली लगाएर मधेसी लुकमा निखारिएका दुलही हुन् वा बख्खु पाइदेनमा आकर्षक देखिएका हिमालयन दुलही, सबैको सुन्दरता अनुपम, अद्वितीय र मनमोहक देखिन्थ्यो। दुलही बनेका यी सबै मोडलले ल्याक्मे ब्राइडल मेकअप प्रतिस्पर्धाको अन्तिम चरणमा पुगेका २० जना सौन्दर्य व्यवसायीलाई प्रतिनिधित्व गरेका थिए। सौन्दर्य प्रशाधन सामग्री उत्पादनमा अग्रणी रहेको ल्याक्मेको आयोजना तथा सौन्दर्य कला व्यवसायी संघ नेपालको सहकार्यमा भव्य, स्तरीय र स्मरणीय बन्न पुगेको गत शुक्रबारको साँझलाई दुलही बनेका मोडलहरूले मात्र नभै मोडल हेमा श्रेष्ठको आकर्षक नृत्यले पनि उत्तिकै रोमाञ्चित तुल्यायो। वरिष्ठ ब्युटिसियन कमला श्रेष्ठले ल्याक्मेको सौन्दर्य प्रसाधन प्रयोग गरी मोडल रागिनीलाई मञ्चमै मेकओभर गरेर प्रस्तुत गरेकी थिइन्।

मेकअप आर्टिष्ट स्नेहा राणा, नायिका झरना बज्राचार्य तथा डिजाइनर विन्द्रा सम्मिलित निर्णायक समूहको नजरमा अन्ततः प्रतिस्पर्धी २० जना सौन्दर्य व्यवसायीमध्येका एक मात्र पुरुष सहभागी राजेश लामाको दुलही श्रृंगार कला उत्कृष्ट ठहरियो। राजेशले आर्यन थिमअन्तर्गत मोडल एञ्जिना बोहरालाई दुलहीका रूपमा प्रस्तुत गरेका थिए। काठमाडौं बौद्ध निवासी राजेशले मुख्य उपाधिसहित नगद पुरस्कार ५० हजार तथा दिल्लीस्थित ल्याक्मे सलुनको अनुभव सँगाल्ने अवसर पाएका छन्। काठमाडौंकी रीना महर्जन फस्ट रनरअप छनौट हुँदै २५ हजार नगद पुरस्कारसहित टेलिभिजन कार्यक्रममा आफ्नो कला प्रस्तुत गर्ने अवसर जुटाइन्। सेकेन्ड रनरअप उपाधि भने भैरहवाकी मीरा श्रेष्ठले जितिन्। रीना र मीराले क्रमशः नेवार तथा मधेशी दुलही सजाएका थिए।

# वृत्तचित्रमा मगर आदिकवि

**साप्ताहिक समाचार**

काठमाडौं– लामो समय उनी गुमनाम थिए। करिब चार दशकपछि उनी फेला परे दाङको एक प्रहरीचौकीको भग्नावशेषमा। जीवनको उत्तरार्द्धमा कठिन दिनहरू काटिरहेका यी व्यक्ति हुन् जितबहादुर सिञ्जाली मगर। धेरैका लागि यो नाम अपरिचित हुनसक्छ तर उनी मगर समुदायका आदिकवि हुन्। मगर भाषा र साहित्यलाई उकास्न उनले गरेको योगदान बिर्सन सकिँदैन। मगर भाषा-साहित्यको बीजारोपक सिञ्जाली एकाएक गुमनाम भए, उनी जीवित छन् कि छैनन् ? भन्ने कुरा खोज्ने क्रममै निर्माण भयो वृत्तचित्र 'जिबा सीमा' अर्थात् 'डेड याट अलाइभ'।

सञ्जोक लाफा मगरले निर्देशन गरेको यो वृत्तचित्रले सिञ्जालीको जीवनको बहुआयमिक पक्षलाई समेटेको छ। वृत्तचित्रले लामो समय बेखबर रहेपछि मृत्यु भैसकेको आशंका गरिएका आदिकवि सिञ्जालीलाई भेटिएको र त्यसपछि उनलाई सार्वजनिक रूपमा सम्मान गरिएसम्मको गतिविधिलाई कलात्मक ढंगले प्रस्तुत गरिएको छ। जीवनको उत्तरार्द्धमा घरवारविहीन बनेर उनले पाटीमा बास बस्नुपर्ने कारण भने वृत्तचित्रले खुट्याउन सकेको छैन।

२०१३ सालमा मगर सुधार समितिमा सक्रिय जितबहादुर अचानक चार दशकसम्म बेपत्ता भएका थिए। उनीले गुल्मी, स्याङ्जा, तनहुँ, पाल्पा आदि मगर बस्तीमा पुगेर मगर भाषा-साहित्यलाई प्रचार प्रसार गरेको दृश्य पनि वृत्तचित्रमा समावेश छ। जितबहादुरलाई त्यस बेला अन्य मगरहरूले विभिन्न आक्षेप लगाएर यातना दिएका थिए। त्यसपछि उनी भाषा-साहित्य प्रचारलाई थाँती राखेर शिक्षाको ज्योति छर्नतर्फ लागे। सिञ्जालीसम्बन्धी यो वृत्तचित्र जितबहादुर सिञ्जाली प्रतिष्ठानले चार वर्ष लगाएर निर्माण गरेको हो।

## नटराजको पहिलो छनौट सम्पन्न

धरान– नृत्य प्रतिभाको खोजी गर्ने उद्देश्यले धरानको गरिमा डान्स सेन्टरले सुरु गरेको 'धरान नटराज प्रतियोगिता'को पहिलो चरणको छनौट सम्पन्न भएको छ। धरानका १२ विद्यालयबाट जम्मा ३६ जना प्रतिभा प्रतिस्पर्धीका लागि छनौट भएका छन्। उनीहरूले असार २१ गतेदेखि हुने दोस्रो चरणको छनौटमा प्रतिस्पर्धा गर्ने छन्। धरानमा पहिलो पटक हुन गैरहेको नटराज प्रतियोगिताको टप ३०, २५, २०, १५,१० हुँदै असोज १ गते फाइनल प्रतिस्पर्धा हुनेछ।

## ● तालुमा आलु ●



प्रकाश ओझा

शिक्षक विद्यार्थीसँग- 'थाहा छ तिमीलाई ? न्यूटनले बगैंचामा रूखबाट स्याउ भुइँमा खसेको देखेर पृथ्वीको गुरुत्वाकर्षण पत्ता लगाए ।'

विद्यार्थी- 'थाहा छ, बगैंचामा त खोज्यो नि, हामीले जस्तो जहिल्यै साँघुरो कक्षाकोठामा बसेर किताब मात्र पढेको भए पत्ता लाउँथ्यो ?'

०००

प्रेमी- 'जब म बिहान उठ्छु सबैभन्दा पहिले तिमीलाई सम्झन्छु ।'

प्रेमिका- 'रमेशले पनि यस्तै भन्छ ।'

प्रेमी- 'भनेर के भो त ? म ऊभन्दा पहिले उठ्छु ।'

०००

एउटा युवकको एक वर्षका लागि काठमाडौंबाट विराटनगर सरुवा भयो । आफ्नी प्रेमिकालाई हप्ता-हप्ता दिनमा चिठी पठाउने वाचा गरेर ऊ गयो । हप्ता-हप्ता दिनमा उसले प्रेमिकालाई चिठी पठायो । एक वर्ष पछि ऊ फर्केर आउँदा उसकी प्रेमिकाले हुलाकीसँग विवाह गरेको कुरा थाहा पायो ।

०००

लामो दाह्री भएको भलादमी बसमा यात्रा गरिरहेका थिए । बसमा अति भीड भएका कारण मानिसहरू उभिएका थिए । एक जना दुई फुटको व्यक्ति बसमा चढ्यो । पक्रने ठाउँ नभएको र होचो भएका कारण उसले कसेर भलादमीको दाह्री समात्यो । दाह्रीवाल भलाद्मी केही बोलेनन्, चुप लागे । चार स्टपसम्म कटिसक्यो तर त्यो होचो व्यक्ति पूर्ववत् भलाद्मीको दाह्री समातेर उभिरह्यो । त्यसपछि भलाद्मीले क्रोधित स्वरमा भने– 'हे मिस्टर □ मेरो दाह्री छाड् ।'

'किन ? होचोले सानसँग सोध्यो- 'ओर्लने हो ।'

०००

मेरो विचारमा- आफूलाई महाविद्वान् मान्ने व्यक्तिले भने- 'शेक्सपियरका सम्पूर्ण नाटक महारानी भिक्टोरियाले लेखेकी हुन् ।'

'हँ ?' मित्रले छक्क पर्दै सोध्यो- 'तर त्यति राम्रा नाटक एउटी महिलाले कसरी लेख्न सक्छिन् ।'

'तपाईंले मेरो कुरा नै सुन्नुभएको छैन ।' महाविद्वान्ले भने– 'मेरो विचार यो छ कि महारानी भिक्टोरिया पुरुष थिइन् ।'

### मेरो कुरो

बिरामी दाजुभाइ तथा दिदीबहिनीहरू, जुन दवाई मीठो लाग्यो बुझ्नुस् त्यो दबाईले तपाईं कहिल्यै निको हुनुहुन्न ।

०००

## ● कविता ●

### मेरा निम्ति



आँखामा भिजाऊ आज मेरो पिरतीको रुमाल
म पनि तप्काइदिऊँ चिउँडोले सावन तिम्रो
मलाई तिम्रो छातीको हिक्काले पखाल
तिम्रो बितेको रातको अब घुम्टो खोल
मलाई पनि तिम्रो रातको जाडोमा पगाल
तिम्रो दुःख मेरो, मेरो सुख तिम्रो भो
अरू बाँकी छ त, त्यो पनि भाग हाल
बदलिन्न अब मेरो हेराइ तिमीप्रति जति
दुई आँखाको पवित्रतामा सृष्टिले दाग हाल ।


–प्रेमकृष्ण श्रेष्ठ

### मान्छे

निश्चल तलाउमा ढुङ्गा हान्छ, मर्ने गरी हान्छ
अनि सोध्छ, तिमी कतै धमिलियौ कि ?
बारबार ठुङ्छ, कोपर्छ, धनले हिर्काउँछ
अनि सुमसुम्याउँदै सोध्छ, तिमी कतै दुख्यौ कि ?
साम, दाम, दण्ड, भेद सबै प्रयोग गर्छ
पत्थर पग्लेपछि, चिप्लिँदै बोल्छ, तिमी कमजोर देखियौ नि ?
अँगालो फेरिइरहन्छ यताउता, जब हात गल्छ अनि
माया गरेझैं पोखिन्छ, तिमीलाई गाह्रो पो भयो कि ?
ताकी-ताकी मुटुमै फिर रोप्छ
अनि सोध्छ, तिमीलाई कतै घाउ लाग्यो कि ?
अचम्मको हुन्छ मान्छे, आफू लापरवाह गर्छ
अरूको थोरै चिमोट्याइँमा आहत बन्छ, आखिर किन
आफू बाँच्नलाई मात्र जीवन भन्छ मान्छे ?

– विद्या सापकोटा

### झोकमा बजारिएको तासजस्तै



जल्न नपाई गिद्धले लुछी कुहिएको लासजस्तै
भोको मानिस आत्तिएर खान पाउने आशजस्तै
जीवन मौलाई जान्नुपर्ने हराउँदै गयो आज
पानी नपाई ओइलाएर सुक्न लाग्या घाँसजस्तै
चोटका त खातैखात छन् जीवन मेरो यस्तै छ
जुवाडेले रिसको झोकमा बजारेको तासजस्तै
आकुल-व्याकुल हुन्छ मन गाह्रो भयो बाँच्न यति
घाँटीमा हाड अड्किएर रोकिएको सासजस्तै
तिमीलाई देख्दा हराउँछ सानु कति कति म त
दिनौंपछि भोकाले खान पाई खाएको गाँसजस्तै

–सौगात मिश्र

## ● लघुकथा ●



### घाइतेको सम्मान

चिरु आन्दोलनमा नराम्रोसँग घाइते भयो । उसको अति मिल्ने साथी सहिद भयो । घाइतेहरूले अस्पतालबाटै देश लोकतान्त्रिक गणतन्त्रमा प्रवेश गरेको ठहर गरे ।

जनताले ल्याएको गणतन्त्रलाई सबैले स्वीकार गरे । सामन्तले छोडेको दरबार सबैका लागि खुला गरियो । चिरुको खुसी फेरि छचल्कियो । ऊ वैशाखी टेकेरै भए पनि दरबारको गेटमा पुग्यो । नेता, पत्रकार र विदेशी कुटनीतिज्ञ पहिले छिरे ।


गणतन्त्र ल्याउन सङ्घर्ष गर्ने जनताको पनि दरबारभित्र छिर्ने पालो आयो । कडा सुरक्षा जाँच गरियो । गेटमा अनियन्त्रित भीड थियो । भागाभागको स्थिति आयो । विचरा □ चिरु भाग्न सकेन । ऊ घोप्टो परेर लड्यो ।

भीडलाई नियन्त्रणमा लिन लाठीचार्ज भयो । सुरक्षाकर्मीले दिनभरिको रिस घोप्टो परेर लडिरहेको चिरुमाथि पोखे । दरबारभित्र सहिदप्रति श्रद्धाञ्जलिस्वरूप एक मिनेटको मौनधारण तथा घाइतेहरूको सम्मान गर्ने कार्यक्रम तय गरिएको थियो । बाहिरचाहिँ जनआन्दोलनको घाइते चिरु यो संसारबाट बिदा भैसकेको थियो ।

–बेजोड गौतम

# नेपालीको ब्रह्माण्ड वृत्तचित्र

गत भ्यालेन्टाइन डे १४ फरवरीका दिन आफ्ना सबै साथीहरू प्रेमरसमा डुबेको बेला सेन्ट जेभिएर कलेजमा अध्ययनरत दुई विद्यार्थी जीडी पुडासैनी र उत्सव कँडेल भने आकाश हेरेर बसेका थिए । त्यतिबेलामा उनीहरूले नेपालमा ब्रह्माण्डका बारेमा अध्ययन-अध्यापन नभएको विषयमा गम्भीर छलफल गरे । सबैको चासोको विषय भएर पनि यस विषयमा नेपालमा खासै अनुसन्धान हुन सकेको छैन । विद्यार्थीहरूमा रुचि जगाउन उनीहरू त्यसै दिनदेखि ब्रह्माण्डको विषयमा वृत्तचित्र बनाउन दत्तचित भएर लागे ।




चार महिनापछि उनीहरूले तयार पारेको हब्बल एन्ड दि युनिभर्स शीर्षकको वृत्तचित्रको प्रथम सार्वजनिक प्रदर्शन गरिएको हो । वृत्तचित्र हालसम्मको सबैभन्दा उत्कृष्ट मानिएको हब्बल टेलिस्कोपमा केन्द्रित छ । वृत्तचित्रमा उक्त टेलिस्कोपले पठाएका ब्रह्माण्डका तस्विर समेटिएको छ । १ घण्टा ४५ मिनेट लामो वृत्तचित्रमा ब्रह्माण्डमा रहेका नेबुला, ग्यालेक्सी, ब्ल्याक होल, सौर्य मण्डलमा रहेका ग्रह, नक्षत्रको जानकारी पनि समेटिएको छ । ब्रह्माण्डका बारेमा सरल भाषामा बुझाउन निर्माताहरूले पृथ्वीमा हुने गतिविधिसँग ब्रह्माण्डको तुलना गरेर देखाएका छन् । वृत्तचित्रको डिभिडी पनि सार्वजनिक भएको छ ।

–रविन राचलिका

COMING SOON
देशभरी हाम्रो नेटवर्क
ON AIR MEDIA
तालिमका विषयहरु
- Radio/T.V. News Package
- Radio/T.V. Programme Production
- Radio/T.V. Programme Presentation
- Radio Technicial
- RJ/VJ/MC Package
देशभरीका ख्यातीप्राप्त मिडियाकर्मीहरुद्वारा प्रशिक्षण
हामी शिक्षाको ज्योति मात्र होइन जीवन जीउने आधार सहित, सम्पूर्ण प्रशिक्षार्थीहरुलाई मिडीयाको क्षेत्रमा अनुभवी व्यक्ति बनाउँछौं ।
ON AIR MEDIA Pvt. Ltd.
Bagbazar, Kathmandu, Nepal
Tel.: 00977-1-2041114, Mob.: 9841496819

विपना, रीता, तिमीहरू दुवै जनालाई धेरै-धेरै माया अनि मीठो सम्झना। तिमीहरूको के छ हालखबर ? जाँच कस्तो भयो ? राम्रो नम्बर ल्याएर पास गर्नु, अनि किन मलाई बिर्सिएको ? के साँच्चै माया मारेको ? तिमीहरू दुवै जनालाई धेरै-धेरै सम्झना।

**देवराज**

शान्ति, तिम्रो धेरै माया लाग्छ, तिम्रो जन्म दिनमा घर बस्न नपाए पनि फर्कंदा एउटा गिफ्ट ल्याइदिनेछु।

**टीका**

शिवराम, तिमी अहिले कहाँ छौ ? आरामै छौ होला। मैले तिमीलाई कति भेट्न खोजें तर तिम्रो ठेगाना र फोन नम्बर नभएकाले भेट्न सकिनँ। म तिमीलाई एकदमै चाहन्छु, तिमी बाहेक मेरो अरू कोही पनि छैन। मैले तिमीलाई विवाह गरें भनेकी थिएँ तर त्यो सबै झूठा थियो। मलाई माफ गर अनि एक पटक कोठामा आएर भेट ल।

**ललि.**

अञ्जु दिदी, तपाईंले गाएका गीतहरू 'नबिर्सें तिमीलाई नपाएँ तिमीलाई, सागर सरी चोखो माया' साह्रै मन पर्‍यो अबका दिनहरूमा पनि यस्तै राम्रा-राम्रा गीत गाउनुहोला। धेरै-धेरै शुभकामना।

**भाइ**

क्याम्पसको गेटमा सधैं पर्खिरहने आँखा जुधाउँदा मुसुक्क हाँस्ने काली मैयालाई आईलभयू भन्दै चाँडै भेट्न चाहन्छु।

**यज्ञ**

अस्मिता, जन्मदिनको शुभकामना। मसँग दिन सक्ने त केही छैन। तैपनि सधैं खुसी रहनु र हरेक पाइलाको सफलताका लागि हृदयदेखि नै शुभकामना। तिम्रो मोबाइलका मेरा सबै एसएमएस डिलिट गरिदिनु ल।

**राजेन्द्र**

दौलगी, मुटुभरिको माया र पलपलको सम्झना। तिमी गएको महिना दिन भैसक्यो। फर्किएपछि जसरी पनि सम्पर्क गर्नु। तिमीलाई मेरो मोबाइल नम्बर थाहा छ।

**काले**

काली, एकपटक स्याङ्जाको ठेगानामा पत्राचार वा पुरानो मोबाइलमा फोन गर्न अनुरोध छ।

**काले कान्छा**

संगी., तिम्रो नाटकीय मायाले मलाई धेरै पीडा दिएको छ। मेरो भावनासँग खेलवाड गरी टेलिसिरियल जस्तो जीवन बाँच्न खोज्नेलाई बिर्सन त नसकूँला तर यस्तै चकलेटी माया खोज्दै हिंडे अवश्य एक दिन सडकमा पुग्नेछौ। यो नाटकको अन्तिम एपिसोडमा



## • सन्देश •

म मेरो भूतकालकी प्रेमिकालाई आफ्नो आचरण र प्रवृत्तिमा सुधार ल्याउन अनुरोध गर्छु।

**हरि**

कविता, हाम्रो विवाह भएको पनि दुई वर्ष भैसकेछ। मलाई त तिम्रो माया र सहयोगले दुई वर्ष कटेको पत्तै भएन। यसै अवसरमा तिमीलाई साथ दिने वचन दिन्छु। तिमी पनि सधैं यसैगरी जिन्दगीभर साथ दिइरहनु। साथै छोरा कुशललाई अनि छोरी गृष्मालाई ह्यापी बर्थ डे।

**विशाल**

सुनसरी क्याम्पस इनरुवाका साथीहरू श्रीनिवास, वसन्त, अमर, दीपक, नीरज, लक्ष्मण, इमरान, सन्ध्या, मुना, लक्ष्मी दिदी आदि सबैलाई शैक्षिक सफलताको शुभकामना।

**विनोद खतिवडा**

कालु, जन्मदिनको लाखौंलाख शुभकामना।

Kalpa_sk@yahoo.com

निरू आन्टी, राज, गंगा र भाइ गौरव सबैलाई सम्झना छ। कहिलेकाहीं फोन गर्नु ल।

**सागर/अजिता**

निर्मला, मैले भनेको स्वीकार गर न, त्यसरी जेलमा जस्तै बसिराख्ने ?

**हरिश**

नी., तिमीले मलाई धोका दिएर अर्केसँग विवाह गरिछौ, ठीकै छ। मसँग तिमीलाई पुग्ने सम्पत्ति थिएन, उसलाई रिजाएर खानू।

**जयकृष्ण**

गोपाल दाइ, राम्रोसँग पढ्नु ल, यताउता होइन नि। आफ्नो कर्तव्य नबिर्सनु नि।

**बहिनीहरू**

गाउँका प्रिय मित्रहरू दिलबहादुर, लोक, शमशेर, आनन्द, मनु, मनज्योति, निर्पा, सविना, मन्दिरा, कौशिला तथा बहिनीहरू गंगा र दुर्गालाई मीठो सम्झना एवं माया।

**मीनबहादुर परियार**

प्यारो भाइ देवेन्द्र घिमिरे एवं प्यारी बहिनी कमला घिमिरेको जन्मोत्सवमा लाखौंलाख शुभकामना।

**आँसु घिमिरे**


सानु, अहिले तिमी कहाँ छयौ ? मैले तिमीलाई कटारीमा फोन गरेको थिएँ तर तिमीलाई पाउन सकिनँ। के हाम्रो भेट हुँदैन ? एकपटक फोन गर ल।

**बाबु चाम्लिङ**

ओई, खै के भनेर सम्बोधन गरौं तिमीलाई। तिमीले सपनामा मलाई देखें भन्यौ। खै सपनाको कुरा पूरा हुने हो कि होइन थाहा छैन, तैपनि जन्मदिनको धेरैभन्दा धेरै शुभकामना।

**लुरे**

## • साथी •



१६ वर्षका कमान पुन मगर 'विरही' ५ फिट ३ इन्च अग्ला छन्। कक्षा ८ मा अध्ययनरत कमान मिलनसार तथा हँसिलो स्वभावका छन्। अविवाहित कमानको रंग गहुँगोरो छ। पत्रमित्रता र भ्रमणमा रुचि राख्ने मगर व्यावहारिक तथा सरल व्यवहार भएका साथीको खोजीमा छन्। उनलाई साथी बनाउन चाहनेहरूले ह्वामा-५ फाल्जा, रोल्पामा पत्राचार गर्न सकिन्छ।



लोकेन्द्र सिंह घटाल अंग्रेजी विषय लिएर बीएड दोस्रो वर्षमा अध्ययनरत छन्। १९ वर्षका घटाल ५ फिट ८ इन्च अग्ला छन्। कम बोल्ने, हँसिलो, नरिसाउने र सुख-दुःखमा साथ दिने स्वभावका लोकेन्द्र पत्रमित्रता मार्फत धेरै साथी बनाउने चाहना राख्छन्। सकारात्मक सोच भएका एवं अध्ययन-अध्यापनमा लगाव राख्ने साथीको खोजीमा रहेका लोकेन्द्रलाई ghatallokendra@yahoo.com मा इमेल गर्न सकिन्छ।



५ फिट ५ इन्च अग्ला ईश्वर कुमार विष्ट 'एनिमल्स बर्ड' हाल १५ वर्षका भए। कक्षा ९ मा अध्ययनरत ईश्वर दयालु तथा मिलनसार स्वभावका छन्। पत्रमित्रतामा रुचि भएका ईश्वर गहुँगोरो वर्णका छन्। समाजसेवा गर्ने तथा पशुपन्छीलाई माया गर्ने विष्ट धनी-गरिब नछुट्याउने साथीको खोजीमा छन्। ईश्वरलाई साथी बनाउन चाहनेहरूले महत गाविस वडा नम्बर-२ छिना, जुम्लामा पत्राचार गर्न सक्नुहुन्छ।



आशिष 'आशु' लिम्बू पत्रमित्रतामा रुचि राख्छन्। ५ फिट ३ इन्च अग्ला आशिष २२ वर्षका भए। भावुक स्वभावका लिम्बू कालो वर्णका छन्। अविवाहित आशिष मित्रताको महत्व बुझ्ने साथीको खोजीमा छन्। आशिषलाई साथी बनाउन चाहनेहरूले इटहरी-२, शान्तिनगर, सुनसरीमा पत्राचार गर्न सक्नुहुनेछ।



कक्षा ८ मा अध्ययनरत अनुराधा श्रेष्ठ ५ फिट १ इन्च अग्ली छिन्। १३ वर्षीया अनुराधा मिलनसार स्वभावकी छिन्। धेरै साथी बनाउने अभिरुचि राख्ने अनुराधाको रंग गहुँगोरो छ। धनी-गरिबको भेदभाव नराख्ने, मित्रता नतोड्ने, मनको कुरा बुझ्ने, सुख-दुःखमा साथ दिने साथीको खोजीमा रहेकी अनुराधालाई साथी बनाउन चाहनेहरूले नख्खु, प्रगतिनगर, ललितपुरमा पत्राचार गर्न सक्नुहुन्छ।


तुरुन्त आवश्यकता
विदेशी नागरिकको सहयोगमा संचालित कम्पनीको अफिसलाई Staff आवश्यकता।
संख्या- 7-Ladies, 7-Gents
तलब- -9500/-
योग्यता-S.L.C. +2 above
Unique Mission International
Basundhara Chowk
9841082250, 9803940104
नोट: Urgent परेकोले शनिबार पनि अफिस खुल्ला रहनेछ। तु: सम्पर्क गर्नुहोला।

Learn to Speak English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German IELTS/ Visa / Job Interview Pre.
OASIS Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

एकता, विस्तार र गुणस्तरीयता, शिक्षामा वर्षौंदेखिको हाम्रो प्रतिबद्धता
प्राईभेट TEST/SLC 2066
को लागि कक्षा १० मा अन्तिम भर्ना
Shift: Morning/Day
Medium: Nepali/English
जिल्ला शिक्षा कार्यालय काठमाडौंबाट मान्यता प्राप्त
चावहिल
Bright Future
Ph: 4463073
कोटेश्वर
Harvard Int'l Academy
Ph: 4601434

# नसालु आँखाले मोहित हुनुहुन्छ कि मुस्कानले भुतुक्कै बनाउँछ ?

हाँसो त केही बेरका लागि मात्र हो, मलाई त नशालु आँखाले नै मोहित बनाउँछ । त्यस्तो हेराइमा गहिरो प्रेम हुन्छ ।

**देवराज ढकाल, सुनसरी**

कसैको मन्द मुस्कानले भुतुक्कै बनाउँछ यद्यपि बढी त नशालु आँखाले नै मोहित बनाउँछ ।

**सुजिता पौडेल, चैनपुर, चितवन**

सम्पादकज्यू, मलाई त आँखामा लगाएको गाजल र मुस्कुराउने ओठमा लगाइे लाली हेर्दा बमिट हुन्छ, त्यसकारण म बाटोमा निहुरेर हिंड्छु ।

**सुदर्शन पौडेल**

आँखा नै यस्तो चीज हो जसले मानिसलाई सरल र सहज रूपमा बाँच्न र सौन्दर्य हेर्न प्रोत्साहित गर्छ । त्यसकारण आँखा नै मानिसलाई भुतुक्कै बनाउने अङ्ग हो ।

**शम्भुराज सोल्टी, मोरङ**

मलाई त उनको नशालु आँखा र मुस्कान दुवैले भुतुक्कै बनाएको छ ।

**भुवनकुमार चौलागाई (१७), सर्लाही**

मुसुक्क मस्किनेले भुतुक्कै पार्छन् । हँसिलो मुहारसँगै टल्किने ३२ वटा मोती लहर पनि गहना नै हुन्

**कुमार**

तपाईंको प्रश्नको उत्तर खोज्न दिनभरि न्युरोड गेटमा बसें, हातलाग्यो शून्य, के उत्तर दिनु ?

**मीनु हिताङ, स्याङ्जा**

म नशालु आँखाबाट मोहित हुन्छु, किनभने मनको कुरा आँखाले देखाउँछ ।

**पद्मराज महतारा, डोल्पा**

पहिले आँखाले नै मोहित बनाउँछ, त्यसपछि मुस्कानले त झन् मुटुमा छुरा चलेजस्तै हुन्छ ।

**युजल घिमिरे**

आजसम्म त नशालु आँखाले नै मोहित भइएको छ । मुस्कान पनि पाइए त कन्डिसन नै बेग्लै होला नि ।

**जयराम कोइराला**

मलाई मुस्कानले नै भुतुक्कै पार्छ । कुनै युवती हाँसिदिए युवाहरूका लागि त्योभन्दा ठूलो कुरा के हुन्छ ?

**नारायण कुँवर, काठमाडौं**

तपाईंलाई त्यति पनि थाहा छैन ? नशालु आँखाले भन्दा त मुस्कानले नै भुतुक्कै बनाउँछ नि ।

**डी.जी. थापा (२०)**

अहिलेसम्म त यसको अनुभव भएको छैन । यदि भयो भने तपाईंलाई सुटुक्क भन्छु ।

**वैद्यनाथ कोइराला**

गाजल लगाएका नशालु आँखा अनि मीठो मुस्कान पनि, अनि पो भुतुक्कै त ।

**रुद्रप्रसाद दाहाल (२२)**

ह...न...ओ सम्पादक ब्रो,...कस्तो झकास प्रश्न गर्नुभा'को भनौं भने मन नपर्ला त्यसैले होस् ।

**प्रदीप चौलागाईं**

मान्छेको मुस्कान नै आकर्षणको केन्द्र बन्न सक्छ । यद्यपि मुस्कानभित्र कहिलेकाहीं कुटिलता पनि लुकेको हुन सक्छ है ।

resham_sunuwar@yahoo.com

मीठो मुस्कान पाए त अरू केही चाहिंदैन ।

**नारायण कुँवर, गुल्मी**

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पुरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. काली युवती र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ? किन ?
२. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
३. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
४. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
५. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
६. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
७. पढेर जानिन्छ कि परेर ?
८. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
९. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
१०. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?



## ● यौन जिज्ञासा र समाधान ●



डा. राजेन्द्र भद्रा

**प्रश्न : म २३ वर्षीय विवाहित युवक हुँ । आजभन्दा पाँच-छ महिनाअघि अश्लील दृश्य सम्झँदा, हेर्दा, लिङ्ग कडा र उत्तेजित हुन्थ्यो, तर हाल आएर यस्ता दृश्य सम्झँदा, हेर्दा तथा श्रीमतीसँग यौनसम्पर्क राख्ने क्रममा मनमा यौनचाहना तीव्र भए पनि लिङ्ग पूर्ण रूपमा कडा हुँदैन । केही समयमै लुलो भएर जान्छ । त्यसैले म टेन्सनमा छु । हस्तमैथुन गर्दा चिप्लो पानी तथा वीर्य पर्याप्त मात्रामा निस्कन्छ तर लिङ्ग पूर्ण कडा हुँदैन । मलाई शारीरिक तथा यौनांगसम्बन्धी कुनै रोग छैन, अर्थात् म पूर्ण स्वस्थ छु । मेरो यो समस्याको समाधान पाए अभारी हुने थिएँ ।**

**– टार्जन**

**उत्तर** : फ्रायडको विश्लेषणलाई विचार गर्ने हो भने पूर्वलैंगिक अवस्थामा यौन उत्तेजनाको केन्द्र यौन अंगहरूमा हुँदैन । जन्मदेखि एक वर्षसम्मको उमेरमा यौन उत्तेजनाको केन्द्र मुखमा हुन्छ । उनका अनुसार एउटा बालकले स्तनपान वा अरू केही चुसेर आनन्द प्राप्त गर्छ । त्यसपछिको समयमा त्यसको केन्द्र मलद्वारमा हुने र दिसा गर्दा बालकले सो आनन्द पाउँछ । यो अवस्था एकदेखि तीन वर्षसम्म रहन्छ । त्यसपछि बालक लैंगिक अवस्थामा प्रवेश गर्छ । लैंगिक अवस्थामा पुगेपछि पनि मुख, ओठ अनि मलद्वार क्षेत्र यौन आनन्दको एक प्रमुख अंगका रूपमा कायम रहन्छ । लैंगिक अवस्थाको सुरुको समय अर्थात् तीन वर्षदेखि पाँच वर्षको उमेरमा यौन उत्तेजनाको केन्द्र यौनअंगमा हुन्छ । केटाहरूमा लिंग यसको केन्द्र हुन्छ भने केटीहरूमा भगांकुर । किशोरावस्थामा वयस्क हुने क्रमको थालनी हुन्छ । यौनसम्बन्धी परिवर्तनका लागि आवश्यक आन्तरिक रसहरूको स्राव सुरु भएपछि किशोरावस्थाको थालनीसँगै यो लैंगिक अवस्था वयस्कको जस्तै भएर जान्छ । सायद त्यसैले होला, हामी यौनसम्बन्ध अनि यौन सक्षमताका सन्दर्भमा यौनाङ्गको सेरोफेरोमै घुम्छौं । यो एक किसिमले स्वाभाविक पनि हो ।

**किन यौन उत्तेजना नभएको ?**

हामीलाई थाहै छ, हाम्रो शरीरभन्दा बाहिरको कुरा थाहा पाउन हाम्रा इन्द्रियहरू छन् । बाहिर भैरहेका कुरा हामीले इन्द्रियको माध्यमबाट प्राप्त गर्छौं । यी सन्देशहरू स्नायुको माध्यमबाट हाम्रो मस्तिष्कसम्म पुग्छन् र मस्तिष्कले त्यसलाई अर्थ्याएपछि मात्र हामीले सो कुरा बुझ्छौं । दृष्टिको कुरा गर्ने हो भने हाम्रा आँखाले हेरेका वा देखेका कुरा मस्तिष्कसम्म स्नायुको माध्यमबाट पुग्छन् अनि मस्तिष्कले ती कुरालाई अर्थ्याउँछ । यस्ता दृश्य यौन उत्तेजक छन् भने हामीमा उत्तेजना पैदा हुनसक्छ । यौन क्रियाकलापका दृश्य अनि नग्नदृश्यहरू धेरैका लागि यौन उत्तेजक हुनसक्छ । कस्ता किसिमका दृश्य बढी वा कम यौन उत्तेजक हुन्छन् भन्ने कुरा व्यक्ति-व्यक्तिअनुसार फरक पर्न सक्छ ।

मस्तिष्कमा रेकर्ड गरिएका दृश्यलाई पुनः सम्झादा पनि त्यही किसिमको प्रभाव दोहोऱ्याउन सकिन्छ तर यस्ता कुरामा एकनासेपन भए अर्थात् कुनै नौलोपन नभए हामीले पहिलेको जस्तो प्रभाव नपाउन सक्छौं । तपाईंलाई एक हदसम्म यस्तै भएको हुनुपर्छ । तपाईंले पक्कै बुझिसक्नुभएको हुनुपर्छ कि हाम्रो मस्तिष्क एक प्रमुख यौन अङ्ग हो । बाहिर कुनै इन्द्रियबाट यौन उत्तेजक सन्देश नआएको बेलामा पनि यसले यौन परिकल्पनाको माध्यमबाट यस्ता कुरामा नौलो आयाम थप्न सक्छ । यौनसम्बन्धी कतिपय कुरा मस्तिष्कबाटै सुरु हुन्छ । यौनेच्छा र यौन परिकल्पना एक-अर्कासँग सम्बन्धित छन् । यौन परिकल्पनाले व्यक्तिलाई यौन क्रियाकलापमा संलग्न हुन र त्यसबाट अधिकतम सुख प्राप्त गर्न पहिलेदेखि नै तयार राख्छ । यसो हुँदा शारीरिक क्रियाकलाप अनि यौनेच्छालाई उच्च स्तरमा राख्दा त्यसको तीव्रता बढी हुन्छ । यौन परिकल्पनालाई धेरैजसो स्थितिमा अन्य कुनै कुरासँग गाँसेर यौनसुख प्राप्तिका लागि प्रयोग गरिन्छ ।

यौन परिकल्पनालाई विभिन्न व्यक्तिले फरक-फरक किसिमले प्रयोग गर्छन् । कसैले सुरुवात राम्रो गर्न, अधिक उत्तेजनाका लागि प्रयोग गर्छन् भने कसैले निम्न स्तरमा लामो समयका लागि बिस्तारै संवेगको स्थितिमा पुग्नका लागि । यौन परिकल्पनाले मानसिक तथा शारीरिक दुवै पक्षमा फाइदा पुऱ्याउन सक्छ । गहिराइमा पुगेर विचार गर्ने हो भने यसको दीर्घकालीन प्रभाव भनेको यौनसम्बन्धलाई निरन्तरता दिनु हो जसको सकारात्मक प्रभाव वैवाहिक तथा पारिवारिक जीवनमा पनि पर्छ । यौन परिकल्पनाले यौन जीवनको एकनासेपनलाई कम गर्न सहयोग गर्छ र नयाँपनको ऊर्जा प्रदान गर्छ । यौन क्रियाकलापमा संलग्न हुँदा अनेक कुरा मनमा खेल्न थाले त्यसको यौनसुखमा नकारात्मक प्रभाव पर्छ । यसले विचार र भावनालाई केन्द्रित गर्न ध्यान गर्न वा भनौं विभिन्न किसिममा विकर्षणलाई कम गर्न मद्दत गर्छ । यसले आ□ना क्रियाकलापलाई यौनको सुखद पक्षमा केन्द्रित गर्न मद्दत गर्ने भएकाले फाइदा त पुग्छ नै । यौनसुख प्राप्त गर्न कल्पनाशक्तिलाई सकारात्मक रूपमा प्रयोग गर्न सकिन्छ । कतिपय स्थितिमा यौन परिकल्पनाले आफैंभित्रका विरोधाभास वा अलमललाई स्पष्ट पार्ने अवसर दिन्छ । यौन परिकल्पना हस्तमैथुन गर्दा होस् वा यौन सम्पर्क दुवैमा सहयोगी हुन्छ ।

**लिङ्ग लुलो हुन नदिन के गर्ने ?**

लिङ्ग उत्तेजनाको समस्या तथा समाधानका बारेमा यही स्तम्भमा पहिले पनि चर्चा भैसकेको छ तर पनि छोटकरीमा केही चर्चा गरौं । एकनासेपनबाट बाहिर आई यौन क्रियाकलापमा केही नौलोपन दिनसके पक्कै यौन उत्तेजना अधिक हुँदा लिङ्ग उत्तेजनालाई पनि सहयोग पुग्छ । श्रीमतीसँगको यौन सम्पर्कमा पाक्क्रिडा सहयोगी हुन्छ । हामी यन्त्र ( मेसिन) होइनौं, त्यसैले यान्त्रिक रूपमै यौनसुख प्राप्त गर्ने कुरा पनि हुनुपर्छ भन्ने सोंच ठीक होइन । हामीलाई तुरुन्त नतिजा दिने किसिमको उपचार विधि चाहिएको हुन्छ । अनधिकृत रूपमा गर्ने-गराइने औषधी-उपचारले बिक्री गर्ने व्यक्तिलाई फाइदा पुऱ्याए पनि प्रयोगकर्तालाई फाइदा नपुग्ने मात्र होइन, हानि पनि पुग्नसक्छ ।

लिङ्ग उत्तेजनामा अप्ठ्यारो परेकाहरूलाई सहयोग पुऱ्याउन लिङ्ग उत्तेजित बनाउने औषधी जस्तै कि भियाग्रा वा केही शल्य चिकित्साको विकास नै नभएको त होइन तर यसका लागि चिकित्सकको निगरानी र सिफारिस तथा सहायोग चाहिन्छ ।

तनाव कम गर्न सक्नु महत्त्वपूर्ण पक्ष हो । सहज वातावरण र तनावरहित भएर यौन क्रियाकलापमा संलग्न हुँदा फाइदा पुग्छ । आवश्यकताभन्दा बढी पीर गर्दा समस्या बल्झन सक्छ । तपाईंको पत्रमा तपाईंको समस्याका बारेमा साह्रै थोरै जानकारी छ जसले गर्दा त्यसको निदान र समाधान पर्याप्त नहुन सक्छ । यस्तो समस्या कायम रह्यो भने विस्तृत जानकारीका साथ पत्र लेख्नुहुनेछ भन्ने आशा गरेको छु ।


के तपाईमा यौन सम्बन्धी समस्या छ?

पुरुषहरुमा देखिने

शीघ्र पतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष, सरुवा यौनरोगका साथै उमेर अनुसार यौनाङ्ग विकास नहुनु ।

महिलाहरुमा देखिने

सेतो पानी बग्ने, योनी चिलाउने, यौन सन्तुष्टिमा कमी भएको महसुस हुने, स्तन सानो वा ठूलो हुने, तल्लो पेट दुख्ने तथा महिनावारी सम्बन्धी समस्याहरु ।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर, कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरु ।

महिला वा पुरुषहरुमा हुने बांझोपन (नि:सन्तान) को गोपनियताका साथ उपचार

सम्पर्क स्थान: माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिष्ट डाक्टर्स क्लिनिक

पुतलीसडक, काठमाडौं (साडी प्यालेस माथि) फोन: ४२४०३८१, ४२२५५३५

शाखा कार्यालय

पोखरा - ०६१-५३९१९४ बुटवल - ०७१-५४८८९३

भरतपुर - ०५६-५२०९६८ इटहरी - ०२५-५८४०८८

दाङ - ९८४७८७७११४, ९८०६२०९८००

हेटौंडा - ०५७-५२६०४६ सप्तरी, फत्तेपुर - ०३१-५५०११२








सौन्दर्यका सामानहरू

| | |
|---|---|
| १. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,१९९/- | ७. अनुहारको चाया पोतो हटाउने -रु. २,४९९/- |
| २. Souna Belt Price -रु.२,४९९/- | ८. पेट घटाउन Abking pro -रु. ६,९९९/- |
| ३. Breast घटाउने क्रिम -रु.१,२९९/- | ९. Home Jogger -रु. ६,९९९/- |
| ४. Breast बढाउने क्रिम -रु.१,२९९/- | १०. कपाल झार्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/- |
| ५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/- | ११. Breast बढाउने pump -रु. १,४९९/- |
| ६. Roop Amrit -रु.१,३९९/- | १२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/- |

Global TV. Product Shop

पुतलीसडक, ( शंकरदेव क्याम्पस अगाडि )

कुमारीबैंकपछाडि फोन :४२४२०६१,४२३०८१५



कष्मेटिक सर्जरी


- शरीरमा भएका दाग, कोठी, मुसा, ट्याटु, अप्रेसन पछिका दागहरु हटाउन
- शरीरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment

प्लाष्टिक सर्जरी क्लीनिक

सम्पर्क: मानभवन, ललितपुर

०१६९१०५३२, ९८०३८८३५७७

## बाटो पत्ता लगाउनुहोस्



# पत्याउनु हुन्छ ?



बर्लिनको भूमिगत रेलमार्गमा गुडिरहेको रेलभित्र हालै 'भूमिगत फेसन सो' सम्पन्न भयो। उक्त फेसन सोमा डिजाइनरहरूले पंक, रक र गोथिक पहिरनहरू प्रस्तुत गरेका थिए।



कीरा प्रजातिमध्ये भ्यालिङ्चा सर्वाधिक तीव्र गतिमा उड्ने प्राणी हो। यो कीरा प्रतिघन्टा ५० देखि ६० माइल उड्न सक्छ।



फिनल्यान्डको राजधानी हेलसिन्कीमा प्रत्येक वर्ष बुट फ्याँक्ने प्रतियोगिता हुन्छ। जुनसुकै दिशामा बुट फ्याँके पनि सबैभन्दा टाढा बुट फ्याँक्ने प्रतियोगीले पुरस्कार हात पार्छन्।



चीनको युनान प्रान्तमा तीन दिने पाँचौं जुम्ल्याहा महोत्सव सम्पन्न भएको छ। वार्षिक रूपमा आयोजित हुने यो महोत्सवमा १ हजार जुम्ल्याहाले सहभागिता जनाएका थिए।

अनुहार चिन्नुहोस्को उत्तर : शर्मिला मल्ल र बिपना थापा

### एउटा चर्चित गीतको मुखडा भरेर पूरा गर्नुहोस्

............ ................ ............... ...........

फूल भनौं कि जून भनौं

............. ......... .......... ........... ........

तिमीलाई मनकी मायालु भनौं।

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## साप्ताहिक कोठेपद

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | २ | | | ३ | | ४ |
| | ■ | ५ | | | ६ | | | ■ | |
| | ■ | | ■ | | | ■ | | ■ | |
| ७ | | | | ८ | | | | | |
| | ■ | ९ | | | १० | | ११ | ■ | |
| | ■ | | ■ | १२ | | ■ | | ■ | १३ |
| | १४ | | | | | १५ | | | |
| | | १६ | | | | | | १७ | |
| ■ | | ■ | १८ | | | | ■ | | ■ |
| ■ | | १९ | | २० | | | | | ■ |

**दायाँ**

१. सगरमाथा रहेको हिमश्रृंखला (५)
३. जीवनशैली (६)
५. मनले, मनद्वारा (३)
६. झगडा, विवाद (३)
७. राजउद्यान (४)
८. लोकअभिनयका लागि विष्णु अवतार (६)
९. ब्रह्माका मानसपुत्र (६)
१४. आकाशबाट खसेको पानीमात्र खाने चरा (४)
१५. आमा (४)
१६. सप्तपातालमध्ये एक (४)
१७. तिरो (२)
१८. एक प्रकारको मिठाई (४)
१९. राजाको उत्तराधिकारी (४)

**तल**

१. नराम्रो काम गर्न साथ दिने (४)
२. एक थर (४)
३. कान्छा पाण्डव (४)
४. नयाँ बनाउने काम (५)
५. एकालाप, स्वगत कथन (४)
६. एक नदी (३)
७. सरकारले बन्धक राखेको (५)
९. आवश्यकता, खाँचो (४)
१०. एक प्रकारको मसला (४)
११. एक प्रकारको गहना (४)
१२. खराब बानी (४)
१३. देह, काया (३)
१४. रणबहादुर शाहकी एक रानी (४)
१५. एक प्रकारको कपडा (४)
१७. एक राशि (३)

खतराका संकेत चिन्नुहोस्को उत्तर : १. गहिरो पानीको भाग, २. खुट्किलो छ, ३. विस्फोटक पदार्थ, ४. उच्च करेन्ट क्षेत्र, ५. छतमा चिप्लेला, ६. चिप्लो भुइँ, ७. प्रज्वलनशील पदार्थ, ८. तातो जमिन ९. विषालु पदार्थ

## अनुहार चिन्नुहोस्



### तल दिइएको चित्रमा खतराका संकेत चिन्नुहोस्



# उत्कृष्ट कलेज उत्कृष्ट परिणाम



## एसएलसी पास भएँ, अब के गर्ने ?

- आफूलाई कुन विषय अध्ययन गर्न मन लागेको छ, विस्तृत रूपमा बुझ्नुहोस् र त्यसको स्कोप कस्तो छ जानकारी लिनुहोस् ।
- परिवारका सदस्य एवं साथीहरूसमक्ष आफ्नो इच्छाको सम्बन्धमा खुलस्त भएर छलफल गर्नुहोस् । उनीहरूको धारणा बुझ्नुहोस् तर छलफल पछिको निर्णय आफै लिनुहोस् । कसैले दबाब दिँदैमा विपरीत निर्णय लिइयो भने त्यसले आफैलाई हानि पुऱ्याउन सक्छ ।
- राम्रो कलेज छनौट गर्न सक्नु सफलताको पहिलो सिंढी हो, त्यसैले कसैको लहैलहैमा नलागी स्तरीय कलेजको खोजी गर्नुहोस् ।
- आफूलाई राम्रा लागेका सबै कलेजमा जानुहोस् । त्यहाँको वातावरण बुझ्नुहोस् । यसका लागि अभिभावक तथा साथीहरूको सहयोग लिन सकिन्छ । राम्रो शैक्षिक वातावरण, आवश्यक भौतिक संरचना, शिक्षक तथा पाठ्यक्रमहरूको जानकारी लिनुहोस् ।
- कलेजको शैक्षिक परिणाम कस्तो छ, जानकारी लिन सकिन्छ ।
- आफूलाई अध्ययन गर्न मन लागेको विषयका सम्बन्धमा सोही विषयको विशेषज्ञबाट जानकारी हासिल गर्नुहोस् ।
- सम्बन्धित विषयको अध्ययनपछि आउने अवसरका बारेमा बुझेर मात्र निर्णय लिनुहोस् । राम्रो विषय पढ्ने भन्दैमा आफूले धान्न नसक्ने विषय पढेर असफल हुने प्रयास नगर्नुहोस् । जुनसुकै विषयमा पनि राम्रोसँग उच्च शिक्षा लिने हो भने प्रशस्त अवसर पाइन्छ ।

## राम्रा कलेजको खेल

साप्ताहिकले उत्कृष्टको सूचीमा राखेका अधिकांश कलेजले एसएलसीमा राम्रो अंक ल्याउन सफल विद्यार्थीलाई मात्र भर्ना लिने गरेका छन् । विद्यार्थीको चाप धेरै हुने भएकाले पनि उनीहरूले राम्रालाई मात्र लिन्छौं भन्ने मौका पाउँछन् । उनीहरूको उत्तीर्णाङ्क परिणामदर सधैं उत्कृष्ट रहनुको प्रमुख कारण यो पनि हो । उत्कृष्ट दसको सूचीमा परेको राजधानीकै एक कलेजले विज्ञान संकायमा ७५ प्रतिशतभन्दा माथि ल्याएका विद्यार्थीलाई मात्र फारम वितरण गरिरहेको छ । यसपटकको एसएलसीमा विशिष्ट श्रेणी र '७५ प्रतिशतभन्दा माथि ल्याएकालाई मात्र लिन्छौं भन्दा पनि विद्यार्थीको संख्या धेरै हुन्छ', उक्त कलेजमा प्राध्यापन गर्ने एक प्राध्यापकले नाम उल्लेख नगर्ने सर्तमा भने- 'स्तरीय कलेजका रूपमा स्थापित भैसकेपछि धेरै अंक ल्याएका विद्यार्थी आफैं आइहाल्छन् नि ।'

राम्रो अंक ल्याएका विद्यार्थी मात्र भर्ना लिएपछि परीक्षामा विद्यार्थी उत्तीर्ण गराउन खासै गाह्रो हुँदैन । एसएलसीमा राम्रो अंक ल्याउने विद्यार्थीले प्लस टुमा उत्तीर्ण नभए कलेजको होइन, विद्यार्थीको आफ्नै बेइज्जत हुन्छ । ती प्राध्यापकका अनुसार उत्कृष्ट परिणाम ल्याउने कलेजका रूपमा परिचय बनाइसकेपछि त्यसलाई निरन्तरता दिन पनि उत्कृष्ट अंक ल्याएका विद्यार्थी मात्र लिनु कलेजको बाध्यता हो ।

कलेजहरूले एसएलसीमा ८५ प्रतिशतभन्दा बढी अंक ल्याउनेलाई नगद प्रलोभन दिइरहेको समाचार पनि आउन थालेको छ । बोर्ड फस्टको घोषणा हुन छाडेपछि अहिले अंकका आधारमा राम्रो नम्बर ल्याएकाहरूलाई पैसा दिएर आकर्षित गर्ने शैली अपनाइएको छ । त्यसैगरी एसएलसीपछि ब्रिजकोर्स गराउने राजधानीका विभिन्न इन्स्टिच्युटले पनि यो समयमा चलखेल गर्ने अवसर पाउँछन् । राजधानीका कलेजहरू आफैंले ब्रिजकोर्स गराउने इन्स्टिच्युट पनि सञ्चालन गर्दै आएका छन् । 'ब्रिजकोर्स गर्न आएका विद्यार्थीलाई कलेज भिजिट भनेर कलेजमा लैजाने र त्यहाँका सेवा-सुविधाका बारेमा जानकारी गराउने काम हाम्रो हो,' बागबजारस्थित एक इन्स्टिच्युटका सञ्चालकले भने- 'त्यसका लागि कलेजसँग इन्स्टिच्युटको समझदारी हुन्छ । पछि विद्यार्थी संख्या अनुसार इन्स्टिच्युटले कलेजसँग कमिसन पाउँछ ।

**साप्ताहिक समाचार**

राजधानीमा ३ सयभन्दा बढी प्लस टु कलेज छन् । त्यसैले यो समयमा कलेजहरूले विद्यार्थीलाई आकर्षित गर्न विज्ञापनका विभिन्न चारो फ्याँकिरहेका हुन्छन् । सबै कलेजको आफ्नै भनाइ हुन्छ, 'म उत्कृष्ट हुँ' । उत्कृष्टताको यो होडबाजीमा साँच्चै उत्कृष्ट कलेजसम्म स्तरसम्मका कलेजहरू पनि छन् । त्यस्तै उत्कृष्टताको यात्रा तय गरिरहेका कलेज पनि छन् । अब समस्या पर्छ- कुन कलेज राम्रो ?

पत्रपत्रिकाले मुलुकभरका १ हजार ९ सय प्लस टु कलेजमध्येबाट केही कलेजलाई उत्कृष्ट भन्दै समाचार लेख्ने गरेका छन् । साप्ताहिकले पनि परिणामका आधारमा टप टेन कलेजको र्‍याङ्किङ गर्ने गरेको छ । साप्ताहिकले उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमीले उपलब्ध गराएको वर्ष २०६४ र २०६५ को तथ्याङ्कका आधारमा तयार पारेको र्‍याङकिङमा एनसीसीएस उच्च मा.वि. पकनाजोल १३ औं र ग्लोबल कलेज अफ म्यानेजमेन्ट मध्यबानेश्वर १४ औं नम्बरमा परेका थिए । यसबाहेक लिटल एञ्जल्स हात्तीवन १५ औं, विराटनगरस्थित मेरिल्यान्ड कलेज १६ औं, हिमालय ह्वाइट हाउस १७ औं र रिलायन्स इन्टरनेसनल १८ औं स्थानमा थिए । त्यसपछि औसत परिणामका आधारमा चक्र जनता सहिद गंगा उच्च मा. वि., बरहथवा, सिद्धार्थ बोर्डिङ उच्च मा. वि. दमक, विराट साइन्स कलेज विराटनगर, जेभियर इन्टरनेसनल कलेज कालोपुल, पिनाकल एकेडेमी लगनखेल, भीएस निकेतन आलोकनगर, बरुणेश्वर उच्च मा. वि. ओखलढुङ्गा, सगरमाथा उच्च मा. वि. ओखलढुंगा, हिमालय उच्च मा. वि. ओखलढुंगा, मोहन उच्च मा. वि. रामनगर, मिर्चैया, धनुषा साइन्स उच्च मा. वि. जनकपुर, सिद्धार्थ इंगलिस उच्च मा. वि. बनेपा, युनिक एकेडेमी कुमारीपाटी, क्यारेबियन उच्च मा. वि. धोबीघाट, क्यास्पियन भ्याली कुमारीपाटी, आइन्सटाइन एकेडेमी थसिखेल, ख्वप उच्च मा. वि. भक्तपुर, सनसाइन उच्च मा. वि. भक्तपुर, पिपल्स क्याम्पस क्षेत्रपाटी, भानुभक्त मेमोरियल काठमाडौं, द न्यु समिट पुरानो बानेश्वर, काठमाडौं डनबस्को उच्च मा. वि. बानेश्वर, क्यापिटल हिल एकेडेमी टेकु, ब्रुक फिल्ड एकेडेमी सिनामंगल, सगरमाथा मल्टिपल कलेज डिल्लीबजार, अर्किड साइन्स कलेज चितवन, प्रेसिडेन्सी उच्च मा. वि. चितवन, अमरसिंह उच्च मा. वि. पोखरा, काठमाडौं बर्नहार्ट ताहाचल, सेन्टर फर इनोभेटिभ, एनआईसी उच्च मा. वि. डिल्लीबजार, क्यापिटल उच्च मा. वि. कालिमाटी, मनकामना उच्च मा. वि., न्यू होराइजन उच्च मा. वि. बुटवल, तिलोत्तमा उच्च मा. वि. बुटवल आदि कलेज प्रतिस्पर्धामा थिए ।

'उत्कृष्ट भनिएका हरेक कलेजमा प्रतिभावान् छात्र-छात्राको कमी हुँदैन,' पिनाकल एकेडेमीका प्रिन्सिपल ऋषि तिवारी भन्छन्- 'तर उनीहरूको प्रतिभालाई मध्यनजर गरेर उत्कृष्ट वातावरणमा उनीहरूको भविष्य कोर्ने शिक्षण प्रणालीमा अध्यापन गराउने शिक्षण संस्था मात्र राम्रा हुन् ।

## पिनाकल उच्च मावि

**स्थान–लगनखेल**

वेबसाइट-www.pinnacle.edu.com

२०५५ सालमा स्थापना भएको पिनाकल कलेजले विद्यार्थीको आवश्यकताअनुसारको शिक्षण विधि अपनाउँदै आएको छ। दक्ष र अनुभवी शिक्षक/शिक्षिकाहरूद्वारा अध्यापन गराइने यो कलेजमा स्तरीय विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर ल्याव छ। पढाइका साथै अतिरिक्त क्रियाकलापमा पनि विद्यार्थीलाई प्रोत्साहित गर्ने पिनाकल अनुशासित, सभ्य र शिक्षित नागरिक उत्पादन गर्न कटिबद्ध छ। यो कलेजले शिक्षित नागरिक मात्र होइन सभ्य र अनुशासित नागरिक पनि आजको आवश्यकता हो भन्ने कुरालाई मध्यनजर गर्दै सोहीअनुसारको शिक्षण विधि अपनाएको छ। कलेजले विद्यार्थीलाई पारिवारिक वातावरण प्रदान गरेको दाबी गर्दै आएको छ।

| संकाय | भर्नासंख्या | प्याकेज शुल्क |
|---|---|---|
| विज्ञान | ३०० | ६५,००० |
| कमर्स | २५० | ४२,००० |
| मानविकी | ५० | ४०,००० |

## द टाइम्स इन्टरनेसनल कलेज

रोयल मोडल एकेडेमीका रूपमा यो कलेजको स्थापना २०५६ सालमा भएको हो। यसै वर्षदेखि यो कलेजलाई द टाइम्स इन्टरनेसनल कलेजका रूपमा नामकरण गरिएको हो। यो कलेज मध्यमवर्गीय परिवारलाई लक्षित छ। यहाँका २५ जना शिक्षकले विभिन्न विषयमा बिद्यावारिधि गरेका छन्। विद्यार्थीले चाहे चौबीसै घण्टा पुस्तकालयको सुविधा उपलब्ध भएको कुरा प्रिन्सिपल रमेशकुमार सिलवाल बताउँछन्। उच्च भौतिक पूर्वाधार रहेको यो कलेजले गुणस्तरीय शिक्षा र अनुशाशनमा विशेष जोड दिएको छ।

| संकाय | भर्ना संख्या | द्विवार्षिक शुल्क |
|---|---|---|
| विज्ञान | १२० | ७०००० |
| व्यवस्थापन | ४० | ४२००० |
| मानविकी | २०० | ५०००० |

## प्राइम कलेज

स्थान : नयाँबजार

वेबसाइट : www.prime.edu.np

इमेल : info@prime.edu.np

सन् २००१ मा स्थापना भएको प्राइम कलेजले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। विशेष गरी आइटी, खेलकुद आदिका क्षेत्रलाई महत्त्व दिने यो कलेजले विद्यार्थीलाई पढाइका साथै अतिरिक्त क्रियाकलापमा पनि सरिक गराउँदै आएको छ। 'स्वस्थ्य मस्तिष्कका लागि स्वस्थ्य शरीर' भन्ने कुरालाई आत्मासात् गर्दै यो कलेजले राष्ट्रिय स्तरको खेलकुद प्रतियोगितासमेत गर्दै आएको छ। पढेको कुरालाई व्यावहारिक जीवनमा समेत प्रयोग गर्न सकियोस् भन्ने उद्देश्यका साथ शिक्षा प्रदान गर्दै आएको यो कलेजमा अनुभवी र दक्ष शिक्षक/शिक्षिका छन्।

| संकाय | भर्ना संख्या | प्याकेज शुल्क |
|---|---|---|
| विज्ञान | ८० | ४२,००० |
| व्यवस्थापन | २८० | ३८,००० |

## पेन्टागन इन्टरनेसनल कलेज

स्थान : तीनकुने

वेबसाइट : www.pentagan.edu.np

विश्व शैक्षिक बजारका लागि सक्षम जनशक्ति उत्पादन गर्ने हेतुले यही शैक्षिक सत्रदेखि यो कलेजले कक्षा सञ्चालन सुरु गरेको छ। आधुनिक साततले लिफ्टसहितको भवनमा सञ्चालित यो कलेजमा विद्यार्थीले वातानुकूलित कक्षामा पठन-पाठन गर्न पाउनेछन्। विद्युतिय श्रव्य, दृश्यको माध्यमबाट अध्ययपन गराइने हुँदा विद्यार्थीहरूले सजिलै शिक्षा ग्रहण गर्न सक्ने कलेजका कार्यकारी प्रमुख एसपी सिंह बताउँछन्। कलेजको आफ्नै फराकिलो खेल मैदान, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब तथा पुस्तकालय छ।

## टिट्रोन कलेज

स्थान : सुविधानगर, तीनकुने

वेबसाइट :www.triton.edu.np

इमेल : triton@educationsansar.com

पारिवारिक वातावरणबाट नै विद्यार्थीले सही शिक्षा ग्रहण गर्न सक्छन् भन्ने मान्यता राख्ने यो कलेजले विद्यार्थीको बहुआयामिक विकासमा जोड दिएको छ। २०५६ सालमा स्थापना भएको यो कलेजले राष्ट्रिय स्तरका क्रिकेट खेलाडी उत्पादनमा समेत सहयोग पुऱ्याएको छ। यहाँ पारिवारिक वतावरणमा शिक्षा प्रदान गरिन्छ।

| संकाय | भर्ना संख्या | प्याकेज शुल्क |
|---|---|---|
| विज्ञान | २०० | ८५,००० |
| व्यवस्थापन | २०० | ७५,००० |
| मानविकी | १०० | ४५,००० |

## इन्टेनसिप इन्टरनेसनल कलेज

**स्थान : टेकु**

**वेबसाइट :** www.intensivecollege.com

व्यावहारिक पढाइलाई महत्त्व दिने इन्टेनसिप इन्टरनेसनल कलेजको स्थापना सन् १९९८ मा भएको हो। पढाइका साथै विद्यार्थीको सर्वाङ्गीण विकामा जोड दिदै आएको यो कलेजले साप्ताहिक रूपमा खेलकुद कार्यक्रम सञ्चालन गर्ने गरेका छन्। कप्युटर ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालयसहितको यो कलेजले प्रयोगात्मक विषय अध्ययन गर्ने विद्यार्थीका लागि विभिन्न स्थानको भ्रमण गराई ज्ञान सिप हासिल गर्ने अवसर प्रदान गर्दै आएको छ।

| संकाय | भर्ना संख्या | प्याकेज शुल्क |
|---|---|---|
| विज्ञान | ४० | ८०,००० |
| व्यवस्थापन | २०० | ३५,००० |
| मानविकी | ४० | १८,००० |

## ब्रुकफिल्ड कलेज

स्थान : सिनामंगल

वेबसाइट : www.brookfield.edu.np

इमेल : info@brookfield.com.edu.np

२०५४ सालमा स्थापना भएको ब्रुकफिल्ड एकेडेमीले २०५७ सालदेखि उच्च माविको कक्षा सञ्चालन गरेको हो। श्रव्य, दृश्य, अवलोकन भ्रमणको माध्यम अपनाएर शिक्षा दिँदै आएको यो कलेजले विगत ६ वर्षदेखि औसत ८२ प्रतिशत विद्यार्थी उत्तीर्ण गराउँदै आएको छ। कलेजले जेहेन्दार, मेधावी, सीमान्तकृत, जनजाति, सहिद परिवार र दुर्गम क्षेत्रका विद्यार्थीलाई २५ देखि शतप्रतिशतसम्म छात्रवृत्ति प्रदान गर्दै आएको छ। प्रयोगशाला, कम्प्युटर, उपचार कक्षासमेत भएको यो कलेजको आफ्नै हाताभित्र बास्केटबल, भलिबल, क्रिकेट, टेबलटेनिस, ब्याडमन्टिन कोर्टसमेत छ।

| संकाय | भर्ना संख्या |
|---|---|
| विज्ञान | १०५ |
| कमर्स | २१० |

## क्लासिक कलेज इन्टरनेसनल

स्थान : तिलगंगा

नयाँ व्यवस्थापनले सम्हालेपछि शैक्षिक स्तरमा पनि उल्लेख्य परिवर्तन आएको क्लासिक कलेज इन्टरनेसनल तिलगंगामा छ। गुणस्तरीय शिक्षामा विशेष ध्यान दिएको यो कलेजले अध्ययनका लागि आवश्यक उच्च भौतिक पूर्वाधार तयार गरेको छ। प्लस टुका अतिरिक्त कलेजले त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा विभिन्न विषयमा स्नातक तथा स्नातकोत्तरका कक्षा पनि सञ्चालन गरेको छ। विद्यार्थीहरूमा अध्ययनप्रति रुचि बढाउन कलेजले व्यावहारिक शिक्षामा विशेष जोड दिएको छ।

| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | १२५ | १,५०० |
| व्यवस्थापन | १२५ | ९५० |
| मानविकी | १२५ | ८०० |

## ग्लोबल कलेज अफ म्यानेजमेन्ट

स्थान : मध्यबानेश्वर

वेबसाइट : www.proed.edu.np

इमेल : info@proed.edu.np

सन् १९९८ मा स्थापना भएको ग्लोबल कलेज सन् २००५ देखि नयाँ व्यवस्थापन पक्षले सम्हाल्दै आएको छ। कलेजमा सुविधासम्पन्न सेमिनार हल, पुस्तकालय, कम्प्युटर ल्याब उपलब्ध छ। दक्ष शिक्षक/शिक्षिकाहरूले अध्यापन गराउने हुँदा र व्यवस्थापन पक्ष राम्रो भएकाले विद्यार्थीहरूले परीक्षामा उत्कृष्ट नतिजा निकाल्दै आएको प्रिन्सिपल एन बी विष्ट वताउँछन्।

| संकाय | भर्ना संख्या | प्याकेज शुल्क |
|---|---|---|
| व्यवस्थापन | ४०० | ६५,३०० |

## रेडन कलेज

स्थान : सामाखुसी

वेबसाइट : rehdoncollege.edu.np इमेल : rehdon@info.com.np

२०५७ सालमा स्थापना भएको यो कलेजले सुलभ मूल्यमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। आफ्नै भवन र पर्याप्त शैक्षिक सामग्रीसहितको यो कलेजमा ६७ जिल्लाका विद्यार्थी अध्ययन गर्छन्। गुणस्तरीय शिक्षामा कुनै सम्झौता नगर्ने भएकाले नै यो कलेजले ९८ प्रतिशतसम्मको नतिजा हासिल गर्न सफल भएको हो।

| संकाय | भर्ना संख्या | प्याकेज शुल्क |
|---|---|---|
| विज्ञान | २५० | ७०,००० |
| व्यवस्थापन | १५० | ५५,००० |
| मानविकी | ३० | ४०,००० |

## रेन्बो इन्टरनेसनल कलेज

स्थान : डल्लु, इमेल : rainbowinternationalcollege@gmail.com

यो कलेज निम्न मध्यमवर्गीय विद्यार्थीले समेत गुणस्तरीय शिक्षा आर्जन गर्नबाट वञ्चित हुनु नपरोस् भन्ने उद्देश्यका साथ सञ्चालित छ। थोरै शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको यो कलेजको स्थापना २०६१ सालमा भएको हो। यो कलेजमा दलित, जनजाति एवं द्वन्द्वपीडित विद्यार्थीले ट्युसन फिमा २५ प्रतिशतसम्म छुट पाउँछन्। त्यस्तै जेहेन्दार एवं एसएलसीमा ६५ प्रतिशतभन्दा बढी अंक प्राप्त गरेका विद्यार्थीले समेत ट्युसन फिमा छुट पाउँछन्। आफ्नै कम्प्युटर ल्याब तथा पुस्तकालय भएको यो कलेजले अनुशासित वातावरणमा पठनपाठन गराउँदै आएको छ।

| संकाय | भर्ना संख्या | प्याकेज शुल्क |
|---|---|---|
| व्यवस्थापन | २०० | २६,००० |
| मानविकी | १०० | २०,००० |
| शिक्षा | १०० | २०,००० |

## गोल्डन गेट इन्टरनेसनल कलेज

स्थान : बत्तीसपुतली

वेबसाइट : www.goldengate.edu.np

इमेल : info@goldengate.edu.np

एफ डब्ल्यु टेलर म्यानेजमेन्ट कलेजलाई गत वर्षदेखि नयाँ व्यवस्थापनका साथ गोल्डन गेट कलेजका रूपमा परिवर्तन गरिएको हो। ५ देखि ३७ वर्षसम्मको शिक्षण अनुभव भएका शिक्षक र व्यवस्थापकहरूको नेतृत्व यो कलेजले प्राप्त गरेको छ। यो कलेजमा पूर्णकालीन शिक्षकहरू छन्। अभिभावकहरूले घरमै बसेर इन्टरनेटको सहायताबाट आफ्ना छोराछोरीको शैक्षिक अवस्थाबारेमा जानकारी लिन सक्ने व्यवस्था कलेजले मिलाएको छ। एक दशकभित्रमा विश्वविद्यालयका रूपमा बिकास गर्ने दीर्घकालीन सोच बनाएको यो कलेजले कुल बिद्यार्थी संख्यामध्ये १० प्रतिशत विभिन्न क्षेत्रका लागि छात्रवृत्तिका रूपमा छुट्याएको छ।

| संकाय | भर्ना संख्या | प्याकेज शुल्क |
|---|---|---|
| बिज्ञान | ४०० | १,८०,००० |
| व्यवस्थापन | २०० | ८७,००० |
| मानविकी | ३५ | ७२,००० |

## काठमाडौं मोडल कलेज

स्थान : बागबजार

वेबसाइट : ktmmodelcollege.edu.np, इमेल : kmc@worldlink.com.np

२०५७ सालमा स्थापना भएको यो कलेजले छोटो अवधिमै सफलता हासिल गरेको छ। स्थापनाकालदेखि नै निरन्तर उत्कृष्ट चारभित्र पर्दै आएको यो कलेजले २०६५ सालमा उत्कृष्ट नतिजा निकालेबापत माध्यमिक शिक्षा परिषद्बाट प्रशंसापत्र समेत पाएको छ। अध्ययनका साथै खेलकुद क्षेत्रमा पनि विद्यार्थीलाई अभिप्रेरित गर्दै आएको यो कलेजले उच्च अंक ल्याएका, गरिब, दलित, जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ। शैक्षिक क्षेत्रका विज्ञहरूले सञ्चालन गरेको हुँदा यो कलेजको शैक्षिक गुणस्तरमा शंका गर्ने ठाउँ छैन।

| संकाय | भर्ना संख्या | प्याकेज शुल्क |
|---|---|---|
| विज्ञान | ४०० | ८५,००० |
| मानविकी | ३० | ५०,००० |
| व्यवस्थापन | २४० | ५०,००० |

## प्रिमियर कलेज

स्थान : नयाँ बानेश्वर, वेबसाइट : primercollege.edu.np

सन् २००० मा स्थापना भएको प्रिमियर कलेजले स्थापनाकालदेखि नै गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। विज्ञान विषयलाई महत्त्व दिने यो कलेजमा छुट्टाछुट्टै विज्ञान प्रयोगशाला छन्। कम्प्युटर ल्याब, पुस्तकालयसमेत उपलब्ध यो कलेजले शैक्षिक गुणस्तर र अनुशासनमा बढी जोड दिएको छ।

| संकाय | भर्ना संख्या | प्याकेज शुल्क |
|---|---|---|
| विज्ञान | २८० | ९२,००० |
| व्यवस्थापन | ३०० | ६८,००० |
| मानविकी | ३० | ५८,००० |

## साइरस कलेज

स्थान : बाफल, रिङरोडनजिक

वेबसाइट : www.sairus.edu.com, इमेल : info@sairus.edu.com

२०६५ सालमा स्थापना भएको साइरस कलेजले गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। सुविधायुक्त कक्षाकोठा, पुस्तकालय, विज्ञान प्रयोगशाला भएको यो कलेज गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध छ। पारिवारिक वातावरणमा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्दै आएको साइरस कलेजले प्रयोगात्मक शिक्षामा जोड दिएको छ।

| संकाय | भर्ना संख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | १२० | १,४०० |
| व्यवस्थापन | १६० | १,१०० |

## जेभियर इन्टरनेसनल

स्थान : कालोपुल
वेबसाइट : www.xavier.edu.np

सन् २००० मा स्थापना भएको जेभियर इन्टरनेसनल कलेज उच्च भौतिक संरचना, दक्ष शिक्षक/शिक्षिका एवं गुणस्तरीय शिक्षण विधिको कारण छोटो अवधिमै उत्कृष्ट कलेजको पंक्तिमा उभिन सफल रहयो। दुईवटा साततले भवन रहेको यो कलेजमा अन्तर्राष्ट्रिय स्तरको विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, पुस्तकालयको सुविधा छ। यहाँ अध्ययनरत हरेक विद्यार्थीको कोड नम्बर हुन्छ, जसले गर्दा उनीहरूलाई अनुशासन, पढाइजस्ता कुरामा हरेक समय निगरानी राख्न मद्दत मिलेको छ। पढाइलाई पहिलो प्राथमिकतामा राख्दै आए पनि यो कलेजले विद्यार्थीको सर्वाङ्गीण विकासका लागि अतिरित्त क्रियाकलापलाई समेत महत्त्व दिँदै आएको छ। अतिरिक्त क्रियाकलापमा पनि विद्यार्थीलाई सरिक गरिँदै आएको कार्यकारी निर्देशक लोकबहादुर भण्डारी बताउँछन्।

## वर्नहार्ट कलेज

स्थान : बल्खु
इमेल : kbmaharjan@gmail.com

वि.सं. २०५७ सालमा स्थापित बर्नहार्ट कलेजले जीवनोपयोगी शिक्षा प्रदान गर्दै आएको छ। दक्ष तथा अनुभवी प्राध्यापकहरूले प्राध्यापन गर्ने यो कलेजलाई प्राध्यापकहरूकै समूहले सञ्चालन गरेको छ। 'प्राध्यापकहरू आफैँले सञ्चालन गरेकाले पनि हामी सफल भएका हौं,' कलेजका प्रबन्ध निर्देशक नवराज अधिकारी भन्छन्- 'व्यवस्थापन संकायमा ८९ प्रतिशत अंक ल्याएर अहिलेसम्मकै पहिलो स्थान हासिल गरी दुई पटक सर्वश्रेष्ठ स्थानमा उभिन सफल भएका छौं।' कलेजले स्नातक तहमा बीबीएस तथा बीए रुरल डेभलपमेन्ट आदिका कक्षा सञ्चालन गरेको छ।

| संकाय | भर्नासंख्या | प्याकेज शुल्क |
|---|---|---|
| विज्ञान | २५० | ६५,००० |
| व्यवस्थापन | २५० | ५०,००० |
| मानविकी | २५० | ५०,००० |

## नोबेल एकेडेमी

स्थान : नयाँ बानेश्वर, इमेल : info@nobel.edu.np

२०५५ सालमा स्थापना भएको नोबेल एकेडेमीले सुरुमा व्यवस्थापन संकायमा मात्र अध्यापन गराउँथ्यो। हाल विज्ञान र व्यवस्थापन संकायमा पनि अध्यापन हुने यो कलेजले आफ्नै निजी भवनमा कक्षा सञ्चालन गरिछ। कलेजले 'स्वस्थ्य शरीरमा स्वस्थ दिमाग हुन्छ' भन्ने कुरालाई आत्मासात् गर्दै खेलकुदलगायत अतिरिक्त क्रियाकलापमा समेत विद्यार्थीहरूलाई सरिक गराउँदै आएको छ।

## सेन्ट-लरेन्स उच्च मा.वि.

वि.सं. २०५४ सालमा स्थापना भएको सेन्ट लरेन्स उच्च मा.वि.को व्यवस्थापन यो वर्षदेखि नयाँ समूहले लिएको छ। नयाँ व्यवस्थापन आएपछि भौतिक पूर्वाधारदेखि शैक्षिक स्तरसम्म सकारात्मक परिवर्तन आएको कलेज स्रोतले बताएको छ। कलेजले परियोजनात्मक अध्ययनलाई महत्त्व दिएको कार्कीले बताए। त्रिभुवन विश्वविद्यालयको सम्बन्धनमा कलेजले बीबीएस तथा बीएको कक्षाहरू सञ्चालन गरेको छ।

| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | ७० | १,५०० |
| व्यवस्थापन | १०५ | १,१०० |
| मानविकी | ३५ | १,००० |

## हिमालयन ह्वाइट हाउस

स्थान : नयाँ बानेश्वर
वेबसाइट : www.whitehouse.edu.np

२०५८ सालमा स्थापना भएको हिमालयन ह्वाइट हाउस कलेजले छोटो समयमै बहुआयामिक प्रगति गरेको छ। शिक्षाका साथै खेलकुद गतिविधिमा पनि यो कलेजले उल्लेखनीय योगदान पुऱ्याएको छ। कलेजले उपत्यकाव्यापी र अन्य विभिन्न स्तरका खेलकुद कार्यक्रम सञ्चालन गर्दै आएको छ। विद्यार्थीले पढ्ने र शिक्षकले पढाउने मात्र नभै उनीहरूमा आत्मीय भावनाको विकास गरी जीवनशैलीमै सकारात्मक परिवर्तन ल्याउन पहल गर्नु यो कलेजको मुख्य विशेषता भएको प्रिन्सिपल युवराज शर्मा बताउँछन्। यो वर्षदेखि खुमलटारमा समेत ३ सय विद्यार्थी भर्ना क्षमता भएको विज्ञान संकाय सञ्चालन गर्ने कलेजको कार्यक्रम छ। विद्यार्थीलाई क्यारियरका बारेमा कलेजमै परामर्श दिने व्यवस्था यो कलेजले मिलाएको छ।

| संकाय | भर्नासंख्या | मासिक शुल्क |
|---|---|---|
| विज्ञान | ४०० | २,५०० |
| व्यवस्थापन | १६० | १,५०० |
| मानविकी | ४० | १,००० |

## प्रिमियर कलेज

स्थान : नयाँ बानेश्वर
वेबसाइट : primercollege.edu.np

सन् २००० मा स्थापना भएको प्रिमियर कलेजले स्थापनाकालदेखि नै गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ। विज्ञान विषयलाई महत्त्व दिने यो कलेजमा छुट्टाछुट्टै विज्ञान प्रयोगशाला छन्। कम्प्युटर ल्याब, पुस्तकालयसमेत उपलब्ध यो कलेजले शैक्षिक गुणस्तर र अनुशासनमा बढी जोड दिएको छ।

| संकाय | भर्ना संख्या | प्याकेज शुल्क |
|---|---|---|
| विज्ञान | २८० | ९२,००० |
| कमर्श | ३०० | ६८,००० |
| मानविकी | ३० | ५८,००० |

## ट्रिनिटी इन्टरनेसनल कलेज

स्थान : डिल्लीबजार
वेबसाइट: www.trinitycollege.edu.np


'भविष्यका लागि शिक्षा' भन्ने नारालाई आत्मसात गर्दै आएको यो कलेज डिल्लीबजारमा छ। अन्तर्राष्ट्रिय स्तरको भौतिक पूर्वाधार खडा गरेको यो कलेजले वैज्ञानिक शिक्षा प्रणाली अपनाएको छ। ट्रिनिटीले पढाइका साथै विद्यार्थीको सर्वाङ्गीण विकासका लागि खेलकुदलाई पनि उत्तिकै महत्त्व दिँदै आएको छ। कलेजले नियमित रूपमा राष्ट्रिय तथा कलेज स्तरीय खेलकुद प्रतियोगिताको समेत आयोजना गर्दै आएको छ

# फेडेररलाई ऐतिहासिक सफलता



पुरुषको सफलताको पछाडि महिलाको हात हुन्छ भन्ने उक्ति विम्बल्डन टेनिसको पुरुष फाइनल खेलमा प्रत्यक्ष देखियो । घाँसे मैदानको एक मात्र ग्रान्डस्ल्याम टेनिस प्रतियोगिता विम्बल्डन ओपनमा रोजर फेडेररले छैठौं पटक सफलता प्राप्त गरेर नयाँ इतिहास रचेका छन् । गत वर्ष विम्बल्डन ओपनमै रोजर फेडेररलाई स्पेनका राफेल नाडालले पराजित गरेर उनको सपना भंग गरेका थिए । घाँसे कोर्टमा सफल ठहरिएका फेडेररले यो वर्षको फ्रेन्च ओपन जितेर आफूलाई सर्वाधिक १४ ग्रान्डस्ल्याम जित्ने अमेरिकी खेलाडी पिट साम्प्रासको बराबरीमा पुऱ्याएका थिए । साम्प्रासको ऐतिहासिक रेकर्ड भंग गर्न थप एक उपाधिको खाँचो रहेको अवस्थामा फेडेररका सामुन्ने विम्बल्डन टेनिस प्रतियोगिता नै प्रस्तुत भयो । यस पटक विम्बल्डन जितेर फेडेरर विश्व पुरुष टेनिसको क्षेत्रमा सर्वाधिक ग्रान्डस्ल्याम जित्ने खेलाडी र सर्वाधिक ६ पटक विम्बल्डन जित्ने खेलाडीसमेत बनेका छन् ।

फेडेररले यसपटक आफ्नी गर्भवती श्रीमती मिरोस्लाभा भार्भिनेकलाई पनि साथै लगेका थिए । सन् २००० मा सिड्नी ओलम्पिकमा पनि फेडेरर र भार्भिनेक स्वीजरल्यान्डको टेनिस टिमबाट प्रतियोगिता खेल्न गएका थिए । त्यसअघि खासै चिनजान नभएका फेडेरर र भार्भिनेकलाई सिड्नी ओलम्पिकले नजिक ल्याएको थियो । सर्बियामा जन्मिएकी भार्भिनेक दुई वर्षकी हुँदा बसाइ सरेर स्वीजरल्यान्ड पुगेकी थिइन् । फेडेररभन्दा तीन वर्षले जेठी भार्भिनेकले ग्रान्डस्ल्याम प्रतियोगितामा भने आफूलाई दोस्रो चरणभन्दा माथि पुऱ्याउन सकिनन् । सन् २००० सम्म फेडेररको स्थिति पनि खासै उल्लेखनीय थिएन । उनले कुनै पनि ग्रान्डस्ल्यामको चौथो चरण पार गर्न सकेका थिएनन् तर भार्भिनेकसँग प्रेम गाँसिएपछि फेडेरर



चम्किँदै गए । सन् २००३ देखि ग्रान्डस्ल्याम प्रतियोगिता जित्ने खाता खोलेका फेडेररले यो समेत ६ पटक विम्बल्डन, ५ पटक अमेरिकी ओपन, ३ पटक अस्ट्रेलियन ओपन र १ पटक फ्रेन्च ओपन जितेका छन् । प्रेम भएको लामो समयपछि गत अप्रिल महिनामा मात्र फेडेररले भार्भिनेकसँग विवाह गरे । सन् २००२ मा खुट्टामा चोट लागेका कारण भार्भिनेक टेनिस खेलबाट अलग भइन् । अहिले फेडेररको सफलतामा साथ दिइरहेकी भार्भिनेकले आगामी अगस्ट महिनामा पहिलो सन्तान जन्माउने भएकी छिन् ।

फेडेररले फाइनलमा अमेरिकाका एन्डी रोडिकलाई ५-७, ७-६, ७-६, ३-६, १६-१४ ले पराजित गर्दै विम्बल्डनको इतिहासमा सर्वाधिक रोचक फाइनल खेलमा




आफ्नो उपस्थिति जनाए । विम्बल्डनको फाइनलमा कुनै पनि खेलाडीबीच यति लामो ऱ्याली भएको थिएन । आफ्नो ग्रान्डस्ल्यामको कीर्तिमान भंग हुने शंकाका साथ पिट साम्प्रास, विजोन बर्ग, रोड लेभर आदि पूर्वखेलाडीहरू पनि फाइनल खेल हेर्न उपस्थित थिए । अन्ततः सफलता हात पारेर आफूलाई टेनिसकै महान् खेलाडीका रूपमा प्रस्तुत गरे ।

## फेडेररका सफलताहरु

सन् २००३ - मार्क फिलिपोसिसलाई विम्बल्डन टेनिसको फाइनलमा पराजित गर्दै स्वीजरल्यान्डको तर्फबाट ग्रान्डस्ल्याम जित्ने पहिलो खेलाडी ।
सन् २००४- अस्ट्रेलियन ओपनको फाइनलमा रूसका मरात साफिनलाई पराजित गर्न सफल ।
सन् २००४- अमेरिकी खेलाडी एन्डी रोडिकलाई विम्बल्डनको फाइनलमा पराजित गर्न सफल ।
सन् २००४- अस्ट्रेलियाका लियोटन हेविटलाई अमेरिकी ओपनको फाइनलमा पराजित गर्न सफल ।
सन् २००५- अमेरिकाका एन्डी रोडिकलाई पराजित गर्दै विम्बल्डन टेनिसमा ह्याट्रिक सफलता हात पार्न सफल ।
सन् २००५- अमेरिकाका आन्द्रे आगासीलाई फाइनलमा पराजित गर्दै अमेरिकी ओपनको उपाधि रक्षा गर्न सफल ।
सन् २००६- मार्कोस बग्दातिसलाई पराजित गर्दै दोस्रो पटक अस्ट्रेलियन ओपनको उपाधि हासिल ।
सन् २००६- स्पेनका राफल नाडाललाई पराजित गर्दै विम्बल्डन टेनिसमा लगातार चौथो उपाधि हात पार्न सफल ।
सन् २००६- अमेरिकी खेलाडी एन्डी रोडिकलाई पराजित गर्दै अमेरिकी ओपनको उपाधि रक्षा ।
सन् २००७- चिलीका फर्नान्डो गोन्जालेजलाई पराजित गर्दै अस्ट्रेलियन ओपनको उपाधि रक्षा ।
सन् २००७ - स्पेनका राफेल नाडाललाई फाइनलमा पराजित गर्दै बियोन बर्ग पछि लगातार पाँच पटक विम्बल्डन जित्ने दोस्रो खेलाडी बने ।
सन् २००७ - सर्बियाका नोभाक जार्कोभिचलाई अमेरिकी ओपन टेनिसको फाइनलमा पराजित गर्दै लगातार तेस्रो पटक अमेरिकी ओपनको उपाधि ।
सन् २००८ - ब्रिटेनका एन्डी मुरेलाई पराजित गर्दै लगातार चौथो पटक अमेरिकी ओपन टेनिसको उपाधि ।
सन् २००९ - फ्रेन्च ओपनको फाइनलमा स्वीडेनका रोबिन सोर्डलिङलाई पराजित गर्दै सर्वाधिक ग्रान्ड स्ल्याम उपाधि जित्ने अमेरिकी खेलाडी पिट साम्प्रासको उपलब्धिको बराबरी गरे ।
सन् २००९- अमेरिकी खेलाडी एन्डी रोडिकलाई पराजित गर्दै पुरुष टेनिसको इतिहासमा सर्वाधिक ग्रान्ड स्ल्याम उपाधि जित्ने खेलाडी घोषित ।

● मैदान बाहिर ●



## महिलासँग भिडन्त गर्न दिक्दार

बेलायतकी प्रोफेसनल महिला बक्सर एन्जेल म्याकेन्जीले आफू महिला खेलाडीहरूसँग बक्सिङ भिडन्त गर्दा-गर्दा दिक्कार भएर लि□ परिवर्तन गर्न लागेको बताएकी छिन् । एन्जेलका धर्मपिताका अनुसार एन्जेलले महिला बक्सिङमा पाएजस्तै सफलता पुरुष बक्सिङमा पनि पाउन चाहेकी छिन् । ३५ वर्षीया एन्जेलले अहिले आफूमा पुरुषको गुण र क्षमता बढ्ने विभिन्न किसिमका हार्मोन सेवन गर्न थालेकी छिन्, जसका कारण उनको मुहारमा दाह्री-जुँगा पलाउन थालेका छन् । रूसमा जन्मिएकी एन्जेलले बेलायतको प्रतिनिधित्व गर्दै व्यावसायिक बक्सिङ खेल्दै आएकी छिन् । यस क्रममा उनले बेलायत तथा युरोपियन बक्सिङ च्याम्पियन क्लिन्टन म्याकेन्जीलाई धर्मपिताका रूपमा स्वीकार गरेकी थिइन् । क्लिन्टनले छोरीले लि□ परिवर्तनको कुरा सुनाउँदा आफूले सम्झाए पनि उनले नमानेको बताए । इङ्ल्यान्डको चर्चित टेलिभिजन सो बिग ब्रदरमा सहभागिता जनाइरहेकी एन्जेलले दाह्री-जुँगा खौरेको दृश्यसमेत प्रसारण गरिएको थियो ।

## एन्नालाई रिस उठ्यो

रूसी टेनिस सुन्दरी एन्ना कोर्निकोभालाई पनि रिस उठ्छ र रिस थाम्न नसकेर हात समेत हाल्छिन् भन्यो भने जो-कोही पत्याउन तयार हुँदैनन् । लसभेगासको एक पार्टीमा एन्ना आफ्ना साथीहरूसँग बसेर खाइपिइरहेको अवस्थामा सँगै बसेकी महिलाले आफूले पिइरहेको पदार्थले एन्नालाई हिर्काइन् । त्यसपछि अन्ना पेयपदार्थ फ्याँक्ने महिलाप्रति आक्रोशित देखिइन् । एन्नाले यो शून्य भूलवश नभएको ठहर गर्दै ती महिलामाथि आक्रमण गर्न थालिन् । २८ वर्षीया एन्नाको आक्रामक रूप देखेर सँगै बसेका साथीहरू पनि छक्क परे र उनलाई भिडन्तबाट रोके । यस क्रममा एन्नाले ती महिलामाथि दुई-तीन मुक्का प्रहार गर्न भ्याइसकेकी थिइन् । कारण बुझ्दै जाँदा के थाहा भयो भने ती महिलालाई उनको स्थानमा एन्ना आएर बसेको जस्तो लागेर उनले रिस पोखेकी थिइन् ।




साप्ताहिक Classified Advertisement

**रोजगार**

साधारण महिला/पुरुषहरुको आवश्यकता ९०००/- ९८०३४२१५२६, ६६३५४०१

महिलाहरुको लागि Ladies GYM ४४४१५७९ ठमेल

राम्रो कमाई गर्न ९८०३६०४७३७, ९७४१०३५०११

महिला कर्मचारीहरु चाहियो घर मैबसि काम गर्न सकिने ७००० गौशला ४४६६७००

**सम्पर्क**

सस्तो, सुविधा सम्पन्न गर्ल्स होस्टल नयाबानेश्वरमा भर्ना खुल्यो, सम्पर्कः ९८४१३११५५२, ९८४१८७९१३३

**उपचार**

स्तन घटाउन बढाउन, गुप्ताङ्ग टाईट गर्न स्वेतप्रदरबाट मुक्त तथा यौन सन्तुष्टीको बिकास गर्न ४२७६०६८, ९८४९०५११६१

निसन्तान, मधुमेहको सफल उपचार अन्तर्राष्ट्रिय अनुभवी डाक्टरद्धारा Direct: 01-2417717, 9841931976

लिङ्गको लम्बाई, मोटाई, उत्तेजना बढाउन सम्पर्क ९८४१५०६१३४

थाहै नदिई जाँडरक्सी, चुरोटको कुलत छुटाउन ९८०३५०२२५९

सिघ्रस्खलन उत्तेजना नहुने लिङ्गको लम्बाई मोटाई बढाउन साथै यौन क्षमतामा अभिबृद्धि गर्न ४२७६०६८, ९८४१९८१९७६

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

# सहभागितामै टुंगियो युथ एसियाली खेलकुद





**अजय हमाल**

काठमाडौं- अधिकांश ठूला अन्तर्राष्ट्रिय खेलकुदमा नेपालको यात्रा सहभागितामै टुंगिन्छ। सिंगापुरमा भर्खरै सम्पन्न प्रथम युथ एसियाली खेलकुदमा पनि यस्तै भयो। त्यहाँबाट नेपाली खेलाडीहरू खाली हात फर्किए। पहिलोपल्ट आयोजित युथ खेलकुदका लागि नेपालले खासै तयारी पनि गरेको थिएन। पाँचौं राष्ट्रिय खेलकुदलाई आधार मानेर खेलाडीहरूले सिंगापुरसम्मको टिकट पाएका थिए, जसमध्ये पाँच खेलमा २१ खेलाडीले प्रतिस्पर्धा गरे। खेलाडीभन्दा धेरै पदाधिकारीले सिंगापुरको भ्रमण गरे। समग्रमा नेपाली टिमको यात्रा बिर्सन लायक रह्यो।

नेपाली खेलाडीले बास्केटबलमा भने केही सन्तोष गर्ने ठाउँ राखे। अन्य खेलमा नेपाली खेलाडीहरू अगाडि देखिन सकेनन्। एसियाली खेलकुद (एसियाड) मा भने नेपालले पदक जित्दै आएको छ। त्यसमा पनि तेक्वान्दोमा नेपालले कांस्य पदक जितेर पदक तालिकामा नाम लेखाउँदै आएको छ।

नेपालको यात्रा शनिबारै समाप्त भएको हो। त्यसमा बास्केटबलले भने युथ खेलकुदलाई सम्झिरहनेछ। नेपाली महिला टिमले लिग चरणअन्तर्गतका तीन खेलमध्ये एकमा जित हासिल गऱ्यो। नेपाल किशोरीहरूले कुवेतविरुद्ध ३२-२७ को जितका साथ पहिलो अन्तर्राष्ट्रिय जित दर्ता गराए। नेपालले अन्तर्राष्ट्रिय महिला बास्केटबलमा सहभागिता जनाएको यो पहिलो अवसर हो। दक्षिण कोरियासँग उत्कृष्ट प्रदर्शन गरेर पराजित नेपाली टिम जापानसँगको खेलमा भने निरीह बन्यो। त्यसमा नेपालले स्कोर गर्न सकेन।

पहिलो अन्तर्राष्ट्रिय जितबाट नेपाली किशोरीहरू हौसिएका छन्। 'जितले हामीलाई ठूलो प्रेरणा मिलेको छ,' नेपाली खेलाडीहरूले भने, 'हामीलाई एउटा जित आवश्यक थियो। त्यो पाएका छौं। यसले नेपाली महिला बास्केटबलको भविष्यलाई बाटो देखाउनेछ।' टिममा राजस्वी शाह, समिक्षीन विष्ट, नोराआशा गुरुङ र शिवा कर्माचार्य थिए।

उता पुरुष बास्केटबल टिमले भने राम्रो नतिजा निकाल्न सकेन। बास्केटबलका तीनवटै खेलमा नेपाल पराजित भयो। पौडी, एथलेटिक्स, टेबलटेनिस र सुटिङमा पनि सम्झलायक प्रदर्शन भएन। पौडीमा ओलम्पिकको अनुभव बटुलेकी करिश्मा कार्कीको प्रदर्शन पनि सम्झनायोग्य रहेन। उनले ५० मिटर फ्रिस्टाइलमा प्रतिस्पर्धा गरेकी थिइन्। उनी हिटबाटै बाहिरिइन्।

करिश्मा पाँचौं राष्ट्रिय खेलकुदमा निकालेको समयभन्दा पछाडि रहिन्। उनले राष्ट्रिय खेलकुदमा ३१:८१ को समय निकालेकी थिइन्। टेबल टेनिसमा प्रतिस्पर्धा गरेका सोनुकुमार गुप्ता र प्रदीप रोकाका लागि सिंगापुर भ्रमण अनुभवमै सिमित रह्यो। उनीहरू क्रमशः श्रीलंका र जापानका खेलाडीसँग पराजित भए। महिला सहभागी एलिना महर्जन र रेजिना देसार पनि सोझो सेटमै पराजित भए।

एथलेटिक्सको प्रदर्शन पनि खराब रह्यो। ट्रिपलजम्पमा प्रतिस्पर्धा गरेका मानसाजन सुनुवार फाइनल प्रतिस्पर्धाका लागि छनौट हुन सकेनन्। सय मिटर पुरुषतर्फ सन्दीप गुरुङले ११.८९ सेकेन्डको समय निकाले। उनी हिटबाटै बाहिरिए। २४ धावकको सहभागिता रहेको स्पर्धामा उनले कतार, भुटान, मंगोलिया, माल्दिभ्स र ओमानका धावकलाई पछाडि छाडे। उनको पछिल्लो प्रदर्शन ११.५४ सेकेन्डको थियो।

महिलातर्फ रमिता चौधरीले आगामी दिनमा राम्रो प्रदर्शन गर्न सक्ने सम्भावना देखाएकी छिन्। नेपालगन्जकी रमिताले हिटमा कतार, बहराइन, कुवेत र पाकिस्तानी प्रतिद्वन्द्वीलाई पछाडि पारेर सार्क स्तरमा राम्रो गर्न सक्ने सम्भावना देखाइन्। उनले १३.६८ सेकेन्डमा दौड पूरा गरिन्। दोस्रो चरणमा पुग्ने खेलाडीले १२ देखि १२.१२ सेकेन्डका दौड पूरा गरेका थिए।

अर्का खेलाडी सिद्धान्त अधिकारी ४ सय मिटर दौडको अघिल्लो चरण पुग्न थोरैले चुके। ४ सय मिटर महिलातर्फ सहभागी मनीषा अधिकारीले हिटको पुछारमा रहेर दौड पूरा गरिन्। जून २९ मा प्रारम्भ भएको यो प्रतियोगितामा चीनको आधिपत्य रह्यो।

## रुविनाको कमाल



उनी सानैदेखि क्रिकेट भनेपछि मरिहत्ते गर्थिन्। आफूजस्ता महिला खेलाडीको अभावमा उनी पुरुषहरूसागै खेल्थिन्। केटाहरूसाग खेलेको भनेर उनलाई धेरैले जिस्क्याउँथे, तर उनी निसंकोच खेलिरहन्थिन्। उनको क्रिकेटप्रतिको लगाव, मेहनत र निरन्तरताले आज मूर्तरूप लिएको छ। मलेसियामा जारी एसीसी महिला २०-२० क्रिकेट प्रतियोगितामा रुविना क्षेत्रीले देखाएको प्रदर्शनले गृहजिल्लावासी मात्र होइन, सम्पूर्ण मुलुकवासीमा हर्ष छाएको छ। उनको प्रगति देखेर सबै चकित छन्।

रुविनाले ब्याट र बल समाएको धेरै भैसक्यो, तर क्लबबाट खेल्न थालेको भर्खरै हो। छोटो समयमा उनले यस्तो खेल देखाउलिन् भनेर सायदै कसैले सोचेको हुनुपर्छ। शनिबारको सिंगापुरको खेलमा उनले तहल्का मच्चाइरहँदा उनको गृहजिल्लामा खुसीको सीमा नाघिसकेको थियो। रुविनाले एकै ओभरमा ५ विकेट लिएर नेपाललाई विजयी बनाउन महत्त्वपूर्ण योगदान दिइन्। अन्तर्राष्ट्रिय क्रिकेटमा हेट्रिक गर्ने पहिलो नेपाली महिला पनि बनिन् उनी।

स्थानीय नर्थप्वाइन्ट बोर्डिङ स्कुलमा १० कक्षामा अध्ययनरत रुविना पढाइमा पनि मेधावी रहेको विद्यालयका प्रिन्सिपल हरि अधिकारी बताउँछन्। रुविना आमा र दाजुसँगै बस्दै आएकी छिन्। सानै हुँदा उनका बुबाको मृत्यु भैसकेको छ। बुबाको नागरिकताको अभावमा झन्डै उनी अन्तर्राष्ट्रिय खेलबाट वञ्चित भएकी थिइन्। नेपाली टिममा छनौट भएपछि राहदानी बनाउँदा जिल्ला प्रशासनको व्यवहारबाट उनले निराश बन्नुपरेको थियो।

जिप्रकाले उनको राहदानी बनाउन मानेन। यद्यपि परराष्ट्र मन्त्रालयबाट राहदानी बनाएपछि उनले मलेसिया जाने अवसर पाइन्। राहदानी बनाउन उनको क्लब मेची क्रिकेट एकेडेमीका अध्यक्ष दीपक कार्की व्यक्तिगत खर्चमा आफैं खटेका थिए। 'हामीले गरेको दुःखको फल प्राप्त भएको छ', रुविनाको प्रगतिबाट हर्षित कार्की भन्छन्- 'उनको प्रगति नै हाम्रो सफलता हो।' दायाँ हाते स्पिनर रुविनाको बलिङ शैली कुनै पुरुष खेलाडीको भन्दा कम छैन। उनको खेल हेर्ने भन्छन्- 'केटाको जस्तो बलिङ गर्छिन्।'

**–पर्वत पोर्तेल**



# फ्लोर तताउने ओपनिङ गिग



तस्बिर सौजन्य : नेपालडिजे डट कम

काठमाडौं– डान्स पार्टीमा भेला भएका युवा-युवतीहरूलाई अत्याधुनिक संगीत छनौट गर्दै नचाउने जिम्मा लिने डिजेहरूको संख्या कति हुन्छ ? सामान्यतया एउटा डान्स पार्टीमा एक अथवा दुई जना डिजे नै पर्याप्त हुन्छन् । गत शनिबार राजधानीको इन्सोमेनिया लाउन्जकमा आयोजना गरिएको डान्स पार्टी 'द ओपनिङ गिग' मा तन्नेरी युवा-युवतीलाई नचाउन आठ जना डिजे सक्रिय देखिन्थे । नेपाल डिजे डट कमले आयोजना गरेको डान्स पार्टीमा डिजे फ्लेक्स, डिजे ब्राम्लिच, डिजे निरल, डिजे ओल्डकिड, डिजे सुके, डिजे निक्स, डिजे बायोनिक तथा डिजे डि.याखखाले पालै–पालो अत्याधुनिक संगीत बजाएर उपस्थित नृत्य पारखीलाई मध्यरातसम्म नचाएका थिए ।

डान्स पार्टी प्रारम्भ हुने समय आठ बजे तोकिएको भए पनि डान्स फ्लोर दस बजेपछि मात्र तातेको थियो । आयोजक नेपाल डिजे डट कमका निर्देशक डिजे डी. याखाका अनुसार यही कार्यक्रम केही समयपछि पोखरा तथा धरानमा पनि गरिँदैछ ।


Learn Computer
51% Discount
Basic Windows
Graphic Designing
Web Page Designing
Accounting
Access Programing
Hardware & Networking
Free English Language
Getway Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu

के तपाईं रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोज्गारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो उद्यमशीलता तालिम
महिला तथा विद्यार्थीहरूकालाई ५०% छुट
Digital Video-Editing & Animation
फोटोग्राफी भिडियोग्राफी
नेपालको नं. 1 Study Center (CTEVT द्वारा सम्बन्धनप्राप्त)
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

Study + Work Visa
UK
Under New Rules
USA + H1B Visa, Australia, Canada & Others
High Visa Success Rate
Best Colleges of your choice
Best Documentation Guidance
Shaping Minds Group
Education Department
Putalisadak-2222605, 4233478

प्राइभेट
Test/ SLC
SLC registrationform भर्ने म्याद
अब ३ दिन बाँकी
Columbia Academy
फोन: ४७८१०६१ ,मोबाइल-९८४१३८७६९७,
नयाँबानेश्वर, शंखमुल झर्ने ओरालोमै

होटल तालिम
Cook / Bakery
Waiter / ess / Bar Tender
Front office/House keeping
Care Giver
विदेश जानेहरुको लागि विशेष कोर्षको व्यवस्था गरिएको छ ।
Manpower Training Center
PACIFIC
Jamal, Kathmandu
4232196

३ महिनामा ४" उचाइ बढाउने
◆केश झर्न तुरुन्तै रोकी उमार्ने
◆१ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
◆जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
◆तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
◆१ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
◆प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
◆ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल
पाटन हस्पीटल अगाडी
Tel :01-5004046
01-5550195
शाखा कार्यालय बनेपा Mo:9841556532

होटल तालीम
छुटमा (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with
Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल)
एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसंगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)

Worldwide Valid Certificate
होटल तालिम
यो छुट सिमित अवधिको लागि मात्र ।
▸ कुक १ १/२ महिना रु. २७००/-
▸ कुक ३ महिना रु. ३७००/-
▸ वेटर र बारमेन रु. १३००/-
१.5 star लेभलको आफ्नै रेष्टुरेन्ट भएको ।
२.थप तालिमको लागि 5 star होटलमा तथा आफ्नै रेष्टुरेन्टमा पनि गराइने व्यवस्था छ ।
३.स्टयान्डर्ड, क्वालिटीको लागि एकपटक आएर बुझ्नुहोला । अनिमात्र भर्ना गर्नुहोला ।
माउण्टेन होटल ट्रेनिङ्ग सेन्टर
चावहिल, गोपीकृष्ण हलको पूर्व गेट संगै
Ph:016212336,9841812055

प्राइभेट
Test/ SLC
विगत ५ वर्ष देखि
१००% नतिजा ल्याउन सफल
यस एकेडेमीमा
☞ भर्खरै SLC फेल भएका
☞ 8 पास तथा 9, Test फेल भएका सबै विद्यार्थीलाई
अन्तिम भर्ना खुल्यो
SLC registration form भर्ने म्याद अब ३ दिन
जि.शि.का. बाट मान्यता प्राप्त
☞ अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने ।
☞ पुस्तकालय र होस्टेलको व्यवस्था ।
सिभिल नेशनल एकेडेमी
नयाँ बानेश्वर चोक
नयाँ बानेश्वर डिपार्टमेन्ट स्टोर अगाडि
फोन: 4780228, 9841381416

- प्राइभेट -
TEST / SLC
■ भर्खरै 9 तथा Test फेलभएका
■ 8,9,Test पास भएका /जागिरे/उमेर नाघेका र अध्ययन निरन्तर गर्न चाहने सबै विधार्थीहरुलाई समेटने गरी
दश कक्षामा भर्ना खुल्यो
●जि.शि.का. र EIA बाट सम्बर्धन प्राप्त
●पुस्तकालय र होस्टेलको व्यवस्था
●अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
100% Result Since 2004.....
सिमित सिटमा फारम बितरण तथा भर्ना प्रकृया धमाधम भइरहेको छ
सम्पर्क
कोलम्बिया एकेडेमी
नयाँ बानेश्वर, संखमुलझर्ने ओरालोको मुखैमा
(कोलम्बस कलेजको ठिक अगाडी)
फोन नं. 4781061,9841387697


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल** ।